ISSN 2676-1459
9 772676 145002

मङ्सिर-माघ २०७८ दर्ता नं. ४११/०७५/७६ मूल्य रु. ३०/-

सञ्चारयोग

हिमवत[illegible]को पुन:जागरण /पुनरुत्थान : अवधारणापत्र

हिमवत्खण्ड मूलप्रवाहीकरण दिवसहरु

पृथ्वीनारायण शाहले देखाउनु भएको बाटो र राज्यराष्ट्र सिद्धान्त

नमिलेको शैक्षिक दौड : कतै मिलाउने कि ?

पृथ्वीनारायण शाह र उनीसँग सम्बद्ध केही तान्त्रिक सन्दर्भहरु

हिमवत्खण्ड महाकाव्य समीक्षा

मेघोत्पति र वर्षा

सहृदय उद्यमशीलताद्वारा सञ्चालित

ॐ वैदिक पूजा भण्डार

पूजा सामग्री होलसेल

धार्मिक पुस्तक तथा मौलिक उत्पादनको पसल

यहाँ पूजाका सबै सामग्रीहरु, धार्मिक पुस्तक, शङ्ख, घण्ट, रुद्राक्ष, मूर्ति, फूल, माला र तामा, चरेस तथा माटाका भाँडाहरु सुपथ मूल्यमा पाइन्छ। साथै, चिना बनाउने, साइत जुराउने, वास्तु तथा ज्योतिष परामर्श, ग्रह शान्ति, यज्ञ आदि कार्यको लागि परामर्श सेवा उपलब्ध छ।

जमल, काठमाडौं। फोन: ९८४००७६९७७

@vedicpasal । Sahridayamahilata@gmail.com

दर्ता नं: ४११/०७५/७६

सञ्चारयोग

त्रैमासिक

वर्ष ३ अङ्क ३ पूर्णाङ्क ११

वि.सं. मङ्सिर - माघ २०७८, पृष्ठ ३२+८

ISSN: 2676-1459, मूल्य ३०।-

प्रकाशक

सञ्चारयोग मिडिया प्रा.लि.

गोकर्णेश्वर-८, काठमाडौं

मुद्रक

डिजिटल प्रिन्टलिङ्क

कमलविनायक-१०, भक्तपुर

फोन : ०१-६६२०५५५

सम्पादक

बलराम प्रजापति

सम्पर्क

इमेल : sancharyoga@gmail.com

फोन : ९८४१७९५०७३

यस अङ्कमा

३ हिमवत्खण्डको पुन:जागरण / पुनरुत्थान : अवधारणापत्र

हिमवत्खण्ड पुनर्जागरण अवधारणाको पृष्ठभूमि ७

११ हिमवत्खण्ड मूलप्रवाहीकरण दिवसहरु

मेघोत्पत्ति र वर्षा २०

२७ नमिलेको शैक्षिक दौड: कतै मिलाउने कि ?

पृथ्वीनारायण शाहले देखाउनु भएको बाटो र राज्यराष्ट्र सिद्धान्त ३०

१३

हिमवत्खण्ड महाकाव्य समीक्षा

सम्पादकीय

पुनर्जागरणलाई निष्कर्षमा पुऱ्याउन आवश्यक प्रतिबद्धता

जरो किलो महाअभियानको सङ्कल्प तथा यसको स्थापना भएपछि नेपालमा पुनर्जागरणको लहर आएको छ । युगद्रष्टा गुरुले सङ्कल्प लिएर स्थापना गर्नुभएको जरो किलो महाअभियानको मुख्य अभिभारा मौलिकताको पुनर्जागरण गराउनु हो । नेपालको अस्तित्व रक्षा गर्ने, नेपालको स्वाधीनता रक्षा गर्ने, नेपालको स्वतन्त्रता रक्षा गर्ने, नेपालको सार्वभौमसत्ता अक्षुण्ण राख्न, यसमा निहित ज्ञान परम्परालालाई खोज्न, खोतल्न अनि नवीन दृष्टिकोणबाट नेपाललाई परिभाषित र व्याख्या गर्ने आधुनिक नेपालका विभिन्न व्यक्तित्वहरुले विभिन्न समयमा महत्वपूर्ण योगदान पुर्याउनु भएको छ । पुनर्जागरणको चेतनासहित उहाँहरुले समयानुकुल योगदान पुऱ्याउनु भयो । युगद्रष्टा गुरुले उहाँहरुले थाल्नुभएको पुनर्जागरणको अभियानलाई निकर्षमा पुऱ्याउन आवश्यक सैद्धान्तिक तथा दार्शानिक आधारहरु अभिनिर्माण गर्नुभएको छ ।

लगभग एक सहश्राब्दि यस भूखण्डमा मौलिकतामा आधारित भएर नवीन खोज अनुसन्धान हुन पाएको छैन । पराई आक्रान्तहरुले यस भेगमा पराई प्रतिमानलाई लाद्न खोजेको इतिहासले बताउँछ । नेपालमा प्रत्यक्ष रुपमा पराई विधर्मीहरुको आधिपत्य नभए पनि पराई व्यवस्थाको अनुसरण र मूलप्रवाहीकरणले मौलिक आधारणा, विचार र अभ्यासहरु पाखा पारिएको यथार्थ छ । यसले निम्त्याएका विकृति र विसङ्गतिहरु अन्त्य गर्ने माटो सहाउँदो व्यवस्था, आफ्नै जरोमा अडेको, आफ्नै किलोमा टेकेको पद्धति र व्यवहारहरुको मूलप्रवाहीकरण अनिवार्य छ । तर चुनौतीहरु धेरै छन् । वैचारिक जालको कारण यहाँको आफ्नो मौलिक कुराहरुमा विश्वस्त हुन सकेका छैनन् । मौलिक आधारणाको आधार के हो त ? यसको महत्ता के छ ? यसको वर्तमानमा सान्दर्भिकता के छ ? भन्ने विषयमा आम जनसाधारणमा यथार्थ कुरा यथायत हुनु अनिवार्य छ ।

यसै सन्दर्भमा युगद्रष्टा गुरुले अघि सार्नुभएको हिमवत्खण्डको पुनर्जागरण र पुरुथानको अवधारणाले मौलिकताको महत्ता, यसको भौगोलिक, पर्यापरणीय, सांस्कृतिक, सामाजिक लगायतका आयाममा रहेको सान्दर्भिकता सँगै यसको अनिवार्यतालाई पनि बेजोड रुपमा उजागर गरेको छ । मौलिक आधारणाले पर्यावरणलाई दिएको महत्व, भौगोलिक विविधताको प्राकृतिक कारण र ती विविधताको सम्वन्ध र सहअस्तित्वलाई पनि यसले प्रकाश पारेको छ । यससँगै अभ्यासमा आएको सामाजिक सांस्कृतिक विविधता र यी विविधतामा रहेको सहृदयताको रहस्य, एकताको आधार, समान जीवन दायीनी स्रोतको बारेमा पनि हिमवत्खण्डको आधारणाले सुस्पष्ट पारेको छ ।

पुनर्जागरणको यो चेतना सचेत पूर्वजहरुको सत्कर्मको उत्तराधिकारको रूपमा प्राप्त भएको हो । नेपालको पुनःएकीकरणको सङ्कल्प लिनुभएर, नेपालको पुनःएकीकरणको शुभारम्भ गर्नुभएर श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले नेपालसँगै पुनर्जागरणको आधार जोगाउनु भयो । विविध व्यक्तित्वहरुको सचेत प्रयासको कारण जीवन्त रहेको हिमवत्खण्डको गौरवलाई जनजनमा पुर्याउन योगी नरहरिनाथले हिमवत्खण्डको प्रकाशन गर्नुभयो । त्यसैगरी युगनिर्माणको चेतनाले ओतप्रोत कविवर भानुभक्त पोखरेलले हिमवत्खण्ड महाकाव्यमार्फत हिमवत्खण्डको भविष्यन्मुखी आवधारणा सम्मको सचेतनाको विकास र विस्तार गर्नुभयो ।

जरो किलो महाअभियान उहाँहरु लागायतका पुनर्जागरणका संवाहकहरुको पदचापलाई पछ्याउँदै, उहाँहरुले कोर्नुभएको मार्गलाई अझ अघि बढाउँदै युग प्रवर्तनको लक्ष्य प्राप्त गर्न दत्तचित्त छ । कतिपय व्यक्ति तथा संस्थाहरु उहाँहरुले देखाउनुभएको, बताउनुभएको वा पुग्नुभएको विन्दुलाईलाई अन्तिम ठानेर गतिशील हुन सकिरहनुभएको छैन । तर जरो किलो महाअभियान स्थितिगत्यात्मक प्रगतिवादी महाअभियान हो । पूर्वजले दिगदर्शन गराएको मार्ग नविराई पहिल्याउने र त्यसलाई गन्तव्य उन्मुख लक्ष्यप्राप्तिको लागि गतिमान छ । महान् आत्माहरुको पहलकदमी र योगदानलाई प्रेरक मानेर पुनर्जागरणको सङ्कथनलाई निष्कर्षमा पुर्याउन युगद्रष्टा गुरुले दर्शन, तथा सिद्धान्तहरुको प्रतिपादन गर्नुभयो । सहृदयता दर्शन, राज्यराष्ट्र सिद्धान्त, आधारशिला चतुष्टय, स्थितिगत्यात्मक प्रगतिवाद, सहृदयता अर्थतन्त्रले पुनर्जागरणको मार्गलाई सुनिश्चित लक्ष्यतर्फ उन्मुख बनाएको छ ।

यसले एकतर्फ जरो किलो महाअभियानलाई मौलिकताको कुरा गर्ने तर वैचारिक जालमा परेर पराइ प्रतिमानको प्यादा हुनबाट बचाएको छ । त्यसैगरी हिजोको सन्दर्भको पुनर्जागरणको चेतना सहित सत्कर्म गर्नुभएका महान आत्माहरुको कार्यमा पूर्णविराम लगाएर, हिजोका उपलब्धीहरुलाई भजाउने मात्र गर्नाले हिजोवादी बन्ने अवस्था आउन सक्थ्यो त्यसबाट पनि यसले बचाएको छ । पुनर्जागरणको सङ्कथनलाई थप एक कदम अगाडि बढाउनु हुँदै युगद्रष्टबाट हिमवत्खण्डको पुनर्जागरणको अवधारणा आएको छ । अब नेपाललाई केन्द्रमा राखेर नेपालसँगै सकल हिमवत्खण्डकै दिगो विकास र सहअस्तित्व, सहृदयता र समृद्धिको लागि आवश्य हिमवत्खण्डको पुनर्जागरणको लागि यस क्षेत्रका निवसीहरुको सामूहिक र एकतावद्ध पहल र प्रतिबद्धता आवश्यक छ ।

हिमवत्खण्डको पुन:जागरण / पुनरुत्थान : अवधारणापत्र

✍डा. निर्मलमणि अधिकारी,
सङ्कल्पकर्ता, जरोकिलो महाअभियान

१. पृष्ठभूमि

हिमालय शृङ्खलाले र हिमालयवाट नि:सृत नदीहरूका प्रस्रवण क्षेत्रले ओगटेका भूभाग (हिमवत्खण्ड) अति प्राचीन कालदेखि विविध सभ्यता, संस्कृति, परम्परा आदिको केन्द्र रहिआएको छ । अद्यापि हिमालय धेरै जातीय समूहहरू, समुदायहरू एवं धर्मावलम्वीहरूको आस्था तथा आकर्षणको केन्द्र रहेको छ । हिमालयपालित भूभागका वासिन्दाहरूका लागि हिमालय एवं हिमालयवाट नि:सृत नदीहरू मानव र मानवेतर प्राणीहरूका जीवनाधार हुन् । अन्यत्रका वासिन्दाहरू पनि प्रत्यक्ष वा परोक्ष रूपमा हिमालय, हिमालयवाट नि:सृत नदीहरू, हिमालयपालित भूभाग, यस भूभागमा रहेको जैविक विविधता आदिप्रति सरोकार राख्छन् वा आकर्षित छन् । विश्वको सर्वोच्च शिखर र अनेकौं उच्च शिखरहरूका कारणले हिमालय क्षेत्र संसारकै उच्चताको द्योतक मानिएको छ ।

एकातिर हिमवत्खण्डको समृद्ध एवं गौरवशाली विगत देखिन्छ भने अर्कोतिर वर्तमानकालमा विश्वव्यापी उष्णता (ग्लोबल वार्मिङ) र प्रदूषणमा वृद्धिका कारणले संसारमा वढ्दै गरेको पर्यावरणीय सङ्कटसँगै हिमालय र यसका काखमा रहेका भूभागमा अनपेक्षित समस्याहरू वढेका छन् । यहाँको जनजीवनमा दिन-प्रतिदिन प्रतिकूलता वढ्दो रहेको विगत केही दशकदेखि नै अनुभव भएको छ । साथै, वैश्विक संरचनामा आइरहेको परिवर्तनसँगै हिमालय क्षेत्रमा अभूतपूर्व द्वन्द्वको सम्भावना वढेको छ । प्राकृतिक र मानव संसाधनको प्रचुरताले अपार सम्भावना रहेको हिमवत्खण्डमा आन्तरिक र वाह्य कारणहरूले पैदा भएको आसन्न चुनौती वहुंआयामिक रहेको छ ।

हिमालयसँग पूर्णत: वा आंशिक सम्वद्धता रहेका नेपाल, भूटान, भारत, तिव्वत (चीन), पाकिस्तान, अफगानिस्तान र वाङ्ग्लादेशका वासिन्दाहरूले वर्तमान वा आसन्न सङ्कटहरूका परिप्रेक्ष्यमा हिमवत्खण्ड केन्द्रित चिन्तन, विमर्श एवं क्रियाकलापहरूलाई प्राथमिकतामा राख्नु आवश्यक देखिएको छ । हिमवत्खण्डको मौलिक धर्म, संस्कृति, भौगोलिकता, जैविकता, वाङ्मय आदिको अनुसन्धान, संरक्षण, संवर्धन एवं प्रवर्धनका लागि विशेष पहल, पैरवी एवं गतिविधि गर्नुपर्ने आवश्यकता देखिन्छ । साथसाथै प्रकृतिसँग तादात्म्य राख्ने, पर्यावरण मैत्री एवं पारिस्थितिक प्रणाली सापेक्ष विकासको अवधारणा र अवलम्वनको मूलप्रवाहीकरणका लागि पनि सम्पूर्ण हिमवत्खण्डव्यापी अग्रसरता वाञ्छनीय हो ।

२. हिमवत्खण्ड वाङ्मय र नेपाल

हिमवत्खण्डका मौलिक धर्म, संस्कृति र साहित्यमा हिमालयको विशिष्ट स्थान देख्न सकिन्छ। हिमालयको उल्लेख वेद (ऋग्वेद १०.१२१.४, शुक्ल यजुर्वेद २४.३०, २५.१२) र मुन्धुममा पनि पाइन्छ । इतिहासपुराणादि ग्रन्थहरूका साथसाथै आगम ग्रन्थहरूमा पनि हिमालयको भौगोलिक, सांस्कृतिक, धार्मिक वा अन्य परिप्रेक्ष्यमा प्रशस्त उल्लेख / चर्चा गरिएको छ । वेदव्यास रचित मानिने स्कन्द पुराणको हिमवत्खण्ड त हिमालयपालित भूभागको महिमा उजागर गर्ने अद्वितीय ग्रन्थ हो। संस्कृत काव्यमा हिमालयलाई पर्वतहरूको राजा (नगाधिराज) भनिएको छ (कालिदासकृत कुमारसम्भव १.१) ।

हिमवत्खण्डभित्र पर्ने सबै देशका वासिन्दाहरूमा हिमालय, हिमालयवाट नि:सृत नदीहरू, हिमालयपालित भूभाग, यस भूभागमा रहेको जैविक विविधता आदिप्रति प्रत्यक्ष सरोकार रहनु स्वाभाविकै भए तापनि नेपालमा उपर्युक्त सरोकारका साथसाथै आस्था एवं संस्कृतिको अनुपम परम्परा जीवन्त छ । हिमवत्खण्डलाई भौगोलिक एकाइमा मात्र सीमित नराखी हिमवत्खण्ड वाङ्मयको समृद्ध परम्परामार्फत यहाँ आधिभौतिक, आधिदैविक एवं आध्यात्मिक चिन्तन पनि गरिँदै आएको छ । हिमवत्खण्ड ग्रन्थ स्वयं वेदव्यासवाट लिखित मान्ने जनविश्वासले उक्त ग्रन्थ ५ हजार वर्ष पुरानो भन्ने दावी गर्छ । प्रामाणिक शिलालेख र पुस्तकका पाण्डुलिपिका आधारमा मात्रै हेर्दा पनि कम्तीमा ४ सय वर्षदेखि हिमवत्खण्ड ग्रन्थ नेपालमा सार्वजनिक सङ्कथनमा देखिन्छ । काठमाडौंमा पशुपतिनाथ मन्दिरमा हुने एउटा विशेष पूजामा नौजनाले हिमवत्खण्डको पाठ गर्नुपर्ने विधि रहेको ऐतिहासिक प्रमाणले यो ग्रन्थको प्रभावलाई थप उजागर गर्छ ।

श्रद्धेय योगी नरहरिनाथद्वारा वि.सं. २०१३ मा हिमवत्खण्ड (नेपाली अनुवादसहित) को प्रकाशन

तथा प्रचार प्रसार गरिएपछि नेपालमा हिमवत्खण्ड सचेतनाको नयाँ युग आरम्भ भयो । उक्त ग्रन्थको प्रा.डा. वेणीमाधव ढकालद्वारा सम्पादित संस्करण वि.सं. २०७५ मा प्रकाशित भएपछि हिमवत्खण्ड सङ्कथनको थप विस्तार भएको छ । कविवर भानुभक्त पोखरेलको वि.सं. २०६४ मा प्रकाशित हिमवत्खण्ड महाकाव्यले वैदिक कथानकमा वर्तमान-युगीन र भविष्योन्मुख दिशानिर्देशन गरेको छ ।

३. हिमवत्खण्डको सीमाङ्कन

हिमवत्खण्ड भन्नाले साधारणतया हिमालय शृङ्खलाले र हिमालयवाट निःसृत नदीहरूका प्रस्रवण क्षेत्रले ओगटेका भूभागको समष्टि भन्ने बुझिन्छ । यसलाई "सपादलक्षशिखरिणीप्रदेश" अर्थात् सवालाख पर्वतमालाहरू समावेश रहेको भूखण्ड पनि भनिन्छ । कालिदासकृत कुमारसम्भवको साक्ष्य लिने हो भने पूर्व र पश्चिम दुवै दिशाका समुद्रहरू छुने विस्तृत हिमालय देखिन्छ । भौगोलिक हिसावले हिमालय शृङ्खला करिव २ हजार ५ सय किलोमिटर पूर्व-पश्चिम लमतन्न फैलिएको छ । करिव ६ लाख वर्ग किलोमिटर भूभाग प्रत्यक्ष हिमालय क्षेत्र देखिन्छ । हिमालयको भूभागका तुलनामा हिमवत्खण्डको विस्तृति थप धेरै हुन्छ किनभने यो हिमालयका साथै हिमालयपालित भूखण्डको पनि समष्टि हो । हिमवत्खण्ड पुनःजागरण / पुनरुत्थानका क्रियाकलापमा वृहत्तर हिमवत्खण्डलाई ध्यान दिनु समीचीन हुन्छ ।

पौराणिक हिमवत्खण्ड ग्रन्थमा कैलाश मानसरोवरका पूर्व-पश्चिमवाट निःसृत ब्रह्मपुत्र र सिन्धु नदीका मध्यवर्ती भूभागको विशेष वर्णन देखिन्छ । योगी नरहरिनाथले हिमवत्खण्ड भनेर सिन्धुप्रदेशदेखि ब्रह्मपुत्रसम्म फैलिएको र मानस आदि विशिष्ट सरोवरहरू समन्वित भूखण्डलाई महत्त्व दिनुभएको देखिन्छ ("आसिन्धु-ब्रह्मपुत्रान्त-मानसादि समन्वितः । अखण्डहिमवत्खण्डः सङ्क्षेपात् परिचीयताम् ॥") । कविवर भानुभक्त पोखरेलले पूर्वमा आसामदेखि पश्चिममा कश्मीरसम्म र उत्तरमा मानसरोवर एवं कैलाशदेखि दक्षिणमा सम्पूर्ण गङ्गा प्रस्रवण क्षेत्रसम्म समावेश गरी हिमवत्खण्डको समुद्रसँगको सम्वद्धतालाई पनि जोड दिनुभएको छ ।

हिमालय र यसवाट निःसृत नदीहरूका प्रस्रवण क्षेत्रलाई समेत विचार गर्दा वृहत्तर हिमवत्खण्डमा वर्तमान नेपाल, भूटान, भारत, तिव्वत (चीन), पाकिस्तान, अफगानिस्तान र वाङ्ग्लादेशका सरहदमा पर्ने भूभाग पूरै वा आंशिक समावेश हुन्छन् । हिमवत्खण्ड पुनःजागरण / पुनरुत्थानको महाअभियानमा अन्ततोगत्वा उपर्युक्त सम्पूर्ण भूभागलाई समावेश गर्ने र तत्काल चाहिँ पूर्वमा आसामदेखि पश्चिममा सिन्धुक्षेत्रसम्म र उत्तरमा मानसरोवर एवं कैलाशदेखि दक्षिणमा सम्पूर्ण गङ्गा प्रस्रवण क्षेत्रसम्म केन्द्रित रहने हाम्रो नीति रहेको छ । यसरी कामाख्या क्षेत्र, वाराह क्षेत्र, पाशुपत क्षेत्र एवं नेपालमण्डल, हरिहर क्षेत्र, मुक्ति क्षेत्र, मानस क्षेत्र, वद्री क्षेत्र, केदार क्षेत्र, कश्यप क्षेत्र (कश्मीर) एवं सिन्धु क्षेत्रमा विविध क्रियाकलाप गरिनेछ । ब्रह्मपुत्र, सप्तकोशी, सप्तगण्डकी, कर्णाली-महाकाली, भागीरथी गङ्गा, सिन्धु लगायतका नदीहरूको प्रस्रवण क्षेत्र हालको लागि प्राथमिकतामा राखिएको छ । हिमवत्खण्डको पुनःजागरण / पुनरुत्थानको यो महाअभियानको केन्द्र नेपाल मानिएको छ ।

४. उद्देश्यहरू

(क) हिमवत्खण्डका मौलिक रैथाने धर्म, संस्कृति, भाषा, वाङ्मय, दर्शनशास्त्र, सिद्धान्त, परम्परा, विद्या, योग, आयुर्वेद एवं भैषज्य, तन्त्र, कला, रीतिरिवाज, शिल्प, सीप, स्थापत्य, वस्त्राभूषण, भौतिक र अभौतिक सम्पदा आदिको संरक्षण, संवर्धन र प्रवर्धनका लागि आवश्यक विविध क्रियाकलाप गर्ने / गराउने ।

(ख) हिमवत्खण्डका प्रागैतिहासिक, ऐतिहासिक, सभ्यतागत, सांस्कृतिक, सामाजिक, भौगोलिक, जैविक, पारिस्थितिक प्रणालीगत तथा अन्य विभिन्न आयामहरूबारे अनुसन्धान, प्रकाशन तथा प्रसारण गर्ने / गराउने ।

(ग) प्रकृतिसँग तादात्म्य राख्ने, पर्यावरण मैत्री एवं पारिस्थितिक प्रणाली सापेक्ष विकासको अवधारणा र अवलम्वनको मूलप्रवाहीकरणका लागि अनुसन्धान, पैरवी, प्रकाशन तथा प्रसारण र अन्य आवश्यक विविध क्रियाकलाप गर्ने / गराउने ।

(घ) हिमवत्खण्डमा रहेको वैविध्यलाई सहृदयता दर्शन अनुसार सामञ्जस्यका लागि आवश्यक क्रियाकलाप गर्ने / गराउने ।

(ङ) हिमवत्खण्डमा अवस्थित देशहरूका सरकारहरू, विभिन्न प्रकारका संस्थाहरू र सर्वसाधारणमा हिमवत्खण्ड सचेतना अभिवृद्धि गराउन एवं समन्वय, सहकार्य र सामञ्जस्यका लागि पहल र पैरवी गर्ने / गराउने ।

५. विशेष दिनहरू

(क) प्रत्येक वर्ष पुस २७ गते श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहदेवको जन्म जयन्तीको दिनमा हिमवत्खण्ड पुनर्जागरण दिवस ।

(ख) प्रत्येक वर्ष फागुन १७ गते योगी नरहरिनाथ जयन्तीको दिनमा हिमवत्खण्ड गौरव दिवस ।

(ग) प्रत्येक वर्ष असोज ८ गते कविवर भानुभक्त पोखरेल जयन्तीको दिनमा हिमवत्खण्ड सचेतना दिवस ।

अवधारणापत्र सार्वजनिक गरिएको मिति – २०७८ पुस २४ गते शनिवार ।

स्थान– जरोकिलो महाअभियानको कार्यालय, जमल, काठमाडौँ ।

हिमवत्खण्ड पुनर्जागरणको अवधारणा सार्वजनिक

काठमाडौं । युगद्रष्टा डा. निर्मलमणि अधिकारीले हिमवत्खण्ड पुनर्जागरणको अवधारणा सार्वजनिक गर्नुभएको छ । जरो किलो महाअभियानले जरो किलो प्रतिष्ठान नेपालसँगै रहेको युगनिर्माण महिला समाज नेपालको सभाकक्ष, जमलमा पुस २४ गते आयोजित सत्सङ्गमा डा. अधिकारीले उक्त अवधारणा पत्र सार्वजनिक गर्नुभएको हो ।

नेपाललाई अग्रणी वनाउने नेपालसहित यसको सेरोफेरोको पनि पुनर्जागरण र पुनरुथान हुनु पर्नेमा जोड दिनु हुँदै समग्र हिमवत्खण्डको पुनर्जागरण आवश्यक भएकोमा डा. अधिकारीले जोड दिनुभयो ।

हिमाल र हिमालवाट वगेका नदीहरूको प्रस्रवण क्षेत्र हिमवत्खण्डको संस्कृतिक भूखण्ड हो । हिमवत्खण्डको मौलिक धर्म, संस्कृति, भौगोलिकता, जैविकता, वाङ्मय आदिको अनुसन्धान, संरक्षण, संवर्धन एवं प्रवर्धनका लागि विशेष पहल, पैरवी एवं गतिविधि गर्नुपर्ने आवश्यकता देखिएको अवधारणा पत्रमा उल्लेख छ ।

हिमवतखण्डलाई भौगोलिक एकाईमा मात्र सीमित नराखी हिमवत्खण्ड वाङ्मयको समृद्ध परम्परामार्फत यहाँ आधिभौतिक, आधिदैविक एवं आध्यात्मिक चिन्तन पनि गरिँदै आएको उल्लेख गर्दै अवधारणा पत्रमा योगी नरहरी नाथदेखि कविवर भानुभक्तपोखरेलले हिमवत्खण्ड वाङ्मयको सचेतना सञ्चार गर्नुभएको डा. अधिकारीले प्रस्तुत गर्नुभएको अवधारणा पत्रमा उल्लेख गरिएको छ ।

नेपाल केन्द्र रहेर हिमालय र यसवाट निःसृत नदीहरूका प्रस्रवण क्षेत्रलाई समेत विचार गर्दा वृहत्तर हिमवत्खण्डमा वर्तमान नेपाल, भूटान, भारत, तिब्वत (चीन), पाकिस्तान, अफगानिस्तान र वाङ्गलादेशका सरहदमा पर्ने भूभाग पूरै वा आंशिक समावेश हुने अवधारणा पत्रमा उल्लेख छ ।

अवधारणा पत्रमा हिमवत्खण्डको पुनर्जागरणमार्फत यस भूखण्डका अवसर र चुनौतीहरूको अनुसन्धान गरी यसको समाधानका उपायहरू अवलम्वन र मूलप्रवाहीकरण गर्ने उद्देश्य राखिएको छ ।

अवधारणा पत्रमा प्रत्येक वर्ष पुस २७ गते श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहदेवको जन्म जयन्तीको दिनमा हिमवत्खण्ड पुनर्जागरण दिवस, प्रत्येक वर्ष फागुन १७ गते योगी नरहरिनाथ जयन्तीको दिनमा हिमवत्खण्ड गौरव दिवस र प्रत्येक वर्ष असोज ८ गते कविवर भानुभक्त पोखरेल जयन्तीको दिनमा हिमवत्खण्ड सचेतना दिवस मनाउन आह्वान गरिएको छ ।

सत्सङ्गमा जरो किलो महाअभियानका संस्थापक उपाध्यक्ष डा. गोविन्दशरण उपाध्यायले छिमेकवाट हिमवत्खण्डको सङ्कथनलाई दवाउन खोजिएपनि योगी नरहरीनाथको सत्प्रयासमा हिमवत्खण्डको गौरव नेपाली जनजनमा पुगेको वताउनुभयो । ऋषिमुनिका तपोभूमि र ज्ञान भूमि हुनुका साथै संसारमा पर्यावरणीय परिवर्तनको कारण आएको तपमान वृद्धिजस्ता चुनौती कारणमा हिमाली क्षेत्र र यसवाट पालितपोषित प्रस्रवण क्षेत्रका जनताको एकतावद्ध प्रयास हुनु आवश्यक भएको वताउनु भयो ।

सहृदयता समाज नेपालका अध्यक्ष तिलकप्रसाद लुइटेलले हिमाल तथा हिमवत्खण्डको वारेमा कालिदासकृत कुमारसम्भवमा विस्तृतमा व्याख्या भएको वताउनुभएको छ । कुमारसम्भमा हिमाल सम्पूर्ण पृथ्वीको नापो हुनुका साथै यसको विविध महत्ता परिचर्चा गरिएको वताउनुभयो ।. कुमारसम्भवमा हिमवत्खण्डको पर्यावरण त्यहाँको जैविक अस्तित्व त्यहाँको सांस्कृतिक अस्तित्व यहाँको जनजिविकाको वारेमा सविस्तार चर्चा गरिएको वताउनुभयो र मेघदूतमा नेपालको वारेमा सविस्तार चर्चा रहेको पनि आचार्य तिलक लुईटेलले वताउनुभयो ।

हिमवत्खण्डको ग्रन्थ सम्पादन गरी प्रा.डा. वेणीमाधव ढकालजीले प्रकाशनमा ल्याउनु भएको छ। यसका लागि उहाँलाई कोटी कोटी धन्यवाद ज्ञापन गर्नुहुँदै आचार्य तिलक होटेलले हिमवत्खण्डको सविस्तार चर्चासहित नवीन तरिकाले यसको प्रकाशनमा आफूसहितको समूह सक्रिय रहेको जानकारी पनि गराउनु भयो । परापूर्वकालदेखि स्थापित रहेको ज्ञान हाम्रो पहिचान हुनुका साथसाथै हाम्रा मार्गनिर्देशक पनि हुन् । तिनमा निहित ज्ञान परम्परा ले हाम्रो परिचय बोक्नुका साथै हाम्रो परिवेशमा हाम्रो धरातलमा हामीलाई मार्गनिर्देश गर्न पनि सहयोग गर्ने पनि उहाँले बताउनुभयो ।

सत्सङ्गमा सनातन धर्ममहासङ्घका उपमहासचिव श्यामकृष्ण सवेदी, अखिल नेपाली युवा सङ्घका संयोजक प्रवीण बस्नेत, युगनिर्माण महिला समाज नेपालका अध्यक्ष समिना मिश्र । नागरिक फउण्डेशनका अध्यक्ष अरुण पौडेल, सनातन धर्म महासङ्घका अर्चना झा, मौलिक जरोकिलो पार्टीका रामकृष्ण परियार, युग निर्माण महिला समाज नेपालका उपाध्यक्ष चाँदनी वि.क., सहृदय उद्यमशीलताका अध्यक्ष जोनसन थापा, प्रगतिवादी युवा समाज नेपालका अध्यक्ष टेकराज कोइराला, अखिल नेपाली विद्यार्थी सङ्घका केन्द्रीय सचिव तुषार अधिकारी, सञ्चारयोग मिडियाका अध्यक्ष नुमनाथ प्याकुरेल, मौलिक जरोकिलो पार्टीका वाग्मति प्रदेश संयोजक नारायण अधिकारी, सनातन धर्म महासङ्घका सुदिप काफ्ले, अखिल नेपाली विद्यार्थी सङ्घका केन्द्रीय संयोजक भुवन खत्री, मौलिक जरोकिलो पार्टीका केन्द्रीय उपमहासचिव लक्ष्मण पोखरेल, युगनिर्माण महिला समाज नेपालका सचिव मिश्रदेवी कार्की र जरो किलो प्रतिष्ठान नेपालका अध्यक्ष बलराम प्रजापतिले व्यक्तिगत साथ संस्थागत रूपमा हिमवत्खण्डको पुनर्जागरणको अवधारणामा प्रतिवद्धता जनाउनुका साथै यसको संस्थानीकरणमा योगदान गर्ने बताउनुभयो ।

नमूना जनमत सङ्ग्रहको नतिजा सार्वजनिक

काठमाडौं । श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहलाई नेपाल एकीकरणका महानायकका साथै हिमवत्खण्ड पुर्जागरणका संवाहकका रूपमा सम्मान गर्दै मौलिक जरोकिलो पार्टी नेपालको मुद्रामा उहाँको तस्वीर अङ्कित गर्ने विषयमा गरेको नमूना जनमत सङ्ग्रहको नतिजा सार्वजनिक गरेको छ ।

बडा महाराजधिराजको तस्वीर नेपाली मुद्रामा अङ्कित गर्ने प्रस्तावमा सहमत छ वा छैन भन्ने सवालमा गरिएको उक्त नमूना जनमत सङ्ग्रहमा ९८.७८% प्रतिशतले श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहको तस्वीर नेपाली मुद्रामा राख्नुपर्छ भन्ने पक्षमा मतदान गरेका छन् ।

पार्टीका उपाध्यक्ष बलराम प्रजापतिले ३०० औं पृथ्वी जयन्ती, राष्ट्रिय एकता दिवस तथा पहिलो हिमवत्खण्ड पुनर्जागरण दिवसको अवसरमा गोरखा जिल्लामा आयोजित कार्यक्रममा नमूना जनमत सङ्ग्रहको नतिजा सार्वजनिक गरेका हुन् ।

त्यस्तै कैलालीको टिकापुरमा आयोजित कार्यक्रममा पार्टीका अध्यक्ष सुशील गौतमले नेपाललाई केन्द्र बनाएर सारा हिमवत्खण्डकै पुनर्जागरणको नेतृत्व गर्नुभएका पृथ्वीनारायण शाहको कदर स्वरूप नेपालको मुद्रामा उहाँको तस्वीर राख्न यस वर्षभरी विभिन्न दवावमुलक कार्यक्रमहरूको आयोजना गर्ने जानकारी दिए ।

मुलुकका विभिन्न स्थानहरूमा आयोजित नमुना जनमत सङ्ग्रहमा जम्मा २०२२४ वटा मत खसेको र त्यस मध्यवाट १.२१% प्रतिशत मत पृथ्वीनारायण शाहको तस्वीर नेपाली मुद्रामा राख्ने प्रस्तावको विपक्षमा आएको र १२६ वटा मत भने बदर भएको कुरा पार्टीले जारी गरेका प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ ।

हिमवत्खण्ड पुनर्जागरण अवधारणाको पृष्ठभूमि

जरो किलो महाअभियानले अघि सार्दै आएको पुनर्जागरणको अवधारणालाई थप परिपुष्ट पार्नुहुँदै युगद्रष्टा डा. निर्मलमणि अधिकारीले हिमवत्खण्ड पुनर्जागरणको अवधारणा प्रस्तुत गर्नुभएको छ । नेपाललाई केन्द्रमा राखेर समग्र हिमवत्खण्ड पुनर्जागरणको अवधारणा प्रस्तुत गर्नुहुँदै युगद्रष्टा गुरुले यसको पृष्ठभूमिको बारे पनि चर्चा गर्नुभयो । उहाँले प्रस्तुत गर्नु भएको हिमवत्खण्ड पुनर्जागरण अवधारणाको पृष्ठभूमि, यसको सान्दर्भिकता र यसको अनिवार्यता बारेको मन्तव्यको सार :

जरो किलो महाअभियानले राष्ट्रोदयको लागि विविध गतिविधिहरू गर्दै आइरहेका छन् । विभिन्न विधामा, विभिन्न विशिष्टिकृत संस्थाहरूले विशिष्टीकृत नेतृत्वमा विविध कामहरू भइरहेका छन् । मौलिकताको पुनर्जागरण गराई नयाँ प्रतिमान स्थापनाको लागि हामीले स्थापनाकालदेखि वताउँदै आएजस्तै वृहत्तर क्षेत्रमा हामीले कार्यहरू गर्नुपर्नेछ । र अब एउटा थप कार्य गर्ने वेला आएको छ। आजवाट एउटा विशेष कार्यको थालनी गर्न गईरहेका छौं । यसको औपचारिक प्रारम्भ यही पुस २७ गते पृथ्वी जयन्ती एवं राष्ट्रिय एकता दिवसको दिनमा हुनेछ । त्यसदिन के गरिँदैछ भन्ने पूर्व तयारीको लागि, पूर्व जानकारीको लागि त्योभन्दा पहिले नै प्रस्तुत गर्नु उपयुक्त देखेर आज त्योसँग सम्वन्धित अवधारणा हामी प्रस्तुत गर्दैछौं। विक्रम सम्वत् २०७२ सालमा हामीले जरो किलो महाअभियानको सङ्कल्प लिई त्यसै साल स्थापना गरि सक्दा खेरी केही आधारभूत कुराहरू अगाडि सारेकाछौं । त्यसका लागि आवश्यक विभिन्न संरचनाहरू पनि वनाएकाछौं । त्यसका लागि आवश्यक साहित्य, त्यसका लागि आवश्यक दर्शन, सिद्धान्त तथा क्रियाकलाप हो विविध माध्यमद्वारा हामी अघि वढिरहेकाछौं ।

नेपाल के हो ? नेपाल कस्तो अवस्थामा छ ? यो कुराको परिभाषाले वर्तमान कालमा के गर्नुपर्ने हो ? र अब भविष्यमा के गर्ने हो भन्ने कार्यभार निर्धारण गर्दछ । नेपालमा एकखाले मानिसहरूले धेरै लामो समयसम्म नेपाल कस्तो समाज हो ? भन्ने विश्लेषण गर्न मै अल्मलिएको देखियो । यो अर्धऔपनिवेशिक हो कि ? अर्धसामन्ती हो कि ? यहाँ पूँजीवादी क्रान्ति भयो कि भएन ? अवको कार्यभार के हो ? भन्नेमा धेरै माथापच्ची गरे । र लामो समयसम्म उनीहरूका जडसूत्रवादी दस्तावेजहरूमा नेपाल भनेको अर्धऔपनिवेशिक, अर्धसामन्ती समाज हो भन्ने कुरा वारम्वार लेखिरह्यो । यहाँसम्मकी २००७ साललाई क्रान्तिको भन्ने हो कि ? त्यसलाई आन्दोलन भन्ने हो कि ? भन्ने मै यहाँ विभिन्न पार्टीहरूका एकअर्कामा आरोप प्रत्यारोपमा छन्, उछिनपाछिन तछाडमछाडमा छन् । त्यति कुराको लागि धेरै दस्तावेजहरू लेखिएको देख्यौं । हाम्रा दृष्टिवाट हेर्दा खेरिमा नेपाली समाजको अहिलेको प्रवृत्ति र यसका विशेषता केलाउँदा, अहिले मानिसहरूका जुन आकांक्षा छन्, यी सवै कुराहरूको विश्लेषण गरेर हामी के निष्कर्षमा पुग्यौं भने नेपाल अहिले पुनर्जागरण युगमा छ । यस मानेमा अन्य भन्दा हामी धेरै फरक देखियौं । हामी मौलिक देख्यौं । हामीले अघि सारेको पुनर्जागरणको अवधारणा, पुनर्जागरणमा आधारित आधुनिकता र आधुनिकतासहितको पुनर्जागरण हो । यसले हाम्रो स्थितिगत्यात्मक प्रगतिवादी सोच जुन हो, जुन चिन्तन हो, जुन पद्धति हो त्यो पद्धतिलाई नै सार्थक पार्यो । अहिले पछिल्लो चरणमा आएर जसले नेपाललाई अर्धऔपनिवेशिक र अर्धसामन्ती समाज भनेका थिए, उनीहरूमध्ये केहीले होइन यो त आफ्नै खालको पूँजीवादी क्रान्ति भयो तर यो चाहिँ दलाल पूँजीवादीतन्त्र वनेको हुनाले अव समाजवाद उन्मुख नयाँ क्रान्ति हुनुपर्छ भनेर उनीहरूलाई लागिरहेका छन् । हामीले हेर्दा समाजवाद भनेको एउटा अवाञ्छित मताग्रह हो, वैचारिक जाल हो । नेपाललाई समाजवादको भ्रम जालमा अल्मल्याउनु हुँदैन नेपाललाई नेपालको मौलिकतामा आधारित गराएर अगाडि वढाउनुपर्छ भन्ने कुरा हामीले अगाडि ल्याएका छौं । स्पष्टतः यो फरक विचार धाराहरूको सङ्घर्ष, फरक विचारधाराहरूको प्रतिस्पर्धाको रूपमा रहेको छ ।

राजनीतिक पार्टीको कुरा गर्‍यौं भने पनि डेढ सयभन्दा वढी छन्। अरु विभिन्न सङ्घसंस्थाहरू पनि छन् यहाँ त एनजीओदेखि आइएनजीओको ठूलो साम्राज्य छ । उनीहरूको साम्यता, उनीहरूका बीचमा रहेको समानता के हो भने उनीहरू सवैले नेपालको विकास गराउने कुरामा पराइ स्रोतवाट आएका विचारधारा, पराईको स्रोतवाट आएका विकास ढाँचा, पराइ स्रोतवाट आएका प्रतिमानलाई नै मानेर अगाडि वढ्नुपर्छ नत्र नेपालको भविष्य सुनौलो छैन भन्ने मान्यता रहेको छ । हाम्रो मान्यतामा नेपाल स्थितिगत्यात्मक तरिकावाट अगाडि वढ्नुपर्छ । हाम्रो परम्परामा, हाम्रो इतिहासमा, हाम्रो सभ्यतामा, यहाँको संसाधनमा प्रतिमानका रूपमा रहेका प्रशस्त अवधारणाहरू छन् । अहिले समय, देश, काल परिस्थितिले आएको परिवर्तन अनुसार ती प्रतिमानलाई लिनको लागि हामीले विज्ञानको बुद्धि

र प्रविधिको प्रगतिलाई आधारशिला चतुष्टयमै समावेश गर्‍यौं । त्यसकारण पुनर्जागरणमा आधारित आधुनिकता र आधुनिकतासहितको पुनर्जागरणमा जानुपर्छ भन्ने कुरालाई हामीले प्राथमिकतामा राख्यौं । प्रारम्भदेखि नै हामीले बारम्वार भनिरहेको हो, वैश्विक संरचनामा नयाँ प्रकारको परिवर्तन भएको छ । त्यो कुरालाई महत्त्व दिनुपर्छ र नेपाललाई क्रमिक रूपमा नेपालभित्रैको समस्या समाधान गर्ने कुरो वडो महत्त्वपूर्ण छँदैछ तर अन्ततोगत्वा भनेको नेपाललाई विश्वकै अग्रणी र केन्द्र बनाउनुपर्छ । स्थापना सम्मेलनको उद्घाटन सत्रमा व्यक्त गरिएको मन्तव्य जुन अहिले पनि युट्युवमा पनि छ । पुस्तकका रूपमा पनि प्रकाशित भइसकेको छ । त्यसमा हेर्‍यौं भने त्यहाँ स्पष्ट त्यतिवेलै यो कुरा भनिएको छ । त्यहीअनुसारवाट हामीले क्रमिक रूपमा कार्य गर्‍यौं । पुनर्जागरणको विशेषता के हो भने पुनर्जागरण गर्नको लागि त्यो अविच्छिन्नता त चाहिन्छ नै सँगसँगै भविष्यमा के गर्ने भन्ने कुराको पनि एउटा स्पष्ट रूपरेखा, मार्गचित्र पनि आवश्यक पर्छ जुन हामीसँग छ । अर्को विशेषता यदि कुनै ठाउँमा पुनर्जागरण हुने हो भने त्यसको संस्थानीकरण आवश्यक हुन्छ । संथानीकरण विचारधारा आधारित हुन्छ र त्यो संस्थानीकरणको हिसावले हेर्दा खेरि जुन हामीले विभिन्न संस्थाहरू बनायौं । हामीले सँगसँगै अरूले पनि जुन कार्यहरू गरे अहिले पछिल्लो केही वर्षको स्थिति हेर्‍यौं भने नेपालमा अव विल्कुल अलग परिस्थिति वनेको छ । पछिल्लो सय वर्षको तुलना गर्ने हो भने आजको नेपालमा मौलिकतासँग सम्बन्धित कुराहरू गर्ने मानिसहरू, त्यो गर्ने व्यवहारहरू, त्यस खालका शैक्षिक संस्थाहरू त्यो खालको प्रकाशनहरू, त्यो खालको कार्यक्रमहरू, त्यो खालका अवयवहरू एकदमै बढेर गएको छ ।

तर सँगसँगै जसले यहाँ पहिलेदेखि नै हालीमुहाली गरेर जो वसेका छन् उनीहरूले तत्काल छोड्नेवाला छैन । जसलाई हामीले हाम्रै भाषामा कपूतन्त्र भन्यौं उनले त छोड्नेवाला छैनन् । पतनोन्मुख कपूतन्त्रले आफ्नो हालीमुहाली नछोड्नको लागि गर्ने सारा हर्कतहरू आफ्नो ठाउँमा छ । हामी जो उदाउँदो शक्तिको रूपमा रहेका, हामी उत्तरोत्तर वृद्धि भइरहेको शक्तिको रूपमा हाम्रो क्रियाक्रियाकलाप, हाम्रो गतिविधि, हाम्रो सामर्थ्य वढ्दै जाँदा खेरी टकराव हुने द्वन्द्व हुने, सङ्घर्ष हुने र अन्ततोगत्वा उदीयमान शक्तिले जित्नुपर्ने प्रकृतिको नियमअनुसार हामी अगाडि वढिरहेका छौं । नेपाललाई यदि समृद्ध बनाउने हो भने नेपाललाई यदि शक्तिशाली वनाउने हो भने अहिलेको सरहद भित्रको नेपालमा मात्रै कार्य गरेर पुग्दैन भन्ने हामीले प्रारम्भदेखि नै वताउँदै आइरहेका छौं । अहिलेको वैश्विक परिस्थितिमा कार्य गर्नको लागि सहृदयता इनटरनेशनल भनेर केही कार्यहरू सुरु भइ सकेका छन् । नेपालभित्र अनेकौं संस्थाहरू मार्फतवाट भइरहेको कार्यवाट अव नेपाललाई केन्द्र वनाएर हामीले हिमवत्खण्डमा नेतृत्वदायी अग्रणी भूमिका खेल्नुपर्ने त्यो भूमिका निर्वाह गर्नुपर्ने समय आएको छ । त्यसो भएको हुनाले पुस २७ गतेको दिनवाट हामीले हिमवत्खण्ड पुनर्जागरण दिवस भनेर मनाउने छौं । त्यो दिवस मनाउने भनेको के हो भने त्यसको अवसरमा त्यसलाई सन्दर्भ वनाएर त्यसको परिप्रेक्ष्यमा त्योसँग सम्वन्धित जुन कार्य हो त्यसका वारेमा चिन्तन गर्ने मनन गर्ने सत्सङ्ग गर्ने त्यसको अवधारणालाई मूलप्रवाहमा लैजाने र त्यसका लागि तयारी गर्ने हो ।

हिमवत्खण्डको पुनर्जागरणको महान कार्य हो यो वास्तवमा हिमवत्खण्डको पुनरुत्थान हो र त्यसको जुन समृद्ध सभ्यता छ, चिन्तन पद्धति जुन छ, दर्शन जुन छ । यहाँको धर्म-संस्कृतिदेखि लिएर, प्राकृतिक संसाधनको हिसावले र अन्य धेरै हिसावले जुन यसको अग्रता छ, जुन यसको महत्ता छ, त्यो कुरालाई पुनःस्थापित गर्ने हो र त्यसले अन्ततोगत्वा गएर हुने भनेको हिमवत्खण्डको पुनरुत्थान हो । आज हिमवत्खण्डको पुनर्जागरण वा पुनरुत्थानको यो अवधारणापत्र सङ्क्षेपमा प्रस्तुत गर्दैछु । आज यहाँ धेरैवटा संस्थाका प्रमुखहरूसहित ती संस्थाका अग्रणी सदस्यहरूको प्रत्यक्ष उपस्थिति छ । प्रविधिमार्फतवाट विभिन्न ठाउँवाट धेरै जनाले सहभागी रहेको अवस्था छ । यो त वीज हो, विचार वीच हो, यो वीज आज यहाँ भनिसकेपछाडि यो व्याप्त हुँदै जाने र यसका पक्षमा कार्य गर्नको लागि माहोल वन्ने हुन्छ । हामीले आफ्नो पौरख गर्नुपर्ने र अन्ततोगत्वा जुन हामीले उद्देश्य लिएको हो त्यो उद्देश्यमा हामी पुग्ने अवस्था आउने हो । यो प्रारम्भ हो । आगामी पुस २७ गतेका लागि हामीले यो अवधारणा पत्र राखेका छौं । पुस २७ त्यहाँवाट सुरु भएर यो दिगदिगन्त फैलिनुपर्ने, लामो समयसम्म जानुपर्ने र त्यही अनुसारको कार्य गर्नुपर्ने हुन्छ। यहाँ हामीले हिमवत्खण्ड पुनर्जागरणको कुरा गर्दाखेरि श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहलाई यहाँ हामीले तस्वीरमार्फत उपस्थित रहेको देख्न सक्छौं यतापट्टि हेर्‍यौं भने योगी नरहरिनाथको पनि यहाँ उपस्थिति रहेको छ उहाँहरूको आशिर्वाद रहेको छ । जय जय काली, जय जय गोरख भनेर एकीकृत गराएको त्यो सौर्य देखाएको देश हो । यो कालीको, गोरखको, पृथ्वीनारायण शाह, योगी नरहरिनाथको लगायतका सवै ऋषि, महर्षि, बुद्ध, तिर्थङ्कर, तोन्पादेखिन् लिएर धेरै गुरु, आचार्यहरुको अंशिमानको परम्परा रहेको छ । उहाँहरूको आशीर्वादसहित हिमवत्खण्ड पुनर्जागरण र पुनरुत्थानको अवधारणापत्र लिएर आएको छ । *(प्रस्तुति भुवन खत्री)*

हिमवत्खण्ड पुनर्जागरणको आवश्यकता

✍ डा. गोविन्दशरण उपाध्याय

हिमवत्खण्ड पुनर्जागरणको अवधारणापत्र आउनु वडो महत्वपूर्ण विषय हो । अवधारणापत्रका लेखक मित्र निर्मलमणि अधिकारीलाई हार्दिक धन्यवाद । मुख्य कुरा हामी नेपाली हौं र नेपालसँग हामीले गौरव गर्न सिक्नुपर्छ । यो अवधारणापत्रले हरेक नेपालीलाई आफ्नो संस्कृति, आफ्नो धर्म आफ्नो परिवेश, र आफ्नो लक्ष्य प्रति स्पष्ट हुन आह्वान गर्छ । अवधारणा पत्र चार खण्डमा विभाजित छ । अवधारणापत्र प्रति असहमति हुने कुनै पनि ठाउँ छैन । जसले अवधारणा पत्र प्राप्त गर्नुभएको छ त्यो अवधारणापत्रमा ऐक्यवद्धता जनाउनु महत्त्वपूर्ण हुन्छ ।

हिमवत्खण्डको कुरा गर्दाखेरि विसं २०१३ सालमा योगी नरहरिनाथजीले स्वदेश तथा विदेशमा हिमवत्खण्ड ग्रन्थ खोज्नुभयो र त्यसलाई प्रकाशित गर्नुभयो । त्यो संस्कृतमा छ इन्टरनेटमा पनि उपलब्ध छ यहाँले इन्टरनेटमा खोज्नुभयो भने त्यो भेट्न सक्नुहुन्छ र पछिल्लो चरणमा नेपाली भाषामा पनि अहिले पुस्तक प्रकाशित भएको छ । स्कन्द पुराणको एउटा वृहद खण्डको रूपमा करिव करिव १७ हजार श्लोक भएको वृहद् खण्डको रूपमा पद्मपुराणको एउटा अंश हो हिमवत्खण्ड ।

भारतीयहरूले हिमवत्खण्डलाई कहिले पनि महत्त्व दिएनन् र जव-जव प्रकाशित गर्ने अवसर आयो उहाँहरूले जहिलेसुकै त्यसलाई अवरोध मात्रै गऱ्यो र यो राज्यको स्तरमा र विद्वान्हरूको स्तरमा दुवै स्तरमा भयो । यो प्रमाणित कुरा हो किनभने, अहिलेको जुन भारत हो त्यो भारत राजनीतिक इकाई जुन छ वर्तमान राजनीतक भारतको निर्माण नै गण्डकी प्रस्रवण क्षेत्रसँग सम्वन्धित छ ।

राजा भरतले गण्डकी नदीको किनारामा तपस्या गरेको इतिहास सर्वविदितै छ । सम्भवतः यो इतिहास उनीहरू प्रकाशित नहोस् भन्ने चाहन्छ । हिमवत्खण्डको पुनर्जागरणले यो सत्यलाई पनि खोल्न मद्दत गर्दछ । व्यास पनि हाम्रा सम्पदा हुनुहुन्छ हिमवत्खण्ड पनि हाम्रै सम्पदा हो । वशिष्ठ उपनिषद्मा वशिष्ठले स्पष्ट रूपले कहाँदेखि कहाँसम्मको क्षेत्रचाहिँ हिमवत्खण्ड हो भन्नेवारे स्पष्ट गरेका छन् । पार्नुभएको छ । अवधारणापत्रमै प्रस्तुत विषयवस्तु नै हुन् तिनीहरू । थप प्रमाणका रूपमा वशिष्ठ उपनिषद् पनि एउटा प्रमाणित ग्रन्थ हो र त्यसमा पनि यसको सविस्तार उल्लेख छ ।

वशिष्ठ उपनिषद्ले के भन्छ भने, नदीहरू वग्छन् र जहाँवाट तराई क्षेत्र आरम्भ हुन्छ त्यहाँवाट सय कोश अर्थात् साढे दुई सय किलोमिटर लगभगको जुन भूभाग हो त्यो पनि हिमवतखण्डकै क्षेत्र हो । यो महत्वपूर्ण कुरा हो हामीले बुझ्नुपर्ने । यसरी हेर्ने हो भने अहिलेको राजनीतिक भूभाग भारतका पनि धेरै अंश, अहिलेको राजनीतिक एकाइ पाकिस्तानका पनि धेरै अंश, केतु पहाड भन्छौं तिनी सवै, अहिलेलाई राजनीतिक इकाइ अफगानिस्तानका सवै अंशहरू । वङ्गलादेशमा हिमाल छैन तर चुरेको भाग पर्छ । त्यसलाइ चट्गाउँ भन्छन् उनीहरू । त्यो भाग र भुटानका केही क्षेत्रहरू यस अन्तर्गत आउँछ ।

हिमवत्खण्डको विशिष्टता के हो भने जतिपनि संसारमा सभ्यताहरू निर्मित भएका छन् तिनी सभ्यताहरूलाई सभ्य वनाउने काम हिमवत्खण्डवाट भएको छ । संसारमा कसैले पनि विश्वका धेरै शास्त्र पढियो, विश्वका धेरै शास्त्र पढियो तर कुनैपनि शास्त्रवाट सर्वे भवन्तु सुखिनः 'सर्वे सन्तु निरामया सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःख भाग्भवेत्' को उद्गार संसारका कुनैपनि शास्त्रले गर्न सकेनन् । भद्रको अवधारणा ऋग्वेदिक अवधारणा हो । भद्र अवधारणा नेपालवाट सुरु भएको हो र विश्वामित्रले यसलाई सूत्रवद्ध गर्नुभएको हो । यसकारण यो अवधारणा हिमवत्खण्डको अवधारणा हो । हामीले अघि सारेको सहृदयताको सम्वन्धको कुरा र सहृदयता दर्शनको कुरा भद्र अवधारणाकै विस्तृत स्वरूप हो ।

आज विश्व विविध प्रकारका समस्याले ग्रस्त छ । सवैभन्दा ठूलो समस्या अहिले वनेको मानवीय क्रियाकलाप कै कारणले आसन्न पर्यावरणीय समस्या हुन् । अनुसन्धानले के बताएको छ भने यदि अहिले जस्तै मानवीय क्रियाकलाप जारी रहने हो भने देखि आगामी ५० वर्षपछि हिमालयमा हिउँको एउटा थोपो पनि देखिने छैन । त्यसको जिम्मेवार हामी मानवहरू नै हौं ।

यस मानेमा पनि अवधारणापत्र बडो सान्दर्भिक छ। हामी केवल ऋषिमुनि को गौरवको पुनःस्थापनाको मात्रै कुरा गर्दै छैनौं । पर्यावरण प्रतिको मान र यसको महत्ता जागाउने कुरा पनि हाम्रो प्रथमिकतामा छ । पर्यावरण रहेन भने मानव पनि रहँदैन सम्पूर्ण सभ्यता नै रहँदैन । पर्यावरणीय दायित्वलाई समेत हामीले मूल्याङ्कन गर्नुपर्छ र त्यो पर्यावरणको दायित्वलाई यथास्थितिमा स्थापना गर्नको लागि हामीले विभिन्न क्रियाकलापहरू सञ्चालन गर्नुपर्छ । यसलाई सङ्कथनकै रूपमा सुस्थापित गरिनु प्राथमिक कार्य हो ।

हामीमध्ये कतिले याद गरेका छौं हिमालय क्षेत्रको प्रवर्द्धनको लागि हिमालयको हिउँ वचाउनको लागि भनेर नेपालमा वार्षिक रूपमा अरवौं रुपैयाँ भित्रिन्छ। तर जहाँवाट पैसा आउँछ त्यहींवाट कन्सल्टेन्ट आउँछन् र उतै लिएर जानछन् । उनीहरूले गर्ने क्रियाकलाप र हाम्रो क्रियाकलापमा फरक छ किनभने हामीहरू यस हिमवत्खण्डका उत्तराधिकारी हौं । उनीहरूसँग उत्तराधिकार छैन र उनीहरूसँग सरोकार पनि छैन। यसमा उनीहरूको विग्रँदैन हाम्रो विग्रन्छ । यसअर्थमा हिमवत्खण्डको पुनर्जागरण अति नै आवश्यक छ । र सर्वप्रथम हाम्रा ऋषिमुनिहरूले हिमवत्खण्डमा यो कुरालाई बुझेर वेदव्यासले हिमवत्खण्ड नेपाल महात्म्य ग्रन्थको रचना गर्नुभयो यही कुरालाई बुझेर ।

दोस्रोमा यो अवधारणालाई अगाडि वढाउँदै अशोक चल्ल भन्नेले नेपाल महात्म्य भन्ने सानो पुस्तक लेख्नुभएको वारेमा पनि मैले जानकारी पाएको छु । उहाँले यस विषयमा वोल्नु भएको छ र पछि आएर हिमवत्खण्डको अवधारणापत्रमा प्रस्तुत भए जस्तै अहिले अभूतपूर्व रूपमा नेपालको मौलिकता सम्बन्धी जागरणका लागि व्यक्तिहरू, संस्थाहरू लागिपरेका छन् । यो सही हो र त्यसको मूलतः सवै परिवेशले निम्त्यायो र यसको स्वामित्व हामीले ग्रहण गरेका छौं ।

पृथ्वीनारायण शाहले असली हिन्दुस्तान नेपाल हो र धर्म संस्कृति वचाउनुपर्छ भन्ने जुन विचार राख्नु भयो त्यो विचार चाहिँ मूलभूतरूपमा आत्मसात गर्ने र पछि राष्ट्र सन्त योगी नरनाथले गाउँ गएर एउटा जोगीले, एउटा अनुसन्धाताले विश्वविद्यालयले गर्नुपर्ने काम गरे । लँग्यैटी लगाएर कमण्डलु लिएर घरमा पुगेर विभिन्न साक्ष्यहरू सङ्कलन गरेर ल्याउनु भयो। पछि भनिन्छ कि वहाँका यिनी सम्पूर्ण गतिविधिको मा राज्य नै वहाँको विरोधमा लागेर सम्पदाहरू सम्पदाहरू जलाइयो फेरि पनि केही अरू वाँकी छन् र कमसेकम पनि त्यसको संरक्षण गर्नु त्यसको प्रवर्द्धन गर्नु र त्यसका त्यसलाई अगाडि वढाउने काम हामीले पनि गर्नुपर्छ।

हिमवत्खण्डको अवधारणामा यसलाई राजनीतिक एकाइका रूपमा सवैको सहमति न वन्ला तर हिमवत्खण्डका निवासीहरूको एउटा सांस्कृतिक पर्यावरणीय दायित्व छ त्यसको संरक्षणको लागि यो हिमवत्खण्डका सम्पूर्ण जनता एकै ठाउँमा उभिन सक्छौं । त्यो भारतभू भागको होस्, पाकिस्तान भूभागको होस्, चाहे भुटानको चाहे वङ्गलादेशको नै किन नहोस् ।

हिमवत्खण्डका जनताहरू एकत्रित भयौं भने कमसेकम हामीले यस हिमवत्खण्डको संस्कृतिलाई जोगाउन सक्छौं त्यसै गरी हिमवत्खण्डको पर्यावरणलाई जोगाउने त्यसमा गङ्गा, जमुना, गण्डकी कोशी लगायतका प्रस्रवण क्षेत्रको प्राकृतिक विविधतालाई जोगाउन सक्छौं ।

यसको साथै हिमवत्खण्डको अवधारणाले नेपाललाइ केन्द्रमा राखेको छ । जस्तो मेरू पर्वतको व्याख्या श्रीमद्‌भागवतको पंञ्चम स्कन्दमा आउँछ। मेरू पर्वत मलाई त्यहाँ वर्णन गरिएअनुसार सुनको जस्तो भनेर लेखिएको छ र संसारको अग्लो हिमशृङ्खलाहरू नै हुन् जो विहानीको पहिलो किरणसँगै सुनजस्तो टल्किन्छ । ऋषि मुनिको साधना स्थल पनि त्यही हो र सम्पूर्ण नदी नालाहरूको उद्गम पनि त्यहींवाट हुन्छ। प्रस्रवण क्षेत्रलाई पनि त्यसले प्रतिनिधित्व गर्छ । शास्त्रहरूका अनुसार पृथ्वीको मध्यभाग मेरू पर्वत हो । पृथ्वीको केन्द्रका रूपमा रहेको अग्लो शिखर सगरमाथा नेपालमै छ। त्यसैले हामी विश्वका केन्द्र नै हौं । प्राकृतिक रूपमै । यसअर्थमा पनि हिमालय अथवा हिमवत्खण्डको दायित्व चाहिँ मूल रूपमा नेपालकै हो । विश्वलाई नै नेतृत्व गर्ने र नेपाललाई यसैको आधारमा शास्त्रीय आधारमा केन्द्रविन्दुको रूपमा स्थापित गर्दै जरोकिलो महाअभियानमा थपिएको अभिभारा हिमवत्खण्डको पुनर्जागरणको अभियानलाई समानान्तर रूपमा लिएर जानु पर्छ ।

यसको विकल्प छैन हामी सवैको यसमा प्रतिवद्धता हुनुपर्छ । यो अवधारणा पत्रको लागि विद्वान् मित्र निर्मलमणि अधिकारीप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। यो अवधारणासँग जोडिन क्रियात्मक रूपमा जोडिनुपर्छ। यो नेपालीजनको त कर्तव्य भई नै हाल्यो सँगसँगै यस भेगका प्रत्येकको कर्तव्य हो खासगरी नेपालीको र त्यसमा पनि यो हिमवत्खण्डका जनताहरू जति पनि छन् ती सवैको दायित्व हो भन्ने मैले ठानेको छु। नमस्कार !

हिमवत्खण्ड मूलप्रवाहीकरण दिवसहरू

✍ सीतालक्ष्मी प्रजापति

युगद्रष्टा गुरु डा. निर्मलमणि अधिकारीले हिमवत्खण्ड पुनर्जागरणको अवधारणा प्रस्तुत गर्नुभएको छ । उहाँले अवधारणापत्र प्रस्तुत गर्नुहुँदै नेपाल केन्द्रित भएर हिमवत्खण्डको पुनर्जागरणको लागि आह्वान गर्नुभएको छ । यसक्रममा उहाँले हिमवत्खण्डको पुनर्जागरणको लागि विशिष्ट योगदान पुऱ्याउनु भएका विभिन्न व्यक्तित्वहरूको सम्मानमा, हिमवत्खण्ड पुनर्जागरणका संवाहकको रूपमा उहाँहरूको सम्मानमा विभिन्न दिवसहरू मनाउनको लागि आह्वान गर्नुभएको छ ।

हिमाल र यहाँवाट निश्रित नदी प्रस्रवण क्षेत्र अथवा नेपाल र यसको सेरोफेरोमा अवस्थित रहेको विभिन्न देश तथा भूखण्ड प्राचीनकालदेखि नै हिमवत्खण्ड भनिने अवधारणा छ । यस क्षेत्रको सहज विकास र समृद्धिको लागि हिमवत्खण्डको पुनर्जागरण तथा पुनरुत्थान अनिवार्य छ । यस क्षेत्रको विकास र समृद्धिको लागि हिमवत्खण्डको पुनर्जागरण अनिवार्य रहेकोले अवधारणा पत्रमा यसको पुनर्जागरण र पुनरुथानको लागि आव्हान गर्नुभएको छ। हिमवत्खण्डको पुनर्जागरणको लागि आधार तयार गर्नुभएका विभिन्न व्यक्तित्वको सम्मान र उहाँहरूको सम्मानलाई थप उजिल्याउने क्रममा उहाँहरूको कार्य र ती कार्यहरूको महत्ता सर्वसाधारणसम्म प्रस्तुत गर्न मुख्यतः ती वर्षको तीन दिन हिमवत्खण्डसँग सम्वन्धित दिवसहरू मनाउनको लागि युगद्रष्टा गुरु डा निर्मलमणि अधिकारीले अह्वान गर्नुभएको छ । प्रत्येक वर्ष पुस २७ गते श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहदेवको जन्म जयन्तीको दिनमा हिमवत्खण्ड पुनर्जागरण दिवस, प्रत्येक वर्ष फागुन १७ गते योगी नरहरिनाथ जयन्तीको दिनमा हिमवत्खण्ड गौरव दिवस, र प्रत्येक वर्ष असोज ८ गते कविवर भानुभक्त पोखरेल जयन्तीको दिनमा हिमवत्खण्ड सचेतना दिवस मनाउन युगद्रष्टा गुरुले आह्वान गर्नुभएको हो ।

हिमवत्खण्ड पुनर्जागरण दिवस

प्रत्येक वर्ष पुस २७ गते हिमवत्खण्ड पुनर्जागरण दिवस मनाइने छ। श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको जन्म जयन्तीको दिनमा हिमवत्खण्ड पुनर्जागरण दिवस मनाइने छ । श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाह नेपालको पुनर्जागरणका नायक हुनुहुन्छ । उहाँ नेपालको पुनर्जागरणका मात्र नायक हुनुहुन्न उहाँले समग्र हिमवत्खण्डको पुनर्जागरणको अभिप्रायसहित वृहत नेपालको परिकल्पना गरी यसको एकीकरणको सङ्कल्प र शुभारम्भ गर्नुभएको थियो । उहाँले नेपाललाई असली हिन्दुस्तान भन्नुको तात्पर्य पनि हिमालदेखि सिन्धुसम्मको सभ्यतागत एकत्वको अवस्थालाई, त्यसलाई भौगोलिक रूपमा जोड्ने उहाँको तात्पर्य रहेको सहजै बुझ्न सकिन्छ । वर्तमान सन्दर्भमा राजनीतिक हिसाबमा विभिन्न क्षेत्रमा रहेको भएतापनि यसको सांस्कृतिक एकत्व कायम गर्दै यस क्षेत्रको पर्यावरणीय, सांस्कृतिक सामाजिक-आर्थिक तथा अन्य क्षेत्रको विकास र प्रवर्द्धनको लागि हिमवत्खण्डको अवधारणा पुनर्जागरण हुनु वाञ्छनीय हुन आएको छ । प्रकृतिसँग तादात्म्य रहनेगरी एउटा सामूहिक चेतना जसको ऐतिहासिक र सांस्कृतिक महत्त्व पर्यावरणले नै अनिवार्य वनाएको छ, यसको पुनर्जागरणको एउटा आधार नेपाल राष्ट्रलाई एकत्रित, स्थिर, सबल र सक्षम वनाउनु भएका श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाह अवश्यमेव स्मरणीय हुनुहुन्छ, सम्मानीय हुनुहुन्छ र पूजनीय हुनुहुन्छ। श्री५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहले तत्कालीन अवस्थामा विश्व शक्तिको रूपमा रहेका साम्राज्यवादी अङ्ग्रेजहरूसँग लडेर क्षेत्रीय शक्तिको रूपमा स्थापित मुगलहरूसँग भिडेर नेपालभित्रै पनि आफूभन्दा समृद्ध र सबल राज्यहरूसँग डटेर सामना गरेर उहाँले नेपाल राष्ट्रको एकीकरण गर्नुभयो । यसले हिमवत्खण्डको पुनर्जागरणको एउटा सुस्पष्ट आधार तय गरिदिएको छ। यसैकारण युगद्रष्टा गुरु डा. निर्मलमणि अधिकारीले उहाँको सम्मानमा, उहाँ प्रति श्रद्धाञ्जली व्यक्त गर्दै, उहाँको तीन सयौं जन्मजयन्तीको अवसर पारेर हिमवत्खण्ड पुनर्जागरण दिवस मनाउन प्रारम्भ गर्न आह्वान गर्नुभएको छ । हरेक वर्ष श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको जन्म दिन पारेर हिमवत्खण्ड पुनर्जागरण मनाउनको लागि उहाँले आह्वान गर्नुभएको छ ।

हिमवत्खण्ड गौरव दिवस

प्रत्येक वर्ष फागुन १७ गते योगी नरहरिनाथ जयन्तीको दिनमा हिमवत्खण्ड गौरव दिवस मनाइने छ। नेपालको धर्म, संस्कार, संस्कृति र सभ्यताको क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउनु भएको कारणले योगीजीप्रति

समस्त नेपालीजन नतमस्तक छ । सम्पूर्ण देशको भ्रमण गरी नेपालभर रहेका विभिन्न धार्मिक सांस्कृतिक महत्त्वको क्षेत्रको पहिचान गरी यसको गौरवको पुनःस्थापनाको लागि सार्थक कदम चाल्नु भएको छ । नेपालको महिमाको वास्तविक उचाई मापन गर्न उहाँले आफ्नो जीवनको अधिकांश समय व्यतित गर्नुभयो ।

नेपाली धर्म संस्कृतिको क्षेत्रमा पुऱ्याउनुभएको आथाह योगदानमध्ये हिमवत्खण्डको सङ्कथनको पुनर्जागरण गर्न पुऱ्याउनुभएको योगदान अझ विशेष छ । हिमवत्खण्डको चर्चापरिचर्चा योगी नरहरिनाथको नामविना अपूर्ण नै रहन्छ। उहाँले २०१३ सालमा हिमवत्खण्ड ग्रन्थ प्रकाशन गरी यसको बारेमा सर्वसाधारणमा एउटा जागरणको लहर ल्याउनुभएको थियो । विभिन्न शक्तिहरू लागेर यसको पुनर्जागरणमा रोक लगाउने विभिन्न प्रपञ्चका बावजुद पनि उहाँले विभिन्न हस्तलिखित सामग्रीहरूको सङ्कलन गरी, यसको सम्पादन गरी हिमवत्खण्डको महत्ता सर्वसाधारणसम्म पुऱ्याउने कार्य सम्पन्न गर्नुभयो । हिमवत्खण्डलाई भविष्यमा पनि एउटा आधिकारिक सन्दर्भग्रन्थको रूपमा प्रयोग गर्न मिल्नेगरी पुनः प्रकाशित गर्नु भयो । यस कारणले योगी नरहरीनाथले हिमवत्खण्ड पुनर्जागरण लागि पुऱ्याउनु भएको योगदान अविस्मरणीय छ । अहिले उहाँको सत्मार्गलाई विस्तारित पार्दै उहाँको हिमवत्खण्डको गौरव गायनलाई निरन्तरता दिँदै प्रा.डा. वेणीमाधव ढकाल ज्युले पनि हिमवत्खण्ड ग्रन्थ प्रकाशनमा ल्याउनुभएको छ । हिमवत्खण्डको सङ्कथनको गौरवलाई सर्वसाधारणमा पुऱ्याउने प्रारम्भ कर्ता हुनुभएको नाताले, हिमवत्खण्डको गौरवलाई सर्वसाधारणको गायन बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याउनुभएको नाताले, योगी नरहरीनाथ हिमवत्खण्डको पुनर्जागरणको सवालमा पनि वन्दनीय हुनुहुन्छ । त्यसैले उहाँको सम्मानमा युगद्रष्टा डा. निर्मलमणि अधिकारीले उहाँको सम्मानमा उहाँको जन्म दिवस पारेर फागुन १७ गते प्रत्येक वर्ष हिमवत्खण्ड गौरव दिवस मनाउनको लागि आह्वान गर्नुभएको छ । हिमवत्खण्डको पुनर्जागरण र पुनरुथान गर्न हिमवत्खण्डको गौरवगाथा, यसको महत्ता, यसको अनिवार्यता सर्वसाधारणले जान्नु अनिवार्य छ । यसमा योगीले पुऱ्याउनुभएको अतुलनीय योगदान अवश्य पनि सम्माननीय छ। त्यसैले युगद्रष्टा गुरुले उहाँको सम्मानमा फागुन १७ गते हरेक वर्ष हिमवत्खण्ड गौरव दिवस मनाउन आह्वान गर्नुभएको हो ।

हिमवत्खण्ड सचेतना दिवस

प्रत्येक वर्ष असोज ८ गते हिमवत्खण्ड सचेतना दिवस मनाइने छ । कविवर भानुभक्त पोखरेलले हिमवत्खण्डको सचेतनालाई पुनर्जागरण गर्न पुऱ्याउनुभएको योगदानको कदर गर्दै युगद्रष्टा गुरुले उहाँको जन्म जयन्तीको अवसर पारेर हरेक वर्ष असोज ८ गते हिमवत्खण्ड सचेतना दिवस मनाउन आह्वान गर्नुभएको हो ।

कविवर भानुभक्त पोखरेल युगको चेतना भएका युगका चिन्तक हुनुहुन्थ्यो । उहाँ युग निर्माण अभियान नेपालका प्रथम निर्वाचित अध्यक्ष हुनुहुन्छ । उहाँकै प्रेरणामा जरो किलो महाअभियनका संस्थापक अध्यक्ष युगद्रष्टा गुरु निर्मलमणि अधिकारीले युगको प्राथमिकता र आवश्यकता पहिचान हेतु अनुसन्धान थाल्नुभएको थियो । कविवर पोखरेल जरोकिलो महाअभियानको वीजको रूपमा रहेको तरङ्ग साहित्यिक (२०५२) अभियानदेखि जोडिनु भएर मार्गनिर्देशकको भूमिकामा रहनु भएको थियो । नेपाली भाषा र संस्कृति उत्थानको लागि उहाँकै नेतृत्वमा नेपाली भाषा संस्कृति परिषद् (२०५४) गठन गरी विभिन्न गतिविधिहरू गरी नेपालको भाषा र संस्कृतिको क्षेत्रमा योगदान पुऱ्याउनुभएको हो । त्यसैगरी भाषा-संस्कृतिको क्षेत्रले मात्र समाजको बृहत्तर हित गर्न नसक्ने बुझेर उहाँकै प्रेरणामा युगद्रष्टा गुरुको नेतृत्वमा युगनिर्माण अभियान (२०५८) को स्थापना भएको थियो। उहाँका विभिन्न साहित्यिक रचनाहरूमध्ये हिमवत्खण्ड महाकाव्यले हिमवत्खण्डको गौरव गायन सँगसँगै हिमवत्खण्डको पुनर्जागरण र पुनरुत्थानको उद्देश्य प्राप्तिका लागि प्रेरित गर्नुभएको छ । हिमवत्खण्डवारे चेतना फैलाउनु भएको छ । यसकारण उहाँको जन्मजयन्तीको अवसर पारेर असोज ८ गते प्रत्येक वर्ष हिमवत्खण्ड सचेतना दिवस मनाउन युगद्रष्टा गुरुले आह्वान गर्नुभएको हो ।

कविवर भानुभक्त पोखरेलको प्रेरणामा नेपाल केन्द्रित सङ्कथनको पुनर्जागरण गरेर युगद्रष्टा गुरुले राष्ट्रोदयको शङ्खघोषसहित जरोकिलो महाअभियान (२०७२) को स्थापना भएको हो । विश्वभर जरो किलोको सन्देश पुऱ्याएर मौलिकताको स्थितिगत्यात्मक पुनर्जागरणको लहर सहित सहृदयता दर्शन, राज्यराष्ट्र सिद्धान्तको प्रकाश छर्न र नेपाललाई विश्वको अग्रणी बनाउन सहृदयता इन्टरनेशलन(२०७६)को स्थापना भएको छ। कविवर पोखरेलले फैलाउनुभएको हिमवत्खण्डको सचेतनाको जगमा रहेर हिमवत्खण्डको पुनर्जागरण (२०७८) को अवधारणाको खाका बनाउन प्रेरणा मिलेको हो । त्यसैले उहाँको सम्मानमा, उहाँ प्रति श्रद्धाञ्जली अर्पण गर्दै हिमवत्खण्ड पुनर्जागरणको लागि, हिमवत्खण्डप्रति सर्वसाधारणमा सचेतना थप तीव्र रूपमा स्थापित गराउनको लागि कविवर भानुभक्त पोखरेलको जन्मजयन्तीको अवसर पारेर हिमवत्खण्ड सचेतना दिवस मनाउनको लागि युगद्रष्टा गुरुले आह्वान गर्नुभएको हो ।

वैदिक कथानकमा वर्तमान-युगीन संचेतना : हिमवत्खण्ड महाकाव्य

✍ डा. निर्मलमणि अधिकारी "आयोदधौम्य", भाषा तथा आमसञ्चार विभाग, काठमाडौं विश्वविद्यालय

काव्यसृजन, काव्यशास्त्रीय अनुचिन्तन, समालोचना एवं प्राध्यापन कर्मबाट नेपाली वाङ्मयलाई पुष्पित-पल्लवित पार्ने विशिष्ट साधक भानुभक्त पोखरेलको महाकाव्य हिमवत्खण्ड वि.सं. २०६४ सालमा प्रकाशित भएको हो । यो महाकाव्यमा सङ्क्रमणकालीन नेपालका लागि युगीन सन्देश रहेको पाइन्छ । राज्य र समाज दुवैका रूपमा नेपालको वृहत्तर (कतिपयले त वैकल्पिक वा नयाँ) परिभाषा खोज्दै गरेको यस कालखण्डमा सो युग-सञ्चेतनालाई कवि पोखरेलले हिमवत्खण्ड महाकाव्यमार्फत सम्बोधन गरेका छन् ।

सङ्क्रमणकालीन नेपालमा एकातिर राज्यको स्वरूप समावेशी हुनु पर्ने मागलाई सम्बोधन गर्नु छ भने अर्कोतिर विगतमा एक नेपाल राष्ट्र र एक नेपाली जाति भन्ने वृहद् परिचयभित्रै अटाएका, तर नयाँ परिवेशमा नयाँ आकाङ्क्षासहित मौलाएका वहुविध पहिचान (आइडेन्टिटी) हरूबीचको द्वन्द्वलाई समन्वयात्मक निष्कर्षमा पुऱ्याउनु पनि छ । वैदिक (मूलतः ऋग्वैदिक) कथानकलाई आधार मानेर लेखिएको हिमवत्खण्ड महाकाव्यमार्फत कवि पोखरेलले त्यस्तो निष्कर्षको आधार प्रष्ट्याएका छन् । यस मानेमा वर्तमान नेपालका जुन-कुनै जातीय/सांस्कृतिक समूहका सदस्यहरूका लागि यो कृति पठनीय-सङ्ग्रहणीय बनेको छ ।

ऋग्वैदिक पृष्ठभूमिमा लेखिएको यही नै पहिलो महाकाव्य हो नेपाली भाषामा । कविकै शब्दमा भन्ने हो भने यसको "विषयवस्तु, कथावस्तु, कथानक वा कथा



मूलतः ऋग्वैदिक-वैदिक मन्त्रहरू चालेर, सिलोसँगालो गरेर तिनका सूक्ष्म तन्तुहरूद्वारा तुनिएको-वुनिएको छ भने सहयोगीका रूपमा प्राचीन-पुरातन आख्यान-उपाख्यान तथा पूर्वी-पश्चिमी मिथकीय कथा, लोकगाथा-कथाका साथै उपनिषद्लगायत विभिन्न पुराण-महापुराण आदि अनेकौं सामग्रीको रासायनिक तत्त्व पनि लिइएको छ ।" त्यस क्रममा काव्यिक रसात्मकता र कवि-कल्पनाको उडान प्रचूर हुँदाहुँदै पनि कविमा नवीन वैज्ञानिक दृष्टिकोण र ऐतिहासिक-पुरातात्त्विक 'तथ्य' का सन्दर्भमा अनुसन्धानात्मक आधार पाइन्छ ।

भारतवर्षीय सन्दर्भमा ज्ञान, विज्ञान, अध्यात्म, धर्म, संस्कृति सबैको मूल वेद नै मानिएको छ । वैदिक युगीन राजनीतिबारे अध्ययन-अनुसन्धानको क्रम चलिरहेको छ र हालसम्मको अध्ययनबाट विज्ञहरू के निष्कर्षमा पुगेका छन् भने सामाजिक, राजनीतिक एवं सांस्कृतिक दृष्टिले उपयोगी विभिन्न संस्थाहरूको मूल पनि वेदमा पाउन सकिन्छ । वैदिक पृष्ठभूमिको कथानकबाट वर्तमानकालका लागि सन्देश निकालेर कविवर पोखरेलले सोही मान्यतालाई सार्थक तुल्याएका छन् ।

वैदिक युग प्रस्थानविन्दु भए तापनि कवि पोखरेलकृत हिमवत्खण्ड महाकाव्यको युग-सञ्चेतनाको प्रवाह वर्तमानकालसम्मै आइपुग्छ । आर्य र किरातका राजनैतिक स्वार्थ एक-आपसमा नमिल्ने भन्ठानिने मान्यताको विकल्पमा किराती सम्राट् शम्बरासुर हिमवत्खण्डीय महाएकताको अवधारणा अघि सार्छन् । त्यसपछि हिमवत्खण्डमा ध्रुवीकरण सुरु हुन्छ र यस क्रममा अनेक युद्धहरू हुन्छन् । लामो समयसम्मको महायुद्धपश्चात् सम्राट् शम्बरासुरकी पत्नी महारानी विवक्षा र सम्राट् दिवोदासकी पत्नी महारानी सुलोचनाको नेतृत्वमा हिमवत्खण्डीय महाएकता साकार हुन्छ । समकालीन नेपालमा पनि विभिन्न जातीय, क्षेत्रीय, सम्प्रदायगत आकाङ्क्षा र पहिचान (आइडेन्टिटी) हरूबीच अन्तर्द्वन्द्व रहेको छ र सो अन्तर्द्वन्द्वलाई उपयुक्त तवरले समाधान गरेर मात्र अचेल भनिने गरेको "नयाँ नेपाल" ले मूर्तरूप लिने हो । त्यसका लागि कवि पोखरेलले यस महाकाव्यमार्फत

दिग्दर्शन गराएको 'महाएकता'को अवधारणालाई आत्मसात नगरी हुँदैन।

अहिले नेपालमा जातीय साथसाथै भाषिक, धार्मिक, क्षेत्रीय, राजनीतिक, आर्थिक लगायतका अनेकौं किसिमका द्वन्द्व वा विवादहरूको सगबगाहट चलिरहेको छ । त्यसोहुँदा स्थिति बडो जटिल छ तर यति जटिल पनि छैनकि समस्याको समाधान गर्न नै नसकियोस् । हरेक समस्याहरू समाधान गर्न सकिन्छ । समाजलाई यथास्थितिमा राख्नुपर्छ भन्ठान्नु वैज्ञानिकतायुक्त दृष्टिकोण होइन र त्यो स्वीकार्य पनि छैन । कसैले चाहँदैमा समाज यथास्थितिमा टक्क रोकिएर बस्ने पनि होइन । त्यसो हुँदा नेपालमा जातीय सवालमा नयाँ-नयाँ दृष्टिकोणहरू आउनु र 'जनजाति', 'आदिवासी', 'मधेशी' र 'दलित'हरूले आफ्ना भूमिकालाई पुनः परिभाषा गर्न चाहनु स्वाभाविक हो । नेपालजस्तो वहुजातीय भनिने देशमा जातीय सवालमा वहस, छलफल तथा अन्तर्क्रियाको थालनी हुनु राम्रो हो किनभने वादको विवादलाई संवादमा परिणत गरेर समाजका लागि उपयुक्त निकास निकाल्न सकिएमा यस्ता वहस, छलफल तथा अन्तर्क्रियाले अपूर्व अवसर समेत प्रदान गर्न सक्छन् तर यस्ता सवाललाई बुद्धिमत्तापूर्वक सम्बोधन र तिनले उठाएका सवाललाई सही तरिकाले समाधान गर्न नसक्दा परिणाम त्रासदीपूर्ण हुने खतरालाई पनि विर्सन मिल्दैन । कुनै पनि सवालको जरोसम्म पुग्न सवै पक्ष हेर्नु पर्ने हुन्छ । जातीय सवालका सकारात्मक र नकारात्मक दुवै पक्ष रहेका छन् । सकारात्मक तत्त्व ग्रहण र नकारात्मक तत्त्व निराकरण नगरी 'जातीय आन्दोलन' सही दिशामा अघि वढ्न सक्दैन । हो, यहींनेर सान्दर्भिकता छ हिमवत्खण्ड महाकाव्यमार्फत कविवर भानुभक्त पोखरेलले अगाडि सारेको दृष्टिकोणको ।

हिमवत्खण्ड महाकाव्यको रचनागर्भलाई बुझ्न यसका स्रष्टा कविवर पोखरेलको अध्यक्षतामा वि.सं. २०५४ गठित 'नेपाली भाषा-संस्कृति परिषद्' मार्फत अगाडि बढेका चिन्तनधारालाई उल्लेख गर्नै पर्ने हुन्छ । 'नेपाली भाषा-संस्कृति परिषद्'ले 'एक नेपालीजाति'को वृहद् अवधारणालाई अगाडि सारेको थियो । 'नेपाली भाषा-संस्कृति परिषद्' को अध्यक्षका हैसियतले पोखरेलले अनेकौं लेखरचनामार्फत् आफ्ना सैद्धान्तिक आधारहरूवारे परिचर्चा गरेको हुनाले जिज्ञासुहरूका लागि अन्वेषणको ठूलो पाटो हुन सक्ने उक्त विषयवस्तुमा प्रशस्त सामग्री प्रकाशितै छन् । सङ्क्षेपमा, 'एक नेपालीजाति'को अवधारणालाई लागि निम्नानुसारका वुँदाहरू उल्लेख्य छन् :

(क) नेपाल कुनै एक जात वा जाति वा जनजाति को, कुनै एक वर्गविशेषको मात्र देश नभएर विविधताहरूको समष्टि रूप हो । सृष्टिको नियम नै विविध चीजहरूको संयोजन हो । जस्तो, प्रोटोनइलेक्ट्रोन इत्यादिको संयोजन नभएकोभए परमाणु वन्दैनथ्यो, परमाणु-परमाणु नमिलेको भए अणुको अस्तित्व हुँदैनथ्यो, अणु-अणु नजुटेको भए तत्व हुने थिएन र तत्व-तत्वको मिलन नहुँदो हो त पदार्थहरू हुने थिएनन् । पदार्थविना भौतिक सृष्टि हुने कुरै भएन । अनि, हामीलाई थाहा छ कि उत्तरी ध्रुव र दक्षिणी ध्रुव समन्वित नभई चुम्वकीय गुण आउँदैन । यसरी सृष्टिको नियम नै विविध चीजहरूको संयोजन हो, फरक-फरक वस्तुहरूको योग हो भन्ने कुरा प्रष्टै छ । समाज निर्माणका क्रममा पनि यही नियम लागू हुन्छ । व्यक्ति-व्यक्ति मिलेर परिवार वन्ने प्रकृयाबाट शुरु भएको मानव समाजको जातिगत, भाषिक, सांस्कृतिक आदिको संयोजनको सुरुचिपूर्ण स्वरूपले राष्ट्रको रूप लिन्छ । त्यही संयोजनको सुरुचिपूर्ण स्वरूप अझ उच्चतर तहमा पुग्दाखेरि वसुधैव कुटुम्वकम् को अवधारणा विकसित हुने हो ।

(ख) नेपाल कुनै एक जात वा जाति वा जनजातिको, कुनै एक वर्गविशेषको मात्र देश नभएर विविधताहरूको समष्टि रूप होतापनि ती सबैको संयोजन भइसकेर एउटा राष्ट्रका रूपमा विकसित भइसकेको हुँदा सम्पूर्ण जातियसमुदाय, सवै भाषिकसमुदाय, सारा धार्मिकसमुदायको सहभागितावाट निर्मित सिङ्गो रूप एक नेपालीजातियता प्रति इमान्दार रहनु नै राष्ट्रियता सुदृढ पार्ने कार्य हो ।

माथिका दुई वुँदाको आलोकमा नै कविवर पोखरेलले आफ्नो महाकाव्यमार्फत् दिग्दर्शन गराएको 'महाएकता'को अवधारणालाई सही अर्थमा वुझ्न सकिन्छ । एक नेपाली सांस्कृतिक चेतना को साझा आत्मचेतको आधारमा प्रतिष्ठित एक नेपालीजाति भन्ने अवधारणालाई सुदृढ पार्नु नै नेपाली राष्ट्रियता सुदृढ पार्ने उपाय हो ।

हाम्रो देशमा राष्ट्रिय-चिन्तन हुँदै नहुने त होइन, तर अत्यन्त कम हुने गरेको छ । जसका कारण कतिपय राष्ट्रिय महत्वका सवालहरू नेपथ्यमै सीमित रहने गरेको देखिन्छ । हाम्रो पहिचान संसार सामु के कस्तो रहिआएको छ र हाम्रा परिचायक वनेकामध्ये केके कुराहरू हामीले कायम राख्ने हो र के चाहिँ फेर्नुपर्ने हो भन्ने सवाल यस्तै महत्त्वपूर्ण सवाल हो । यस्ता सवालको समाधानका लागि कविवर पोखरेलको चिन्तनवाट प्रवर्द्धित 'महाएकता'को अवधारणाले गहकिलो दिग्दर्शन गराउन सक्छ ।

हिमवत्खण्ड महाकाव्यलाई वर्तमान-युगीन मूल्यको कसीमा जाँच्ने क्रममा थप दुईवटा पक्षहरू अत्यन्त विचारणीय छन् । पहिलो, यसको नायक किरात हो । यसरी किरातलाई (वा जनजातिलाई) नायक वनाएर लेखिएको पहिलो नेपाली महाकाव्य हो यो । नेपालको इतिहासलेखन नयाँ दृष्टिविन्दुवाट गरिनु पर्छ भन्ने माग उठाइरहेकाहरूका लागि यो पक्ष यस कृतिको बलियो विशेषता लाग्न सक्छ। यस मानेमा किरात जातीय इतिहास,

संस्कार एवं परम्पराको खोजीलाई प्राथमिकता दिइरहेकाहरूका लागि त यो महाकाव्य झन् पठनीय-सङ्ग्रहणीय बन्न पुगेको छ । दोस्रो, हिमवत्खण्डीय महाएकतालाई निष्कर्षसम्म ल्याइपुऱ्याउन निर्णायक भूमिका खेल्नेहरू दुवैजना महिला हुन् । राजनीतिमा महिला सहभागिता आलङ्कारिक मात्र हुन नहुने, नेतृत्वदायी नै हुनु पर्ने वर्तमान युग-आवश्यकतालाई कवि पोखरेलले विवक्षा र सुलोचनामार्फत प्रकट गरेका छन् ।

अत्यन्तै घतलाग्दो नीतिवचन छ, "अनायका विनश्यन्ति नश्यन्ति वहुनायकाः" । साँच्चै नै, इतिहासमा वारम्वार प्रमाणित भएको छ कि यदि कुनै समाज/समुदाय/समूह वा राष्ट्र 'अनायकत्व' अर्थात् नेतृत्व-विहीनताको अवस्थामा हुनु भनेको त्यसको विनाशको पूर्व-लक्षण हो । त्यसैगरी यदि त्यहाँ अनेकन मनमुखी नेताहरू छन् अर्थात् 'वहुनायकत्व'को अवस्था छ भने पनि त्यसको परिणति उही हुन्छ । त्यसैले त भनिएको हो कि नायकहीनको पनि विनाश हुन्छ र धेरै नेता भएकाको पनि । अव यतिखेर एकैपल्टमा 'अनायकत्व' र 'वहुनायकत्व' हुने विडम्वनापूर्ण अवस्था छ नेपालमा । एकातिर सम्पूर्ण जनसमुदाय त के कुरा वहुजनमा सर्वस्वीकार्य वा सर्वमान्य वा सर्वोच्च स्तरको पनि नेता अर्थात् 'नायक'को हैसियतमा कोही छैन भने अर्कातिर आफूलाई ठूलै नेता भन्ठान्नेहरू वर्खाको च्याउ भन्दा पनि वढी उम्रेका छन् । यसरी 'अनायकत्व' र 'वहुनायकत्व' दुइटै समस्या एक्कैचोटी आइपर्ने उपचक्रको स्थितिमा उभिएको नेपालको सामुन्नेमा कविवर भानुभक्त पोखरेलले नायकत्वको आफ्नै किसिमको मानक प्रस्तुत गरेका छन् । कविवर पोखरेलले मानेको नायकत्वले 'महाएकता'को मान्यता अगाडि सार्छ र त्यसलाई व्यवहारतः सार्थक बनाउने परिकल्पना पनि देखिन्छ ।

चाहे युद्ध जेसुकै नाममा लडिएको होस्, वा जहाँसुकै गरिएको होस्, र जुनसुकै कालखण्डमा मच्चाइएको होस् –त्यसवाट मानवता आहत भएकै छ । युद्धवाट पीडित, अनाथ, विधवा तथा शरणार्थीहरूको चित्कारमा मानवताको छटपटाहट नै त प्रतिविम्वित भएको छ ! युद्धलाई समाप्त नपारुञ्जेल यस्ता त्रासदीहरूवाट मानव समाज भविष्यमा पनि वारम्वार घाइते भइरहने निश्चित छ । कसैलाई फाइदा नहुने, कोहीपनि विजयी नहुने र सवैलाई वित्यास पार्ने हिंसाको आगो निभाउने उपाय पनि कविवर पोखरेलले देखेको 'महाएकता'को अवधारणमा निहित छ ।

काव्यसृजनका लागि मूलतः संस्कृत शास्त्रीय छन्दहरूलाई रोज्ने कवि पोखरेल संस्कृत शिक्षाको पृष्ठभूमिवाट आएका हुनाले उनका काव्यमा संस्कृतनिष्ठ शव्दहरूको प्राचुर्य अनपेक्षित होइन । यस महाकाव्यमा पनि उनले संस्कृतनिष्ठ शव्दको भण्डारमाथि आफ्नो पहुँचलाई अधिकतम् प्रयोग गरेका छन् तर त्यस्ता प्रत्येक शव्द प्रयोग भएपिच्छे तत्क्षण पादटिप्पणीमार्फत् अर्थ दिइएको र आवश्यकतानुसार सन्दर्भसमेत प्रष्ट्याइएको छ । त्यसमाथि, सुरुमै "हिमवत्खण्ड महाकाव्य चहार्ने गोरेटो" (कथावस्तु) सरल गद्यमा राखिएकैछ । यसरी सामान्य पाठकलेसमेत यो महाकाव्यको रसास्वादन गर्न सक्ने अवस्था छ ।

विश्वका धेरै देशका अनुभवले देखाएका छन् कि भीषण द्वन्द्व र सङ्क्रमणले धेरै घाउहरू दिए तापनि साहित्यले त्यस्ता कालखण्डवाट आफ्नै किसिमले पाठ लिन्छ । द्वन्द्व र सङ्क्रमणवीचवाट कतिपय कालजयी कृतिहरू निक्लेका छन् । नेपालमा पनि समाजले भोगिरहेको सङ्क्रमणलाई सम्वोधन गरी धेरैजनाले धेरै कुराहरू लेखेका छन् । समसामयिक टिप्पणीका रूपमा अखवारी लेखहरूमार्फत मात्र होइन, साहित्यमार्फत पनि त्यस्तो सरोकार प्रचूर मात्रामा प्रकाशित भएका छन् । तर यस्ता पहलहरूमा प्रायः राजनीतिक नारावाजीलाई साहित्य वा काव्यको जामा पहिऱ्याउने प्रयत्न भइरहेका हुनाले तिनको गुणवत्ताले निराशा जन्माइरहेको थियो । यस्तो वेलामा कवि पोखरेलले भने हिमवत्खण्ड महाकाव्यजस्तो कृति दिएका छन्, जुन नेपाली वाङ्मय (विशेषतः महाकाव्य विधा) मा कोसेढुङ्गा वन्ने देखिन्छ ।

परम्परागत पहिचानका राम्रा पक्षहरूको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन तथा नराम्रा पक्षहरूको त्याग, विनाश र आवश्यक परेका खण्डमा परिष्कार, परिमार्जन, संशोधनसहित नयाँ उपलव्धि हासिल गर्नकालागि पनि हामी क्रियाशील रहनुपर्छ भन्ने मान्यतालाई कविवर पोखरेलले आत्मसात गरेको देखिन्छ । विगतको महान् विरासतलाई सुहाउँदो राष्ट्रिय पहिचान वर्तमानमा पनि जाज्वल्यमान राख्न सक्नु जरुरी छ भन्ने बुझेरै उनले प्राचीन सांस्कृतिक पृष्ठभूमि र समकालीन युग-सञ्चेतनावीच सन्तुलन मिलाउन विशेष जोड दिएको पाइन्छ ।

कि पुरानै कुरामात्र चपक्क समातेर वर्तमानयुगीन सञ्चेतनालाई ढिम्किनै नदिने; किचाहिँ प्रगतिवाद, आधुनिकता, उत्तरआधुनिकता वा अन्य कुनै वादको चस्मा लगाएर प्राचीनतालाई पूरापूर नकार्ने – यस्ता अतिवाद नेपाली साहित्यिक समुदायमा पनि देखिन्छ । तर कवि पोखरेल आफ्नो सांस्कृतिक पृष्ठभूमि र समकालीन युग-सञ्चेतना दुवैसँग पूर्ण परिचित रहेका छन् । यो तथ्य उनले मृत्युञ्जय महाकाव्य (वि.सं. २०४७ मा मदन पुरस्कार पाएको कृति) जस्ता कालजयी कृतिमार्फत स्थापित गरिसकेका हुन् । प्राचीन सांस्कृतिक पृष्ठभूमि र समकालीन युग-सञ्चेतनावीच सन्तुलन मिलाउन सक्ने कवि पोखरेलको खुवी हिमवत्खण्ड महाकाव्यमा पनि प्रष्टसँग प्रतिष्ठित छ । उपर्युक्त विशेषतासमेतका आधारमा मूल्याङ्कन गर्दा यो महाकाव्य नेपाली वाङ्मयको अति विशिष्ट प्राप्ति हो ।

(यो समीक्षा २०६५ सालमा गोरखापत्र दैनिकमा प्रकाशित भएको थियो ।)

सहज अस्तित्वको अवधारणा : हिमवत्खण्ड

✍ बलराम प्रजापति

अग्ला हिमशिखरहरू टाढा भएर पनि नजिक देखिन्छन् । हाम्रो आँखै अगाडि झल्किने हिमाल हामीले देखे जति नजिक नहुन पनि सक्छन् । तर हिमाल हाम्रो जीवनसँग अधिकतम नजिक छ । हाम्रो जीवनसँग जोडिएको छ । विहानीको पहिलो किरणसँगै सुनौलो लहरमा झल्किने ती हिमशृङ्खला नेपालसँगै यस वरपरका भूभागको जीवनदायीनी शक्तिको श्रोत हो ।

जल जीवनको आधारभूत श्रोत हो । अधिकांश सभ्यताको कुरा आउँदा प्राय नदीनद जोडिएर आउनुको कारण पनि यही हो । यही कारणले यस धराभन्दा वाहिर पानीको खोज जीवनको खोजको पर्याय वनेको छ । पानीको उपलब्धताको आधारमा जीवनको सम्भावनालाई असर पार्ने हुन्छ ।

हिमालमा हिउँ छ त्यसैले त नदीहरूमा वाहै मास पानी छ । नदीमा पानी छ र त यस भेगमा चराचर जगतले जीवन दायीनी ऊर्जा प्राप्त गरेका छन् । त्यतिमात्रै होइन हिमाल तथा उच्च पहाडकै कारण यहाँ नियमित वर्षा छ । नदी निरन्तर प्रवाहमान छ । नदी प्रस्रवण क्षेत्र हराभरा छ । जीवन्त छ । तराईमधेस, पहाड र हिमालसहितको यस त्रिविष्टवको यस भूमिमा भौगोलिक विविधताका कारणले प्राकृतिक विविधता छ । जैविक विविधता छ । छोटोछोटो यात्रामा पनि गरम, शीतलदेखि हिउँ जम्ने चिसो पर्यावरणीय विविधता छ । यस प्रकारको पर्यावरणीय विविधताको हिमालयको कारणले जीवन्त हुन गएको छ । हिउँको रूपमा सञ्चित अथाह जल भण्डारले सिँचेको छ । सहज तरिकाले नवीकरण भइरहने प्राकृतिक जलकोष हिमलहरले सकल हिमाल पर्यन्त सिन्धुसम्मको क्षेत्रलाई अविच्छिन्न सिँचिरहेको छ । हिमवत्खण्डलाई जीवन्त वनाइरहेको छ ।

यसरी जीवन्त वनेको हिमवत्खण्डको पर्यावरणमा सभ्यताको उद्भव हुनु स्वाभाविक हो । निश्चित रूपमा यो सभ्यताको उद्गम भूमि हो । यो जीवनदायीनी शक्तिको उद्गम थलो जो छ, प्राकृतिक प्राणको जो प्रारम्भ विन्दु छ, अवश्यमेव यो पवित्र छ । त्यसैले यो निश्चल वातावरण ज्ञानभूमि भयो । तपोभूमि भयो । सभ्यताको उद्गम भूमि हो । ऋषिका, मनिषिका, तोन्पाका, बुद्धका, तिर्थङ्करका, गुरु, आचार्यका साधना केन्द्र रहे र विविध सभ्यताका धाराहरू यिनै शिखर स्थानवाट निसृत भएर अन्यत्र वहन गएको स्पष्ट दृष्टिगोचर हुन्छ ।

यहाँ पर्यावरणमा प्रचुर विविधता जसरी स्वभाविक छ त्यसैगरी यहाँको विविध रहनसहन, जीवनयापनको विधि, भेषभुषा, कला, भाषा लगायतका सांस्कृतिक विविधता पर्यावरणीय विविधतामा सहजताका साथ जोडिन, मिसिन र समाहित भएर त्यसमा सहजीवी हुन युगौंको अभ्यासवाट, उद्विकसित स्वभाविक र अनिवार्य प्राकृतिक परिघटना हो । हिमवत्खण्डको पर्यावरणले यी संस्कृतिहरूलाई जीवन दिएको छ र हिमवत्खण्डमा सहजरूपले अस्तित्वमा रहन यी संस्कृतिहरूको अविच्छिन्न निरन्तरता अनिवार्य छ । विविधता भएर पनि यी संस्कृतिहरूमा समान जीवनदायीनी शक्तिको मूल छ । त्यसैले यीनीहरूमा समानता पनि छ । मौलिक पद्धतिहरूको प्रारम्भ नै विविधतामय र सहअस्त्विको आधारमा भएको कारण यीनी पद्धतिहरूमा सामञ्जस्यता, समभाव र सहृदयता सहज छ । युगौं युगको सहअस्तित्वमा रहेका यी संस्कृतिहरू एक आपसमा अन्योन्याश्रित वनिसकेका पनि छन् ।

हिमाल र हिमाल निसृत जलप्रवाहवाट जीवन्त प्रस्रवण क्षेत्रको जुन हिमवत्खण्ड छ यहाँ युगौं युगदेखिको जुन तादात्म्यता छ यसलाई हिमवत्खण्डको सङ्कथनले लोकमा अभिव्यक्त गरेको छ । यसको अभिव्यक्ति वैदिककालमा नै वैदिक ऋषि मुनिहरूले गरिसकेको विद्वानहरूको मत रहिआएको छ। ऋगवेददेखि मुन्धुमसम्म पनि हिमालयको महिमागान गरिएवाट हिवमत्खण्डको सङ्कथन अतिप्राचीनकालदेखि लोकमान्यतामा अभ्यासमा रहेको स्पष्ट हुन आउँछ ।

स्वभाविकरूपमा हिमवत्खण्डको पर्यावरण, हिमवत्खण्डको संस्कृति र हिमवत्खण्डको सङ्कथन र समग्रमा हिमवत्खण्डको जनजीवीका एकआपसमा समाहित छ । यो पद्धति मूलप्रवाहमा रहँदारहँदै पनि विभिन्न परिघटनाले यसको चेतना तहमा उतारचढावहरू आएको हुन सक्छ । तर अहिलेको विश्व परिघटना हिमवत्खण्डको अस्तित्वलाई नै चुनौति दिइरहेको अवस्था महसुस हुन थालेको छ । अहिले एकै साथ पर्यावरणीय रूपमा, संस्कृतिक रूपमा र सङ्कथनको रूपमा पनि हिमवत्खण्डको जीवन्त अस्तित्वमा

प्रहार भइरहेको छ ।

विश्वव्यापी पर्यावरणीय बदलावका कारण हिमालको अस्तित्वमा नै प्रश्न चिन्ह खडा गरेको अवस्था छ । हिमालमा हिउँ घट्न थालेको अध्ययनहरूले देखाएको छ । यसले पक्कै पनि नदीको प्रवाहमा असर पुऱ्याएको छ । स्वभाविक रूपमा यसले नदि प्रस्रवण क्षेत्रको जनजीवनलाई प्रभावित पारेको छ ।

विविधता भित्र एकताको संस्कृतिमा जीवन्त संस्कृतिमा कविललाई प्रवृत्तिवाट उदय भएको संस्कृतिको प्रभावले पनि यहाँको प्राकृतिक संस्कार र रहन सहनमा व्यापक असर गरिरहेको छ । हिमवत्खण्ड पालित यहाँका जीवन जनजीवीकामा कृत्रिम रूपमा फैलाउन खोजिएको पराई संस्कृतिको सङ्क्रमण बढ्दो छ । यसवाट हिमवत्खण्डको सहज तादात्म्यलाई खण्डित पार्ने प्रयास भइरहेको छ ।

मूलमा हाम्रो मौलिक सङ्कथन मूलप्रवाहमा नरहेको कारण हाम्रोवारेमा आफ्नै वारेमा पनि पराई श्रोतको विचारवाट, दृष्टिकोणवाट थाहा पाउने वा जान्ने, वुझ्ने र मूल्य मान्यता राख्ने परिपाटी स्थापित हुँदै गएका कारणले समस्या झनै जटिल हुन गएको छ ।

त्यसकारण अव यस युगलाई नै युगीन विचार प्रवाहले सिञ्चित गर्न सहृदयता दर्शनको आलोक प्रदान गर्नुभएका युगद्रष्टा गुरु डा निर्मलमणि अधिकारीले नेपालका साथै वरपर रहेका समग्र हिमवत्खण्डको सहज अस्तित्व रक्षा, यसको विकास र समृद्धिको लागि हिमवत्खण्डको पुनर्जागरणको अवधारणा ल्याउनु भएको छ । हिमवत्खण्डको अस्तित्वको लागि विश्वव्यापी रूपमा भइरहेको प्रकृतिको दोहन रोक्न, यहाँको मौलिक पद्धति, धर्म संस्कृतिलाई अक्षुण्ण राख्न, र यस भूखण्डको सङ्कथनलाई पुनर्जीवन दिएर यहाँको जीवनलाई सरल, सहज, समृद्ध र अब्वल बनाउन सकिन्छ । यसको लागि हिमवत्खण्डका जनताहरूको एकत्व र उनीहरूको एकत्रित पहल कदमीको आवश्यकता महसुस गरेर युगद्रष्टा गुरुले हिमवत्खण्ड पुनर्जागरणको आह्वान गर्नुभएको हो ।

हिमवत्खण्डको महत्ता उजागर गर्नमा श्री ५ बडा महाराजधिराज पृथ्वीनारायण शाह, योगी नरहरिनाथ, कविवर भानुभक्त पोखरेलको विशेष योगदान रहेको छ । उहाँहरूकै मार्गनिर्देशनमा, उहाँहरूकै प्रेरणामा हिमवत्खण्डको विकास र समृद्धिको लागि जरो किलो महाअभियानलाई उहाँहरूको उत्तराधिकारी शक्तिको रूपमा युगद्रष्टा गुरुले संस्थापित गर्नुभएको छ । नेपालको सर्वोपरी हिंत गर्न, दिगो विकासका लागि, वास्तवमै नेपालको जरो किलो बलियो बनाउनको लागि हिमवत्खण्डको पुनर्जागरण अवश्यम्भावी छ । उठौं, जागौं राष्ट्रोदयको लागि, हिमवत्खण्डको पुर्नजारण र पुनरुथानको लागि युगद्रष्टाको सङ्कल्पमा प्रतिवद्ध भएर युगप्रवर्तनको मार्गमा अग्रसर बनौं ।

विशिष्टीकृत संस्थाहरुमा नयाँ नेतृत्व

काठमाडौं । जरोकिलो महाअभियानका विभिन्न विशिष्टीकृत संस्थाहरुमा नेतृत्व परिवर्तन भएको छ । जरोकिलो प्रतिष्ठान नेपालका पुस ३ गते सम्पन्न साधारणसभाले बलराम प्रजापतिको अध्यक्षतामा नौ सदस्यीय नयाँ सञ्चालक समिति गठन गरेको छ । समितिमा सुशील गौतम, विना अधिकारी, सीतालक्ष्मी प्रजापति, यमनाथ उपाध्याय, हीराकुमारी लामिछाने, लक्ष्मण पोखरेल, श्यामकृष्ण सुवेदी र प्रकाश बोलखे हुनुहुन्छ ।

साधारणसभालाई सम्वोधन गर्नुहुँदै संस्थापक अध्यक्ष डा. निर्मलमणि अधिकारीले जरो किलो प्रतिष्ठान नेपाल जरो किलो महाअभियानका अन्य संस्थाहरुको अभिभावक संस्थाको रुपमा रहेकोको र छोटो समयमै नेपालको धर्म, संस्कार र संस्कृति साथै भाषा र उद्यमशीलता लगायतको क्षेत्रमा उदाहरणीय कार्य गरी सम्मानीत संस्थाको रुपमा स्थापित भएको बताउनुभयो । बजेत प्रस्तुत गर्नु हुँदै संस्थाका निवर्तमान कार्यवाहक अध्यक्ष श्रीराम प्रसाद पोखरेलले समाजवाट उठाएर समाजकै सेवामा प्रतिष्ठानले कार्य गरिरहेको बताउँदै भविष्यमा पनि नेपालको जरो र किलो बलियो बनाउने कार्यहरुलाई तीव्रता दिने बताउनु भयो । सभामा बलराम प्रजापतिले वार्षिक प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो ।

साधारणसभाले गत आर्थिक वर्षको प्रगति विवरण, लेखा परिक्षकको प्रतिवेदन, आगामी वर्षको कार्ययोजना तथा बजेटको साथै विधान संशोधनको प्रस्ताव पारित गरेको छ ।

त्यसै गरी पुस ३ गते नै जरो किलो महाअभियानको अर्को विशिष्टीकृत संस्था सहृदय उद्यमशीलता प्रालिको पनि साधारणसभा पनि सम्पन्न भएको छ । साधारण सभाले संस्थाको गत आर्थिक वर्षको प्रगति विवरण, लेखा परिक्षकको प्रतिवेदन, आगामी वर्षको कार्ययोजना र बजेट पारित गरको छ । सभामा जरो किलो महाअभियानका संकल्पकर्ता उर्मिला खनाल अधिकारीले अशिर्वचन दिनु भएको थियो । प्रवन्धक कृष्णराम प्रजापतिले वार्षिक प्रगतिविवरण प्रस्तुत गर्नुभएको थियो भने अध्यक्ष जोनसन थापाले आगामी वर्षको कार्ययोजना तथा बजेत प्रस्तुत गर्नुभएको थियो ।

त्यसै गरी पुस १७ गते सम्पन्न सञ्चारयोग मिडिया प्रालिको साधारण सभाले नुमनाथ प्याकुरेलको अध्यक्षयतामा नयाँ सञ्चालक समिति गठन गरेको छ । सञ्चालक समितिका सदस्यहरुमा सुशिल गौतम, बलराम प्रजापति, विना अधिकारी, लक्ष्मण पोखरेल, समिर गौतम र लक्ष्मी कुमारी शर्मा पोडेल रहनु भएको छ ।

प्रथम हिमवत्खण्ड पुनर्जागरण दिवस सम्पन्न

गोरखा। ३०० औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसर पारेर हिमवत्खण्ड पुनर्जागरण दिवस मनाउन प्रारम्भ गरिएको छ । युगद्रष्टा डा. निर्मलमणि अधिकारीले हिमवत्खण्डको पुनर्जागरणको अवधारणा प्रस्तुत गर्दै प्रत्येक वर्ष पृथ्वी जयन्तीको अवसर पारेर पुस २७ गते हिमवत्खण्डको पुनर्जागरण दिवस मनाउनको लागि आह्वान गर्नुभएको हो । उहाँको अह्वानमा, उहाँले ल्याउनु भएको अवधारणा पत्रमा प्रतिवद्धता जनाउँदै देशभर विभिन्न कार्यक्रमहरू आयोजना गरेर हिमवत्खण्ड पुनर्जागरण दिवस मनाइएको छ ।

श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको जन्मभूमि गोरखा, काठमाडौं, झापा, कैलाली, कन्चनपुर, दार्चुलाका साथै विविध स्थान र अन्तर्राष्ट्रियस्तरमा पनि भौतिक तथा प्रविधिको माध्यमवाट प्रथम हिमवत्खण्ड पुनर्जागरण दिवस मनाइएको हो ।

नेपालको पुनःएकीकरणकर्ता श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहले आधुनिक नेपालको निर्माणको जग राख्नु भइ हिमवत्खण्डको पुनर्जागरणको आधारशिला खडा गर्नुभएको सम्मानमा श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको जन्म दिवसको अवसर पारेर हिमवत्खण्ड दिवस पुनर्जागररण दिवस मनाउन आह्वान गरिएको हो । उहाँले नेपालवाहिर रहेका विश्व साम्राज्य खडा गर्न उद्दत साम्राज्यवादी विश्वशक्तिसँग लडेर, छिमेकमा रहेका प्रभुत्वशाली मुगल साम्राज्यसँग भिडेर र नेपालभित्रै पनि सवल र समृद्ध रूपमा स्थापित रहेका राज्यहरूसँग युद्ध गरेर नेपालको पुनःएकीकरणलाई सार्थक बनाउनुभएको थियो । नेपाललाई सवल र सक्षम रूपमा स्थापित गरेर उहाँले साम्राज्यवादी शक्तिहरूसँग लड्नसक्ने एउटा सवल राष्ट्रको रूपमा नेपाललाई स्थापित गर्नुभएको थियो । यही कारणले गर्दा सुगौली सन्धि हुँदा नेपालले आफ्नो केही भूभाग गुमाउनु परेपनि आफ्नो शान गुमाउनु परेन । नेपालको राष्ट्रियता अक्षुण्ण रह्यो । नेपालको सार्वभौमसत्ता अविच्छिन्न निरन्तर प्रवाहित रह्यो । उहाँकै सङ्कल्पमा नेपाल विविध जातजातिको साझा फूलवारीको रूपमा एकत्रित र एकतावद्ध रह्यो । त्यसैले पुस २७ गतेको दिनलाई श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको जन्मदिनलाई राष्ट्रिय एकता दिवसको रूपमा पनि मनाइदै आएको छ । उहाँको जन्म जयन्ती र राष्ट्रिय एकता दिवसलाई निरन्तरता दिँदै उहाँको वृहत्तर योगदानको सम्मान गर्दै, उहाँको ३०० औं जन्म जयन्तीको अवसर पारेर जरोकिलो महाअभियानका सङ्कल्प कर्ता युगद्रष्टा गुरुले यसवर्षदेखि प्रत्येक वर्ष पुस २७ गतेदखि हिमवत्खण्ड पुनर्जागरण दिवस मनाउन आह्वान गर्नुभएको हो ।

उहाँको आह्वानलाई विभिन्न सङ्घसंस्थाहरूले आत्मसात गर्दै, उहाँको आव्हानमा प्रतिवद्धता जनाउँदै आगामी दिनमा हिमवत्खण्डको पुनर्जागरणको लागि समर्पित रहने जनाई सक्नुभएको छ । तदनुरूप पुस २७ गते विभिन्न सङ्घसंस्था तथा सङ्गठनहरूले हिमवत्खण्ड पुनर्जागरण दिवस भव्यताका साथ सम्पन्न गरेका छन् ।

हिमवत्खण्ड पुनर्जागरण दिवसलाई भव्यताका साथ मनाउन जरोकिलो महाअभियान श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको जन्म भूमि उहाँको जन्मथलो गोरखा पनि गोरखा दरवारमै पुगेर उहाँप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ युगद्रष्टा गुरुको प्रतिनिधि भएर जरोकिलो महाअभियानका अभियानकर्ताहरूले श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको जन्मथलो गोरखा दरवार पुगेर काली माताको आशिर्वाद थापेर, गोरखनाथको आशिर्वाद थापेर, उहाँहरूसँग आशिष लिएर हिमवत्खण्डको पुनर्जागरणको लागि कृत्य सङ्कल्पित रहने प्रतिवद्धता जनाएका छन् । जरो किलो महाअभियानका विभिन्न संस्थाहरू, ती संस्थाका प्रतिनिधीहरू गोरखा पुगेर श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाह प्रति श्रद्धाञ्जली अर्पण गर्दै कालीमाता र गोरखनाथको आशिर्वाद ग्रहण गर्दै हिमवत्खण्ड पुनर्जागरणको लागि अझ प्रतिवद्ध

भएर अझ ऊर्जावान् भएर आगामी दिनमा सक्रियताका साथ जरोकिलो महाअभियानलाई सार्थक वनाउँदै हिमवत्खण्डको पुनर्जागरण हेतु क्रियाशील रहने प्रतिवद्धता दोहोऱ्याएका छन् ।

मौलिक जराकिलो पार्टीको केन्द्रीय प्रतिनिधिको रूपमा उपाध्यक्ष वलराम प्रजापति को नेतृत्वमा र मौलिक जरोकिलो पार्टी गण्डकी प्रदेश समितिको आयोजनामा गोरखा दरवार परिसरमा औपचारिक कार्यक्रम आयोजना गर्दै यस वर्ष अर्थात् २०७८ पुस २७ गतेवाट युगद्रष्टा गुरुको आव्हानमा हिमवत्खण्ड पुनर्जागरण दिवस मनाउन थालिएको उद्घोष गर्नुभयो ।

मौलिक जरोकिलो पार्टी गण्डकी प्रदेश अध्यक्ष हरि नेपालको अध्यक्षतामा सम्पन्न सत्सङ्गमा सनातन धर्म महासङ्घका प्रवक्ता राजन अधिकारी, त्यसैगरी सञ्चारयोग मिडियाका अध्यक्ष नुमानाथ प्याकुरेल, अखिल नेपाली विद्यार्थी सङ्घका अध्यक्ष भुवन खत्री, त्यसैगरी मौलिक जरोकिलो पार्टी केन्द्रीय सदस्य कमल न्यौपाने, मौलिक जरोकिलो पार्टीका प्रदेश सदस्य नारायण वाग्ले, प्रदेश कोषाध्यक्ष जगत वाग्ले सहृदयता समाज नेपालका कोषाध्यक्ष गौरव न्यौपान, मौलिक जरोकिलो पार्टी गोरखा जिल्ला संयोजक रमेश भट्ट, पार्टीका सदस्य वासु उप्रेती, नेपाली विद्यार्थी सङ्घका निगम न्यौपाने, लगायतले श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहले नेपालको पुन: एकीकरण गरेर नेपाली राष्ट्रियताको रक्षा र यसको सवलीकरण गर्न पुऱ्याउनुभएको योगदानको चर्चा गर्नुभयो ।

त्यसैगरी कैलालीको टीकापुरमा आयोजित ३०० औं पृथ्वीजयन्ती तथा हिमवत्खण्ड पुनर्जागरण दिवस कार्यक्रमलाई सम्वोधन गर्नुहुँदै मौलिक जरोकिलो पार्टीका अध्यक्ष सुशील गौतमले श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको वास्तविक उत्तराधिकारीको रूपमा मौलिक जरोकिलो पार्टी रहेको वताउनुभयो । उहाँले श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहले हिमवत्खण्डको पुनर्जागरण तथा पुनरुत्थानको उद्देश्यसहित नेपालको एकीकरण गर्नुभएको वताउनुहुँदै वर्तमान समयमा हिमवत्खण्डको पुनर्जागरणको कार्यभारसहित साङ्गठनिक रूपमा सक्रिय एकमात्र शक्ति रूपमा मौलिक जरोकिलो पार्टी रहेको हुनाले मौलिक जरोकिलो पार्टी पृथ्वीनारायण शाहको वास्तविक उत्तराधिकारी भएको दावी गर्नुभयो । टिकापुर जिल्ला समितिका अध्यक्ष राजु विष्ट को अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा मौलिक जरोकिलो पार्टी सुदूरपश्चिम प्रदेश अध्यक्ष खिमानन्द जोशी, केन्द्रीय परिषदका सदस्य धिरेन्द्रचन्द्र सोडारी लगायतले हिमवत्खण्ड पुनर्जागरणका संवाहक तथा राष्ट्रिय एकताका प्रतीक श्री छ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको योगदानवारे परिचर्चा गर्नुभयो ।

त्यसैगरी प्रदेश नं. १ मा ३००औँ पृथ्वी जयन्ती तथा प्रथम हिमवत्खण्ड पुनर्जागरण दिवस इटहरीमा सम्पन्न भयो । उक्त कार्यक्रमलाई सम्वोधन गर्दै मौलिक जरो किलो पार्टीका महासचिव लिलावहादुर वानियाँले हिमवतखण्डको पुनर्जागरणमार्फत नेपालको जरो किलो थप वलियो हुने वताउनुभयो । मौलिक जरो किलो पार्टी प्रदेश नं १ का अध्यक्ष इन्द्रप्रसाद ओलीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा, केन्द्रीय सदस्य नम्रता उप्रेतीका साथै प्रदेशका विभिन्न पदाधिकारीहरूले पृथ्वीनारायणशाहको योगदान तथा हिमवत्खण्ड पुनर्जागरणको आवश्यकताको वारेमा चर्चा गर्नुभयो । लुम्विनी प्रदेशमा पनि ३०० पृथ्वीजयन्ती तथा प्रथम हिमवत्खण्ड पुनजर्गागरण दिवस भव्यताका साथ मनाइएको छ । कार्यक्रममा प्रदेश अध्यक्ष प्रकाश श्रेष्ठ, केन्द्रीय प्रवक्ता मित्रलाल शर्मा लगायतले हिमवत्खण्डको आवश्यकता तथा पृथ्वी जयन्तीको सान्दर्भिकताको वारेमा चर्चा गर्नुभयो ।

त्यसै गरी काठमाडौँमा जरो किलो महाअभियानका विभिन्न विशिष्टीकृत संस्थाहरूको सामूहिक आयोजनामा जमलमा ३०० औं पृथ्वी जयन्ती तथा प्रथम हिमवत्खण्ड पुनर्जागरण दिवस कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा सहृदयता समाज नेपालका अध्यक्ष आचार्य तिलकप्रसाद लुइटेल, सनातन धर्म महासङ्घका महासचिव माधवप्रसाद लामिछाने, प्रगतिवादी युवा समाज नेपालका अध्यक्ष टेकराज कोइराला, सहृदय उद्यमशीलताका अध्यक्ष जोनसन थापा, अखिल नेपाली युवा सङ्घका अध्यक्ष प्रवीण वस्नेत लगायतले हिमवत्खण्ड पुनर्जागरणको आवश्यकताका वारेमा चर्चा गर्नुभयो ।

मेघोत्पत्ति र वर्षा

✍ **माधवप्रसाद पाण्डेय**
(विद्यावारिधि)
सहप्राध्यापक, नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठ

१.१ उपोद्घात

वेदाङ्गभूत त्रिस्कन्धात्मक ज्योतिषशास्त्रमा सिद्धान्त, संहिता र होरा प्रसिद्ध छन् । तीमध्ये सामुहिक फलविश्लेषण गर्ने संहिताशास्त्रमा जीवन र जगत्सँग सम्बद्ध विभिन्न पक्ष समाविष्ट हुन्छन् । ती अनेकौँ विधाहरूमध्ये मेघ र वर्षाका विषयमा उल्लिखित बहुविधमध्ये केही पक्षमा यो आलेख केन्द्रित रहेको छ।

१.२ वृष्टिप्रयोजन र मेघनिर्माणका कारक तत्त्वहरू

विश्वका समग्र प्राणीको जीवन अन्नमा आधारित छ । अन्नको अभिवृद्धि तथा अन्नशक्तिको सुरक्षाका मूल कारकतत्त्वहरूमध्ये सर्वप्रथम मेघदेवताको नाम अग्रपङ्क्तिमा आउँछ । अन्न उत्पादन गर्नमा वर्षाको भूमिका प्रमुख रहने हुँदा अन्नका लागि वृष्टिको संभावना मुख्य विषय हो ।[1]

ज्योतिषशास्त्रको संहिता ग्रन्थमा जलदागम तथा सुभिक्षमाथि पुष्कल विचार प्रस्तुत गरिएको छ । संहिताकारहरूले मेघनिमार्णकारक तत्त्वहरूका विषयमा सङ्केत गरेका छन् । जसमा सूर्य रश्मि र वायुको सम्मिश्रणद्वारा नै मेघको निमार्ण हुने कुरा बताइएको छ । पञ्चतारा– भौम, बुध, गुरु, शुक्र र शनि यी पाँच ग्रहका दीप्ति पनि वृष्टिकारक हुन्छन् । यी ग्रहहरूमा स्वतः दीप्ति हुँदैन, सूर्यको प्रकाशबाट नै यिनीहरू आलोकित हुन्छन्। त्यसैले मेघोत्पत्तिमा सूर्यरश्मि नै प्रमुख कारण हुन्छन् । जलशोष तथा प्रवर्षण दुबैको नियामक सूर्य हुन् ।[2] मेघनिमार्णमा रश्मि एवं वातका अतिरिक्त यज्ञधूम प्रमुख कारण हो । अन्नबाट भूतोत्पत्ति, पर्जन्यबाट अन्नोत्पत्ति, यज्ञद्वारा पर्जन्योत्पत्ति तथा कर्मसाधनाद्वारा यज्ञोत्पत्ति हुन्छ ।[3]

१.३ मेघको गर्भधारणकाल

शास्त्रज्ञ प्राचीन आचार्यहरूले मेघको गर्भधारणकाल तथा गर्भपाक कालका विषयमा विधिवत् निर्देश गरेका छन् । यी निर्देशअनुसार वर्षमा ६ महिनापछि नै मेघ वादलले वर्षा गराउँछ। विधिनिर्देश गर्ने यी आचार्यहरूमध्येका एक आचार्य सिद्धसेनले मेघको गर्भधारणकाल कार्तिकशुक्लपक्षान्तदेखि प्रारम्भ हुन्छ भनेका छन् ।[4]

आचार्य सिद्धसेनको यो मत वराहमिहिरलाई मान्य छैन। सिद्धसेनको यसमतलाईस्वीकारगर्दाजलदागमकाल ज्येष्ठान्तपक्ष हुन आउँछ। त्यसैले यसमा वराहमिहिरले आफ्नो फरक मत राखेका छन् ।[5] मार्गशीर्ष शुक्लपक्षमा चन्द्रमाले पूर्वाषाढा नक्षत्र भोग गरेको दिनदेखि मेघको गर्भाधानकाल प्रारम्भ हुन्छ। महर्षि गर्गको मत पनि यही हो ।[6] यसमा महर्षि कश्यपले विशेष कथन गरेका छन्। मार्गशीर्ष शुक्लप्रतिपदामा चन्द्रमा पूर्वाषाढा नक्षत्रमा प्रवेश गरेको समयदेखि मेघले गर्भधारण गर्दछ ।[7]

१.३.१ गर्भधारणकालिक शुभलक्षण

मेघको गर्भधारण कालमा अपेक्षित शुभलक्षणहरूमाथि यहाँ प्रकाश पारिएको छ। ती शुभ लक्षणहरू यस प्रकार छन्- १) पूर्व, उत्तर, ईशानी सुखस्पर्शी हावा, २) आकाश निर्मल, ३) चन्द्रमा शीतल किरणयुक्त, ४) सूर्य वा चन्द्र मेघपरिवेष्टित, ५) आकाशमा

1. अन्नं जगतः प्राणाः प्रावृट्कालस्य चान्नमायत्तम्।
यस्मादतः परीक्ष्यः
प्रावृट्कालः प्रयत्नेन ॥ बृहत्संहिता, गर्भलक्षणाध्यायः, श्लो. १ ।

2. धूमज्योतिः सलिलमरुतां सन्निपातः क्वमेघः । मेघदूतम्,

3. अन्नाद् भवन्ति भूतानि पर्जन्यादन्नसंभवः ।
यज्ञाद् भवन्ति पर्जन्यो यज्ञः कर्मसमुद्भवः ॥ गीता, ३ । १४ ॥

4. शुक्लपक्षमतिक्रम्य कार्तिकस्य विचारयेत् ।
गर्भाणां संभवं सम्यक् सस्यसम्पत्तिकारणम् ॥ बृहत्संहिता, गर्भलक्षणाध्यायः, श्लो. ५, अत्र भट्टोत्फलटीकायां समुद्धृतं सिद्धसेनवचनम्।

5. मार्गशिरः सितःपक्षप्रतिपत्प्रभृतिः क्षपाकराऽषाढाम्।
पूर्वां वा समुपगते गर्भाणां लक्षणम् ज्ञेयम् ॥ पूर्ववत्, श्लो. ६ ।

6. शुक्लादौ मार्गशीर्षस्य पूर्वाषाढाव्यवस्थिते।
निशाकरे तु गर्भाणां तत्रादौ लक्षणं वदेत् ॥ पूर्ववत्, श्लो. ६, अत्र टीकायां समुद्धृतं गर्गवचनम्।

7. सितादौ मार्गशीर्षस्य प्रतिपद्दिवसे तथा।
पूर्वाषाढागते चन्द्रे गर्भाणां धारणं भवेत् ॥ पूर्ववत, श्लो. ६, अत्र टीकायां लिखितं कश्यपवचनम्।

बादलको शान्त गर्जन, ६) इन्द्रधनुषको दर्शन, ७) विजुलीको चमक, ८) प्रतिसूर्यको दर्शन, ९) पशुपक्षिको समूह प्रशान्त आदि लक्षण मूल गर्भधारण पुष्टियुक्त गर्भ प्राप्त हुन्छ । त्यसैगरी अरु पनि शुभ लक्षणहरूको वर्णन गरिएको छ। जस्तै–

१) मार्गशर्षि महिनामा शीत नहोस्, २) पौषमासमा सन्ध्या रक्ताभ होस्, ३) माघमा प्रचण्ड हावा चलोस् र अति शीत परोस्, ४) फाल्गुनमा रुखो हावा चलोस् र सूर्य कपिल वर्णको होस्, ५) चैत्रमा हावासँगै मेघ देखियोस्, ६) वैशाखमा मेघ देखियोस् यी अवस्था गर्भ पुष्टिकारक हुन्छन्।

१.३.२ गर्भकारक नक्षत्र

शतभिषा, अश्लेषा, आर्द्रा, स्वाती तथा मघा नक्षत्रमा गर्भधारण गर्ने मेघ कैयौँ दिनसम्म वर्सिरहन्छ ।[8] मार्ग, पौष, माघ, फाल्गुन, चैत्र या वैशाखमा उक्त नक्षत्रमा गर्भधारण गरेमा क्रमशः ८, ६, १६, २४, २० एवं ३ दिनसम्म अहर्निश वर्षा भइरहन्छ।[९]

१.३.३ गर्भधारणका निमित्तकारणहरू

मेघको गर्भधारणमा पाँच निमित्तकारण हुन्छन् । ती यसप्रकार छन्- १) हावा, २) जल, ३) विद्युत, ४) गर्जन र ५) मेघ यी पाँचकै उपस्थिति गर्भधारणमा भएमा प्रसवकालमा प्रबल वृष्टि हुन्छ। गर्भधारणकालमा यी ५ निमित्त कारण हुनु प्रशस्त मानिन्छ। यी ५ मध्ये कुनै एक निमित्तको अभाव पनि वृष्टिका लागि हानिकारक हुन्छ।

गर्भधारणकालमा नै वर्षा भएमा त्यसको प्रसवकालमा छिटा मात्र पर्छ । गर्भधारणकाल पाँच निमित्तले युक्त भएमा एक सय योजन अर्थात ४०० कोश परसम्म प्रशस्त जल सम्प्लव हुन्छ । गर्भधारणकालमा चार निमित्त मात्र रहेमा पचास योजन अर्थात् २०० कोशसम्म, तीन निमित्त रहेमा पच्चीस योजन- १०० कोश, दुई निमित्त रहेमा साढेबाह्र योजन- ५० कोश र एक निमित्त मात्र रहेमा पाँच योजन- २० कोश परसम्म मात्र वर्षा हुन्छ।

१.४ मेघप्रसवकाल

मेघले गर्भधारण गरेको दिनदेखि ६ महिना १५ दिन आसपासपछि प्रसवकाल सुरु हुन्छ । मार्गशीर्ष महिनामा गर्भधारण काल भएमा वृष्टिकाल श्रावण महिना हुन्छ । गर्भपुष्टिका लागि न्यूनतम ६ महिना १५ दिन लाग्छ । वराहमिहिरका अनुसार गर्भधारणकालदेखि गर्भपुष्टिकाल चान्द्रनक्षत्रअनुसार १९५ दिनपछि आउँछ।[10]

शुक्लपक्षमा धारण गरेको गर्भ ६ महिना १५ दिनपछि कृष्णपक्षमा प्रसव- वृष्टि हुन्छ । त्यसैगरी कृष्णपक्षमा धृतगर्भ शुक्लपक्षमा प्रसवित हुन्छ ।[11] गर्भधारणकालदेखि गर्भप्रसवकाल ठीक विपरीत हुन्छ । शुक्लपक्षको गर्भको कृष्णपक्षमा तथा कृष्णपक्षको गर्भको शुक्लपक्षमा प्रसव हुन्छ। त्यसैगरी दिनको गर्भ रात्रिमा तथा रात्रिको गर्भ दिनमा प्रसावित हुन्छ। यस विषयमा महर्षि गर्गले आफ्नो संहितामा स्पष्ट परेका छन् ।[12]

मार्गशीर्ष शुक्लपक्षमा प्राप्त गर्भमेघ अल्पवृष्टिकारक हुन्छ । माघशुक्लपक्षमा गर्भधारण गरेको मेघ श्रावणकृष्णपक्षमा वर्षन्छ । माघकृष्णपक्षमा गर्भधारण गर्ने मेघ भाद्रशुक्लपक्षमा वर्षन्छ।[13] त्यसैगरी क्रमशः फाल्गुन शुक्लपक्षको गर्भ भाद्रकृष्णपक्षमा, फाल्गुनकृष्णपक्षको गर्भ आश्विनशुक्लपक्षमा, चैत्रशुक्लपक्षको गर्भ आश्विनकृष्णपक्षमा तथा चैत्र कृष्णपक्षको गर्भ कार्तिकशुक्लपक्षमा प्रसवकाल प्राप्त हुन्छ । पराशरद्वारा अनुमोदित यो मत बहुस्वीकृत छ।[14]

१.५ वर्षामा वृष्टिको परिमाण

गर्भधारणकालमा ५ निमित्त उपस्थित रहेमा १ द्रोण वृष्टि हुन्छ। त्यस दिन तेज हावा चलेमा ३ द्रोण पटक पटक विजुली चम्केमा ६ द्रोण, मेघच्छाया देखिएमा ९ द्रोण र मुहुर्मुहु गर्जन गरेमा १२ द्रोण वृष्टि हुन्छ। परिमाण परिभाषा यसरी गरिएको छ- पचासपल=१ आढक, दुईसय पल=४ आढक=१

---

8. शतभिषगाश्लेषार्द्रास्वातिमघासंयुतः शुभो गर्भः ।
पुष्णाति बहून् दिवसान् हन्त्युत्पातैर्हतस्त्रिविधैः ॥
पूर्ववत्, श्लो. २९ ।

9. मृगमासादिष्वष्टौ षट् षोडशविंशतिश्चतुर्युक्ता ।
विंशतिरथ दिवसत्रयमेकतमर्क्षेण पञ्चभ्यः ॥ पूर्ववत्, श्लो. ३० ।

10. यन्नक्षत्रमुपागते गर्भश्चन्द्रे भवेत् स चन्द्रवशात् ।
पञ्चनवते दिनशते तत्रैव प्रसवमायाति ॥ पूर्ववत्, श्लो. ७ ।

11. पौषासितपक्षाद्यैः श्रावणशुक्लादयो विनिर्देश्याः ।
सार्द्धैः षड्भिर्मासैर्गर्भविपाकः स नक्षत्रे ॥

12. दिवा भवति यो गर्भो रात्रौ स इति पच्यते ।
शुक्लपक्षे समुद्भूतः कृष्णपक्षे च वर्षति ॥ पूर्ववत्, श्लो. ८, अत्र भट्टोत्पलटीकायां समुद्धृतम्, गर्गवचनम् ।

13. माघसितोत्था गर्भाः श्रावणकृष्णे प्रसूतिमायान्ति ।
माघस्य कृष्णपक्षेण निर्दिशेद् भाद्रशुक्लकम् ॥ पूर्ववत्, श्लो. १० ।

14. अथ माघेन श्रावणं फाल्गुनेन भाद्रपदं चैत्राश्वयुजं वैशाखेन तु कार्तिकम् ।
शुक्लेन कृष्णं कृष्णेन शुक्लं दिवसेन रात्रिं रात्र्या दिवसं गर्भाः प्रसवन्तीति ॥

द्रोण[१५], अन्न परिमाण मापनमा आठ मुठी= एक कुँची, आठ कुँची= एक पुष्कल र चार पुष्कल= एक आढक हुन्छ ।[16] पराशरको मतमा समधरातलीय २० अङ्गुल लामो चौडा र ८ अङ्गुल अग्लो भाँडो वर्षाले भरिँदा १ आढक वर्षा हुन्छ ।[17]

१.६ वृष्टिमा विघ्न

ग्रहोपघातादि दुर्निमित्तका कारण वर्षा हुन नसकेमा पुनः दोस्रो गर्भकालको समयमा गर्भधारण गरेर मिश्रित वर्षा हुन्छ।[18] क्रूर ग्रहचारका कारण शुभलक्षण विनाश हुन्छन् । त्यसमा उत्पन्न भएको शुभविनाशक योगलाई उपघात भनिन्छ। त्यस उपघातका अतिरिक्त दिव्य, आन्तरिक्ष तथा भौमउत्पात पनि वृष्टिविनाशक हुन्छन् । यी उत्पातहरूका कारण उपलवृष्टि तडितपात तथा मत्स्यवृद्धि पनि हुन्छ।

जस्तै-

मङ्गलग्रह रोहिणी, श्रवण, मूल, उत्तराफाल्गुनी, उत्तराषाढा, उत्तराभाद्रपदा तथा ज्येष्ठा नक्षत्र चारवश मेघोपघातकारक हुन्छन् ।[19]

१.७ नक्षत्रका आधारमा वृष्टिप्रमाण[20]

गर्भधारणकालमा शुभनिमित्तयुक्त भएर शुभ गर्भधारण गर्दा प्रसवकाल पुष्ट हुन्छ र वर्षा हुन्छ। यसमा चन्द्रस्थित नक्षत्रअनुरूप वर्षाप्रमाण निर्दिष्ट छ।

जस्तै-

हस्त, पूर्वाषाढा, मृगशीर्ष, चित्रा, रेवती, घनिष्ठा यी नक्षत्रमा १६ द्रोण वृष्टि हुन्छ । त्यसैगरी शतभिषा, ज्येष्ठा, स्वातीमा ४ द्रोण, अनि कृत्तिकामा १० द्रोण, त्यसपछि श्रवण, मघा, अनुराधा, भरणी र मूलमा १४ द्रोण, त्यस्तै पुनर्वसुमा २० द्रोण, उप्रान्त विशाखा, उ.षा.मा पनि २० द्रोण, अश्लेषामा १३ द्रोण, त्यस्तै पूफा, उभा, उफा र रोहिणीमा २५ द्रोण अनि आर्द्रामा १८ द्रोण वृष्टि हुन्छ।

१.८ वृष्टिमा सूर्यादि ग्रहको प्रभाव

मेघोत्पत्ति र वर्षा विषयक विश्लेषणमा आकाश र तत्रत्य पिण्ड एवं सबै दिक्कोणका परिदृश्यको अध्ययन गरिन्छ। त्यसबाहेक ग्रहका विभिन्न स्वरूप, आकृति, रङ तथा तिनमा देखिने अनेकौँ परिदृश्य समेत यसमा प्रभावोत्पादक बनेका हुन्छन्।

१.८.१ वृष्टिमा सूर्यको प्रभाव

वृष्टिकारक र विनाशक दुबै तत्त्व सूर्यमा निहित छ। सूर्योदय र सूर्यास्त कालको सूर्य बिम्बको वर्णद्वारा पनि वृष्टिकारक र विघातक वा सुभिक्ष र दुर्भिक्षको सङ्केत मिल्छ।

प्रत्येक ऋतुका सूर्यबिम्बको वर्ण संहितामा निर्दिष्ट गरिएको छ। उक्त निर्धारित सहज ऋतु अनुरूपवर्णका साथ उदयास्त हुँदा प्रचुर वर्षा हुन्छ। अन्यथा उत्पात तथा उपघात नै हुन्छ। वर्षा ऋतुमा यसको वर्ण पनि निर्धारित छ।[21] प्रत्येक ऋतु अनुरूप सूर्यको सहज वर्ण निर्धारित छन्। जस्तै-

१) शिशिर –ताम्र वा कपिलवर्ण, २) वसन्त -कुङ्कुमच्छवि –पीत वा लोहित या हरित, ३) ग्रीष्म –पाण्डु- केही श्वेत वा सुवर्ण कान्ति, ४) वर्षा – श्वेत, ५) शरद–कमलवर्णी –अरुण, ६) हेमन्त –रक्तवर्ण,

प्रायः सबै संहिताकारहरूले मयूरचित्रक सूर्यबिम्ब देखिनुलाई महा अशुभ मानेका छन् । मयूरचित्रकाभ सूर्य उदयकालमा देखिएमा १२ वर्षसम्म वर्षा हुँदैन ।[22] मयूरचित्रकाभ सूर्यबिम्बलाई वृद्ध गर्गले पनि अशुभ मानेका छन्।[23]

सूर्य सान्निध्यका कारण अस्त हुने ग्रह पनि आफू अस्त हुँदा पृथिवीलाई जलले डुबाउँछन्। मन्द ग्रह सूर्यभन्दा अगाडी रहँदा अस्त हुन्छन् भने शीघ्रग्रह सूर्यभन्दा पछाडी रहँदा नै अस्त हुन्छन्।[24]

---

15. पञ्चाशत् पलकमाढकं चतुर्भिराढकैर्द्रोणः।

16. अष्टमुष्टिर्भवेत् कुञ्ची कुञ्चयोऽष्टौ तु पुष्कलम्।
पुष्कलानि च चत्वारि आढकः परिकीर्तितः ॥ आप्टे हिन्दी शब्दकोशः ।

17. समे विंशाङ्गुलानाहे द्विचतुष्काङ्गुलोच्छ्रिते। भाण्डे वर्षति सम्पूर्णं ज्ञेयमाढकवर्षणम् ॥ बृहत्संहिता, पूर्ववत्, श्लो. ३२, अत्र भट्टोत्पलटीकायां समुल्लिखितोऽयं श्लोकः ।

18. गर्भः पुष्टः प्रसवे ग्रहोपघातादिभिर्यदि न वृष्टः ।
आत्मीयगर्भसमये करकामिश्रं ददात्यम्भः ॥ पूर्ववत्, श्लो. ३५ ।

19. प्राजापत्ये श्रवणे मूले त्रिषु चोत्तरेषु शाक्रे च ।
विचरन् घननिवहानामुपघातकरः क्षमातनयः ॥ पूर्ववत्, भौमचारः, श्लो. ११ ।

20. पूर्ववत्, प्रवर्षणाध्यायः, श्लो. ६-९ ।

21. शरदि कमलोदराभो हेमन्ते रुधिरसन्निभः शस्तः ।
प्रावृट्काले स्निग्धः सर्वर्तुर्निभोऽपि शुभदायी ॥ पूर्ववत्, आदित्यचारः, श्लो. २४ ।

22. वर्षाकाले वृष्टिं करोति सद्यः शिरीषपुष्पाभः ।
शिखिपत्रनिभः सलिलं न करोति द्वादशाब्दानि ॥ पूर्ववत्, श्लो. २८ ।

23. मयूरचन्द्रिकाभो वा यदा दृश्येत भास्करः ।
पूर्णे तु द्वादशे वर्षे तदा देवः प्रवर्षति ॥ पूर्ववत्, श्लो. २८, अत्र टीकायां समुल्लिखितोऽयं श्लोकः ।

24. अग्रतः पृष्ठतो वापि ग्रहाः सूर्यावलम्बिनः।

सूर्य र मङ्गल ग्रहको योगले पनि वृष्टिलाई प्रभावित पार्दछ । सूर्यस्थित राशिदेखि एक राशि अगाडीको राशिमा भौम हुँदा वृष्टि नाशक हुन्छ भने पछाडी हुँदा प्रचुर वृष्टिकारक हुन्छ ।[25] शुक्र र बुध एउटै राशिमा हुँदा वर्षा हुन्छ तर यी दुईका बीचमा सूर्य आएमा वृष्टिनाश हुन्छ ।[26]

सूर्योदय वा सूर्यास्तकालमा इन्द्रधनुष, प्रतिसूर्य[27] रोहित[28] वा परिवेश[29] देखिएमा पृथिको अति सन्निकट आएर शीघ्र वृष्टि गराउँछ ।[30] सूर्योदय वा अस्त समयमा पर्वतजस्तै देखिनेगरी अग्लो अमोघकिरण[31] देखिएमा मेघ पृथिवीसन्निकट आएर अतिवृष्टि गराउँछ ।[32] मकर तथा कर्क सङक्रान्तिका दिनमा सूर्य श्वेत कान्तिमान् देखिएमा देशमा सुभिक्ष हुन्छ । पृश्वीमा अन्नादि उत्पादन र वृष्टि दुवै पर्याप्त हुन्छन् ।[33]

१.८.२ चन्द्रमाका आधारमा वृष्टिफल

शुक्ल पक्षको द्वितीयाको चन्द्रमाको श्रृङ्ग, समान देखिएमा देशमा सुभिक्ष हुन्छ ।[34] सुगा वा परेवाको आँखाजस्तो रातो वा महजस्तो रातो वर्णको पारदर्शी चन्द्रमा देखिएमा वा आकाशमा प्रतिचन्द्र देखिएमा वर्षा हुन्छ ।[35]

शुक्रदेखि सप्तम राशिमा स्थित चन्द्रमा शुभग्रहद्वारा दृष्ट भएमा अथवा शनिदेखि नवम वा पञ्चम राशिमा चन्द्रमा स्थित भएमा पनि वृष्टि हुन्छ ।[36] चन्द्रमा स्थित नाडीमा अरु कुनै ग्रह पनि होऊन् अथवा शुभपात मिश्रित ग्रहद्वारा वेधित भएमा पनि उत्तम वृष्टि हुन्छ ।[37] चन्द्रमा अमृता नाडिमा होस् र त्यहीँ अन्य सबै ग्रह एकत्र भएमा प्रचुर वर्षा हुन्छ ।[38] चन्द्रमाको दक्षिण वा वामपार्श्वमा प्रतिचन्द्रिका देखिएमा तीन रात्रिपर्यन्त लगातार वर्षा भइरहन्छ र पन्ध्रदिन भित्रै भयकारक वातावरण तयार हुन्छ ।[39]

यदा तदा प्रकुर्वन्ति महीमेकार्णवामिव ॥ पूर्ववत्, सद्योवर्षणाध्यायः, श्लो. २२ ।

25. दिनकरो यदि मङ्गलतः पुरो वितनुते भुवनं भुवि सर्वतः ।
क्षितिसुतो महदम्बुसमागमं हरति तं सवितुः पुरतो व्रजन् ॥ वनमाला, अ. १, श्लो. ७ ।

26. वृष्टियोगकरः शुक्रो यदा बुधसमीपगः ।
तयोर्मध्यगतो भानुस्तदावृष्टिविनाशकृत् ॥ वनमाला, अ. १, श्लो. ६, अत्र टीकायां समुद्धृतोऽयं श्लोकः ।

27. सूर्यको चक्राकार किरणलाई परिधि वा प्रतिसूर्य भनिन्छ । यो दोस्रो सूर्यजस्तै गरी चम्किन्छ । परिधिस्तु प्रतिसूर्यः ॥

28. इन्द्रधनुष सिधा देखिँदा रोहित हुन्छ । अथवा सिधा देखिने इन्द्रधनुषलाई रोहित भनिन्छ । सुरचापखण्डमृजु यद्रोहितम् ॥

29. सूर्य र चन्द्रमाको किरण हावाद्वारा मूर्च्छित भएर चक्राकार हुँदै परिवेशको रूप लिन्छ ।
सम्मूर्च्छिता रवीन्द्वोः किरणाः पवनेन मण्डलीभूताः ।
नानावर्णाकृतयस्तन्वभ्रे व्योम्नि परिवेषाः ॥

30. गिरयोऽञ्जनचूर्णसन्निभा यदि वा वाष्पनिरुद्धकन्दराः ।
कृवकवाकुविलोचनोपमाः परिवेषाः शशिनश्च वृष्टिद(ाः ॥ बृहत्संहिता, सद्योवर्षणाध्यायः, श्लो. ६ ।

31. शुक्लाः कराः दिनकृतो दिवादिमध्यान्तगामिनः स्निग(धाः ।
अव्युच्छिन्ना ऋजवो वृष्टिकरास्तेत्वमोघाख्याः ॥ पूर्ववत्, सन्ध्यालक्षणाध्यायः, श्लो. ११ ।
उदयास्ते वा मानोर्ये दीर्घा रश्मयस्त्वमोघास्ते ।
सुरचापखण्डमृजु यद्रोहितमैरावतं दीर्घम् ॥ पूर्ववत्, मयूरचित्रकाध्यायः, श्लो. २० ।
सूर्योदय वा सूर्यास्त समयमा सूर्यका दीर्घकिरणलाई अमोघ भनिन्छ । अथवा सूर्यका श्वेतवर्णी किरण अखण्ड, स्पष्ट, रुक्ष र नभोव्यापिनी भएमा अमोघ नामक किरण भनिन्छ ।

32. यद्यमोघकिरणाः सहस्रगोरस्तभूधकरा इवोच्छ्रिताः ।
भूसमं च रसते यदाम्बुदस्तन्महद् भवति वृष्टिलक्षणम् ॥ पूर्ववत्, सद्योवर्षणध्यायः, श्लो. १८ ।

33. मुक्तारजतचन्द्राभो राजते सविता दिवि ।
अयनद्वितये सस्यं प्रवदेदधिकं जलम् ॥ वनमाला, अ. ३, श्लो. १ ।

34. समशशिनि सुभिक्षक्षेमवृष्टयः प्रथमदिवससदृशाः स्युः ।
दण्डवदुदिते पीडा गवां नृपश्चोग्रदण्डोऽत्र ॥ बृहत्संहिता, चन्द्रचारः, श्लो. ११ ।

35. शुककपोतविलोचनसन्निभो मधुनिभश्च यदा हिमदी(धतिः ।
प्रतिशशि च यदा दिवि राजते पतति वारि तदा नचिरेण च ॥ पूर्ववत्, सद्योवर्षणाध्यायः, श्लो. ११ ॥

36. प्रावृषि शीतकरो भृगुपुत्रात् सप्तमराशिगतः शुभदृष्टः ।
सूर्यसुतान् नवपञ्चमगो वा सप्तमगश्च जलाऽऽगमनाय ॥ पूर्ववत्, श्लो. १९ ।

37. यत्रनाडयां गतश्चन्द्रस्तत्रगा यदि खेचराः ।
मिश्रग्रहविभिन्ना वा तद्दिने जलमुत्तमम् ॥ वनमाला, अ. ५, श्लो. ११ ।

38. सुधांशुरमृता नाड्यां तत्रैव सकला यदि ।
जलैरेकार्णवा पृथ्वी समन्ताज्जायते क्षणात् ॥ पूर्ववत्, अ. ५, श्लो. १५ ।

39. वामे दक्षिणे पार्श्वे चन्द्रस्य प्रतिचन्द्रिका ।

१.८.३ वृष्टिमा भौमको भूमिका

मङ्गलग्रह उष्ण प्रकृतिको हो । त्यसैले वृष्टि योग ध्वंसक हुन्छ। यस्तो हुँदाहुँदै पनि राशि परिवर्तन गर्ने समयमा भने यस्तो मङ्गल पनि वृष्टिकारक हुन्छ । चन्द्रमा र बृहस्पतिका साथमा रहेको मङ्गल पनि वृष्टिकारक हुन्छ।[40]

१.८.४ बुधवश वृष्टिफल

बुधग्रह उदय हुँदा कुनै न कुनै उत्पात हुन्छ । यस्ता उत्पातमा अतिवृष्टि, अग्निभय, प्रचण्ड वात्याचक्र र धान्यनाश आदि परिगणित हुन्छन् ।[41] यस विषयमा मतान्तर पनि पाइन्छ । जस अनुसार बुधग्रह अस्त हुँदा देखिएको उत्पातको ठीक विपरीत उत्पातमा उदय हुन्छ।[42] हस्त, चित्रा, स्वाती, विशाखा, अनुराधा र ज्येष्ठा नक्षत्रमा बुधग्रह सञ्चार गर्दा सुभिक्ष हुन्छ।[43]

१.८.५ वृष्टिमा गुरुको वैशिष्ट्य

बृहस्पतिको दृष्टि अत्यन्त शुभ मानिएको छ । वर्षाकालमा चन्द्रमा सहित कुनै पनि शुभग्रहमाथि पर्ने गुरुको दृष्टि वृष्टिकारक हुन्छ।[44]

बुधका साथमा हुने गुरुको संयोग सुनिश्चित रूपले वृष्टिकारक हुन्छ। यसमा सूर्य वा मङ्गलको उपस्थिति भने वृष्टिनष्टकारक हुन्छ ।[45] बुध, शुक्रका साथमा गुरुको पनि योग युति परेको समयमा चन्द्र पनि त्यसै राशिमा या नाडीमा आएमा उत्तम वृष्टि हुन्छ।[46]

१.८.६ शुक्रवश वृष्टिफल

उत्तरमार्गमा स्थित शुक्रोदय वा अस्त हुँदा समेत वर्षा हुन्छ। नाग, गज र ऐरावत वीथीको शुक्र उत्तर मार्गी हुन्छ। यी तीनवटै वीथी क्रमशः ३/३ नक्षत्र सम्बद्ध हुन्छन्। यिनमा पहिलो नक्षत्र अश्विनी हो । यसरी अश्विनीदेखि अश्लेषासम्म स्थित शुक्र उत्तरमार्गी हुन्छ। मघा नक्षत्रस्थ शुक्र पनि वृष्टिकारक हुन्छ ।[47] त्यसैगरी उ. फा. को शुक्र पनि सलिलागम कारक हुन्छ ।[48] चित्रा, विशाखा र शतभिषाको शुक्र धेरै वृष्टिको योजक हुन्छ ।[49] शुक्रको संयोगद्वारा वर्षाकारक हुने नक्षत्रहरूको विवरण पाइन्छ ।[50] उत्तरमार्गमा स्थित शुक्र उदित वा अस्त हुँदा समेत वर्षा हुन्छ।[51] यसमा धेरैको मतमिलेको पाइन्छ।

१.८.७ दृष्टिफलमा शनि

श्रवण, स्वाती, हस्त, आर्द्रा, भरणी र पूर्वाफाल्गुनी नक्षत्रस्थ शनि प्रचुर सलिल सम्प्लव कारक हुन्छ।[52] त्यसमा पनि पू.फा. नक्षत्रस्थ शनिलाई अझ अति वृष्टिकारक मानिएको छ।[53]

त्रिरात्रं महती वृष्टिः पक्षैकेन भयं भवेत् ॥ पूर्ववत्, अ. ४, श्लो. ८ ।

40. एकत्र यदि चन्द्रारौ भवेतां जीवसंयुतौ ।
तदेव महती वृष्टिः सर्वतो भुवि जायते ॥ पूर्ववत्, अ. ५, श्लो. २० ।

41. नोत्पातपरित्यक्तः कदाचिदपि चन्द्रजो व्रजत्युदयम् ।
जलदहनपवनभयकृद् धान्यार्घक्षयविवृद्धौ वा ॥ बृहत्संहि(ता, बुधचारः, श्लो. १ ।

42. अवर्षेकुरुते वर्षं वर्षे वर्षं नगच्छति ।
भये च कुरुते क्षेमं सर्वत्र प्रतिलोमगः ॥ पूर्ववत्, श्लो. १, अत्र भट्टोत्पलीयविवृतौ वृद्धगर्गवचनम् ।

43. हस्तादीनि चरन् षड् वै नक्षत्राणीन्दुनन्दनः ।
गवामशुभदः प्रोक्तः सुभिक्षक्षेमकारकः ॥ पूर्ववत्, श्लो. ४, अत्र भट्टोत्पलीयविवृतिः कश्यपवचनम् ।

44. जलभगो जलगो जलदागमे जलमयं जगदिन्दुरगं गतः ।
वितनुते गुरुणा बलपूरितः कविमतः परितः प्रि(वलोकितः ॥ वनमाला, अ. १, श्लो. ५ ।

45. बुधदेवेज्ययोर्योगे जलवर्षणमादिशेत् ।
तत्रादित्यो न वा भौमो जलदागमने भृशम् ॥ वनमाला, अ. १, श्लो. २४ ।

46. एकत्र बुधशुक्रौ वा भवेतां गुरुसंयुतौ । तत्र चन्द्रसम(ायोगाज्जायते वृष्टिरुत्तमा ॥ वनमाला, अ. ५, श्लो. २१ ।

47. आश्लेषासु भुजङ्गमदारुणपीडावहश्चरन् शुक्रः ।
भिन्दन् मघां महामात्र दोषकृद् भूरिवृष्टिकृत् ॥ बृह(त्संहिता, शुक्रचारः, श्लो. २८ ।

48. भाग्ये सबरपुलिन्दप्रध्वंसकरोऽम्बुनिवहमोक्षाय ।
आर्यम्णे कुरुजाङ्गलपाञ्चालघ्नः सलिलदायी ॥ पूर्ववत्, श्लो. २९ ।

49. चित्रास्थे शोभना वृष्टिः, ऐन्द्राग्नेऽपि सुवृष्टिदः ।
सभिषजि .... सतिः सलिलम् ॥

50. भेदयेत् कृतिकां शुक्रो बहु तोयं विमुञ्चति । पुष्ये पुष्टिं समायान्ति जनाः सस्यानि वृष्टयः ।
भाग्ये(पूफा) शवरविध्वंसं बहुवृष्टिः प्रमुञ्चति ।
स्वातिभेदे सुवृष्टिञ्च विशाखायां सुवृष्टिदः ॥ बृहत्संहिता, शुक्रचारः, श्लो. ३५, विवृतिभागः कश्यपवचनम् ।

51. चतुर्दशीं पञ्चदशीं तथाष्टमीं तमिश्रपक्षस्य तिथिं भृगोः सुतः ।
यदा व्रजेद् दर्शनमस्तमेति वा तदा मही वारिमयीव लक्ष्यते ॥ पूर्ववत्, श्लो. ३६ ।

52. श्रवणानिलहस्तार्द्रा भरणीभाग्योपगः सुतोऽर्कस्य ।
प्रचुरसलिलोपगूढं करोति धात्रीं यदि स्निग्धः ॥ पूर्ववत्, शनैश्चरचारः, श्लो. १ ।

53. सौरो भाग्ये चैवातिवर्षदः ॥

१.८.८ मिश्रग्रहयोगमा वृष्टि

ग्रहको उदय वा अस्तकालमा राशिपरिवर्तनको समयमा ग्रहसमागम कालमा र पक्षान्त सम्प्राप्त हुँदा पनि वृष्टि हुन्छ। बुध र शुक्र उदय तथा अस्तकालमा वर्षा हुन्छ । मङ्गलले राशि परिवर्तन गर्दा तथा शनि वक्रि मार्गी तथा राशिपरिवर्तित हुने समयमा पनि वृष्टि हुन्छ । बृहस्पतिले राशिपरिवर्तन गर्दा प्रशस्त पानी पर्छ। शुक्र उदय अस्त वा वक्र हुँदा पनि आकाशमा जलपात हुन्छ।[54] एउटै राशिमा ४/५ ग्रह गतिमान भएमा अतिवृष्टि र उत्पात हुन्छ।[55] एउटै नाडीमा क्रूर ग्रह र सौम्य ग्रहको स्थितिमा सद्यः वृष्टि हुन्छ।[56]

१.८.९ वृष्टिफलमा रोहिणी आषाढीयोग

आषाढ महिनामा चन्द्रमा रोहिणी नक्षत्रमा हुँदा वा रोहिणी, स्वाती र आषाढी यी योगका समयमा पूर्वी हावा चलेमा धान्यको उत्तम निष्पत्ति, आग्नेयकोणको हावा चलेमा अग्निप्रकोप, दक्षिणदिशाको हावा चलेमा थोरै वर्षा, नैऋत्यकोणको हावा चलेमा मध्यम वृष्टि, पश्चिमी हावा चल्दा उत्तम वृष्टि, वायव्यकोणको हावा चल्दा अधिक वृष्टि, उत्तरी हावा चलेमा सुन्दर वृष्टि, र ईशान्यकोणको हावा चल्दा उत्तम वृष्टि हुन्छ।[57] यसैगरी संहिताकारहरूले जलदागमका विषयमा गम्भीर तथा पर्याप्त विचार गरेर वृष्टिपरीक्षण र विश्लेषण गरेका छन्।

१.८.१० रोहिणी शकटभेदन र वृष्टि

वृषराशिको १७ अंशमा स्थित ग्रहको दक्षिणशर न्यूनतम दुई अंश भएमा रोहिणी शकटभेदन हुन्छ।[58] रोहिणीशकटका साथ चन्द्रमाको पनि योग भएको अहोरात्रको विशिष्ट प्रहरमा शोभन वायु चलेमा श्रावणको पहिलो पक्षमा वर्षा हुन्छ।[59]

१.९ निष्कर्ष

ज्योतिषशास्त्रमा वर्णित वृष्टिविषयक संभावनाका कारकतत्त्वहरू सुपरीक्षणीय छन् । मेघको गर्भधाणकाल र प्रसवकालका बीचमा रहेको सामञ्जस्य र अन्तर तथा तिनको परिमाण र परिणामका विषयमा पनि परीक्षण आवश्यक छ। गर्भधारण समयमा उपस्थित निमित्तहरूका आधारमा वृष्टिको परिमाण र त्यसको संभावित वर्षणीय श्रेत्रको दूरीका विषयमा पनि सत्यापन गरिनु जरुरी छ। नक्षत्र, ग्रह र वायु प्रवाहका आधारमा ज्योतिषशास्त्रमा वृष्टिविषयक अध्ययन विश्लेषण र भविष्यवाणी गरिन्छ। यी तीनमध्ये कुनको प्राथमिकता रहने भन्ने विषय अनुसन्धेय र परीक्षणीय छ।

वृष्टिको प्रभावकारिता र विफलताका विषयमा पनि आचार्यहरूका मत छन्। यहाँ प्रस्तुत गरिएका मेघोत्पत्तिका कारकतत्त्वहरूबाहेक अरु पनि अध्ययन गर्न बाँकि नै छ। यसमा चञ्चुप्रवेश मात्र गरिएको हो। तसर्थ यस्ता समसामयिक र जनचासोका विषयमा नेपाल संस्कृत विश्वविद्यालयजस्ता संस्थाका शास्त्री, आचार्यका शोधार्थीहरूले शोधानुसन्धान गरेर जनआवश्यकता पूरा गर्नु सान्दर्भिक हुन्छ।

खेतमा उभिएर वर्षाको लागि प्रार्थना गरिरहेका किसानका

---

54. ग्रहाणामुदये वाऽस्ते राश्याभ्यन्तर्गतेऽयने संयोगे वाऽपि पक्षान्ते प्रायो वृष्टिः प्रजायते।
उदयास्तगतः शुक्रो बुधश्च वृष्टिकारकः चलत्यङ्गारके वृष्टिस्त्रिधा वृष्टिः शनैश्चरे॥
वारिपूर्णा महीं कृत्वा पश्चात् सञ्चरते गुरुः।
शुक्रे वास्तमिते मन्दे त्रिविधोऽपि प्रजायते॥ प्राचीनाच(ार्यवचनम्।

55. एकराशौ यदा यान्ति चत्वारः पञ्चमो ग्रहाः। पूरयन्ति महीं कृत्स्नां रुधिरेण जलेन वा॥ संहितावचनम्।

56. एकनाडीस्थिताः सर्वे क्रूराः सौम्याश्च खेचराः। तदा सद्यो वदेद् वृष्टिं प्रभूतं जलमादिशेत्॥
बुधशुक्रमहीसूनुर्गुरवश्चैकनाडिगाः। निःसंशयं तदा काले जायते वृष्टिरुत्तमा॥ संहितावचनम्।

57. त्रयोऽपि योगाः सदृशाः फलेन यदा तदा वाच्यमसंशयेन। विपर्यये यत्त्विह रोहिणीजं फलं तदेवाभ्यधिकं निगद्यम्॥
निष्पत्तिरग्निकोपो वृष्टिर्मन्दाथ मध्यमा श्रेष्ठा। बहुजलपवना पुष्य शुभा च पूर्वादिभिः पवनैः॥ बृहत्संहिता, आषाढीयोगाध्यायः, श्लो. १२।१३।

58. रोहिणीशकटमध्यसंस्थिते चन्द्रमस्य सरलीकृता जनाः।
क्वापि यान्ति शिशुयाचिताशनाः सूर्यतप्त(पीठराम्बुपायिनः॥ पूर्ववत्, रोहिणीयोगाध्यायः, श्लो. ३०।
विक्षेपोंऽशद्वितयादधिको वृषभस्य सप्तदशभागे।
यस्य ग्रहस्य याम्यो भिनत्ति शकटं स रोहिण्याः॥
ब्रह्मसिद्धान्तः।

59. यस्मिन्नहोरात्रे रोहिण्यासह चन्द्रमा युज्यते तत्र सूर्योदयात् प्रभृतिः प्रथमं प्रहरं यावच्छोभनो वातो वहति तदा श्रावणस्य प्रथमे पक्षे देवो वर्षति। एवं द्वितीये प्रहरे शोभनो वातो वहति तदा श्रावणस्य द्वितीये पक्षे देवो वर्षति। तृतीये भाद्रपदस्य प्रथमे पक्षे वर्षति। चतुर्थे भाद्रपदस्य द्वितीये पक्षे वर्षति। तथा रात्रौ प्रथमे प्रहरे शोभनवातो आश्वयुजः प्रथमे पक्षे वर्षति। द्वितीये प्रहरे द्वितीये पक्षे, तृतीये प्रहरे कार्तिकप्रथमे पक्षे, चतुर्थे द्वितीये पक्षे वर्षति। पूर्ववत्, रोहिणीयोगाध्यायः, दशमश्लोकस्तस्य भट्टोत्पलटीकायां समुल्लिखितम्।

लागि आचार्यहरूका मतमतान्तरको अध्ययन परीक्षण गरेर योगायोगका आधारमा वृष्टिविषयक पूर्वजानकारी दिन सक्नु किसान, अन्न उत्पादन र पृथिवीवासीका लागि महनीय योगदान हुनेछ। इतिश्री ॥

सन्दर्भविवरण

श्रीमद्भगवद्गीता, गीताप्रेस, गोरखपुर।

जगजीवनदास गुप्त, ज्योतिषरहस्य, वाराणसी : मोतीलाल बनारसीदास, ई. सं. २००८।

जीवनाथ, वनमाला, व्याख्या. डा. कामेश्वर उपाध्याय, वाराणसी : चौखम्बा प्रकाशन, वि.सं. २०४६।

देवर्षि नारद, मयूरचित्रकम्, डा. गिरिजाशङ्कर शास्त्री, वाराणसी : चौखम्बा संस्कृत भवन, वि.सं. २०६५।

मुकुन्दवल्लभ मिश्र, अर्घमार्तण्ड, वाराणसी : मोतीलाल बनारसीदास, ई.सं. १९९४।

वराहमिहिर, बृहत्संहिता, व्याख्या. अच्युतानन्द झा, वाराणसी : चौखम्बा विद्याभवन, ई.सं. १९८८।

वराहमिहिर, बृहत्संहिता, सम्पा. अवधविहारी त्रिपाठी, वाराणसी : वाराणसेय संस्कृत विश्वविद्यालय, शक १८९०।

सुदर्शनाचार्य शास्त्री, तेजीमन्दीविज्ञान, वाराणसी : चौखम्बा संस्कृत सीरीज आफिस, वि.सं. २०५५।

सुरेशचन्द्र मिश्र, संवत्सरसंहिता, नई दिल्ली : प्रणव पब्लिकेसन्स, दरियागञ्ज ई.सं. २००५।

mppandeyastro@yahoo.com
Facebook : DrMadhav Pd Pandey

डा. निर्मलमणि अधिकारीद्वारा
लिखित
वैज्ञानिक सत्ययुगको
आधारशिला
पुस्तक
सर्वत्र बजारमा
उपलब्ध छ ।
युगनिर्माण महिला समाज नेपाल
सम्पर्क : ९८४११६९२३९८, ०१ -४२२१५५५

बलराम प्रजापति प्रधानमन्त्रीका उम्मेदवार



मौलिक जरोकिलो पार्टीले आगामी चुनावमा पार्टीका उपाध्यक्ष बलराम प्रजापतिलाई प्रधानमन्त्रीको उम्मेदवारमा प्रस्ताव गरेको छ । पार्टीका अध्यक्ष सुशील गौतमले आगामी चुनावमा देशभर उम्मेद्वार खडा गरेर चुनावमा जाने घोषणा गर्दै प्रजापतिलाई प्रधानमन्त्रीको उम्मेदवार प्रस्ताव गरिएको जानकारी दिनुभएको हो ।

नेतृत्व हन्तान्तरण र पुस्तान्तरणको कुरा राष्ट्रिय राजनीतिमा उठे पनि ५० - ६० वर्ष कटेका व्यक्तिहरूलाई युवाको रूपमा प्रस्तुत गरिने गरेको वताउँदै पार्टी अध्यक्ष सुशील गौतमले मौलिक जरोकिलो पार्टीमा शिक्षित, प्रशिक्षित र दीक्षित असली युवा पुस्ताको नेतृत्वमा क्रियाशील रहेको वताउनुभयो ।

वलराम प्रजापति जरो किलो महाअभियान अन्तर्गतको सहृदयता समाज नेपालका संस्थापक अध्यक्ष हुन् । प्रजापति जरो किलो महाअभियान स्थापना भएदेखि अग्रणी अभियानकर्ताका रूपमा सक्रिय हुनुहुन्छ । महाअभियानको स्थापनाकालदेखि सचिवको भूमिकामा रहेका प्रजापति जरो र किलो नेपालमै भएको मौलिक रैथाने शक्तिको महासचिव हुँदै मौलिक जरोकिलो पार्टीको स्थापना भए देखि उपाध्यक्षको जिम्मेवारीमा हुनुहुन्छ । पत्रकारितामा स्नातकोत्तर गर्नुभएका प्रजापति सञ्चारयोग त्रैमासिकका सम्पादकका रूपमा पनि कार्यरत हुनहुन्छ । उहाँले केही समय विभिन्न विद्यालयमा पत्रकारिता विषयको अध्यापन पनि गर्नुभयो । मौलिक सिद्धान्त अभिनिर्माण र त्यसको मूलप्रवाहीकरणमा जोड दिएर सैद्धान्तिक तथा वैचारिक प्रकाशनलाई प्राथमिकता दिँदैआएको जरो किलो महाअभियानको प्रकाशन विभागमा रहेर दुई दर्जन वढि पुस्तकहरूको प्रकाशन संयोजन उहाँले गर्नुभएको छ । अभियानमा निरन्तर सक्रिय प्रजापति स्वरोजगार हुनुहुन्छ । उहाँ पुर्ख्यौली माटाका भाडा बनाउने (कुमाले) पेशाका साथै विद्युतीय सवारीको व्यवसाय पनि गर्नुहुन्छ ।

नमिलेको शैक्षिक दौड: कतै मिलाउने कि ?

प्रा. डा. विद्यानाथ कोइराला

अमिल्दो दौड

कसरी पेट भर्ने ? यो सदाको चिन्ता हो । चिन्तन हो । हिजो कृषि आधार थियो । आज कृषि छोड्ने होड छ । शहरीकरणले निम्त्याएको होड । पढाइले कृषि नजोडेकोले निम्तिएको होड । कामको विशिष्टीकरणले वनाएको होड । यो होडमा कृषकहरू नै लाग्यौं । यसैले छोराछोरीलाई भन्यौं, खेतीको काम नगर । पढ । पढनु काम हो । खेती वेकाम हो । शिक्षकले त्यही काम गर्‍यौं । किताव पढाएर । अनुभवसँग पढाइ नजोडेर । अर्थात् गणित पढाउँदा कोदालोको गणित भनेनौं । विज्ञान पढाउँदा त्यसको विज्ञान भनेनौं । सामाजिक पढाउँदा त्यसको सामाजिक भनेनौं । जाँचमा सोध्ने प्रश्नमा पनि त्यही कुरालाई निरन्तरता दियौं । विद्यार्थीले पनि त्यसरी प्रश्न गरेनौं । कोदालो किन गर्‍हौं भयो भनेर विज्ञानको शिक्षकलाई । औसत कति गर्‍हौं हुन्छ भनेर गणित शिक्षकलाई । कोदालो र ट्रयाक्टर चलाउनेहरूको सामाजिक भिन्नता बुझ्न सामाजिक शिक्षाको शिक्षकलाई । परिणमतः जसले पेट भराउँथ्यो त्यही जोडिएन । अर्थात हाम्रो दौड र पेटको दौड जोडिएन । अमिल्दा त्यहीं भयौं ।

दौडले दिएको परिणति

माथिको दौडले विद्यार्थीलाई पढि विज्ञ वनायो । चलनचल्तीको शव्दमा सैद्धान्तिक । सैद्धान्तिक हुनु आफैंमा नराम्रो थिएन । त्यो सिद्धान्तलाई व्यवहारमा कसरी जोड्ने भनी संवाद पनि गरिएन । यसको अर्थ हो गरिखाने र पढिखानेहरू समानान्तर रेखामा हिड्यौं । प्रतिस्पर्धामा वोली खानेले जित्यौं । यो जिताइले गर्दा पढिखानेमा उच्चताभाष आयो । गरिखानेमा लघुताभाष । यो पहिलो परिणति हो । दोश्रो परिणति हो, कृषि उपजमा परनिर्भरता वढनु । तेश्रो परिणति हो, शिक्षित वेरोजगारहरूले रोजगारीको क्षेत्र फेला नपार्नु । चौथो परिणति हो कृषि कार्य नपढेका मान्छेको व्यावसाय वन्नु । पाचौं परिणति हो कृषिमा आधुनिकीकरण नहुनु । छैठौं परिणति हो, कृषिलाई व्यावसायिक वनाउन नसक्नु ।

परिणतिले दिएको बाटो

हाम्रा आजसम्मका प्रयासहरूवाट सकारात्मक वाटाहरू पनि देखिएका छन् । ती वाटाहरू हुन्, शिक्षालाई व्यावसायिक वनाउने । त्यो काम कसरी गर्ने ? संरचना वदलेर ? संरचनामा थपघट गरेर । संरचनालाई पुनअर्भिमुखीकरण गरेर । संरचना वदल्ने सोचका हिमायतीहरूले वडैपिच्छे आवासीय विद्यालयको चिन्तन ल्याए । यो चिन्तनले हाल भएका स्कूलहरूलाई मिलान गर्ने उपाय खोज्यो । सानै उमेरदेखि सवैलाई कृषिमा लगाउने चिन्तन खोज्यो । खेतवारीमैं पढने पढाउँने शिक्षक खोज्यो । यो चिन्तन वोक्ने मदन राईहरू छन् । उनीहरूको अनुभवले भन्छ, ठूला विद्यार्थी काम गर्दैनन् । त्यसैले सानै उमेरदेखि काम लगाउँन आवासीय स्कून नैं चाहिन्छ । लगनशील शिक्षक चाहिन्छ । केही लगानी वढाउनुपर्छ । प्रयोगशालाका लागि । छात्रावासका लागि । जमीन चाहिन्छ । कामका लागि । प्रविधि चाहिन्छ कोदालो र कम्प्युटर जोडनका लागि । अर्थात मदन राईको खोटाङ्गको स्कूलको विस्तार । यो सोचले पनि कृषि उपज विद्यार्थीलाई नै उपयोग हुन्छ भन्ने धारणा राख्छ । स्थानीय वजारले नै पुग्छ भन्ने धारणा राख्छ ।

यही चिन्तनको आंशिक रूप ज्ञानमणि नेपालले दैलेखको दुल्लु नगरपालिकामा शुरु गरेका छन् । उनको अनुभवले भन्छ, विद्यार्थीलाई छात्रावासमा राख्नुपर्छ । पालिकाकै अव्वल शिक्षक त्यहाँ सरुवा गर्नुपर्छ । अथवा विद्यालयलाई एकमुष्ठ रकम दिएर शिक्षक पनि उसैले भर्ना गर्न पाउँनुपर्छ । मदन राईको सोचको विस्तारले पनि लगानी खोज्यो । छात्रावास खोज्यो । शिक्षक खोज्यो । उनको अनुभवले भन्यो, विद्यार्थीले उत्पादन गरेको कुरा त्यही छात्रावासमा वस्नेहरूले नै खान्छन् । बजार चाहिन्न । वढी भएको उपज किन्न वजार नै तत्स्थानमा आउँछ ।

सरकारले प्राविधिक शिक्षा र प्राविधिक धारका व्यावसायिक तथा प्राविधिक शिक्षा कार्यक्रम लागू गरेको छ । यी दुवै धारले माध्यमिक तहको विद्यार्थीका लागि लक्षित गरेको छ । यो तरीकाले चाहिँ लगानी खोज्छ । अनिवार्य रूपले छात्रावास खोज्दैन । भए स्वीकार्छ । यी दुवै धार हरूले विद्यार्थी आफैं वजार खोज्छन भन्ने विश्वास गर्छ । स्वदेशमा । विदेशमा ।

नारायण सिग्देलले अर्को धार वनाएका छन । सुर्खेतको बड्डीचौरमा वनेको सो चिन्तनले कमाउँदै पढ्दै

गर्ने सोच बोकेको छ । यसले केही लगानी खोज्छ। विद्यार्थीलाई ऋण दिने रकम खोज्छ । यसको विश्वास हो, सानो बजार विद्यार्थीले नै खोज्छन् । ठूलो बजारको बन्दोबस्त विद्यालयले गर्नुपर्ने हुन्छ । विद्यार्थीलाई ऋण दिने अक्षय कोष चाहिन्छ । केही भौतिक परिवेश चाहिन्छ ।

माथिका धारहरू परीक्षित हुन् । लगानी चाहिने धार । सबैलाई सीप शिक्षा वा चाहनेहरूलाई सीप शिक्षा दिने धारहरू । विना लगानीका धारहरू पनि सोच्न सकिन्छ कि त ? मैले चिन्तन गरेको कुरा यो हो । त्यो उपायको चर्चा तल गरिएको छ ।

लगानी विनाको व्यावसायिक तथा प्राविधिक धार

शैक्षणिक धार भनेको विना लगानी प्राविधिक तथा व्यावसायिक वनाउन सकिने धार हो। सबै शिक्षकले गर्न सक्ने । सबै ठाउँमा गराउन सकिने । यसका लागि शैक्षणिक सामग्री भए हुन्छ। पुनअर्भिमुखीकरण गरिएका शिक्षक भए पुग्छ । त्यसमा पनि शिक्षकलाई नै चुनौती गर्न सक्ने हो भने सोच पनि उनीहरू कै हुन्छ। सामग्री पनि उनीहरूकै हुन्छ। त्यो धारको चिन्तन हो, पढाइलाई गराइको अङ्ग बनाउने । गराइलाई पढाइको अङ्ग्ग बनाउने। तलका केही उदाहरणहरूले यो कुराको जानकारी दिन्छन् ।

- कोदालो खन्ने विद्यार्थीको अनुभव हो। नाङ्लो चलाउने उसकै अनुभव हो । कुचो लगाउने उसकै अनुभव हो । भकुण्डो खेल्ने उसकै अनुभव हो । यस्ता अनेकन अनुभव छन् विद्यार्थीका । विद्यार्थीपिच्छेका । परिवेशपिच्छेका । ती अनुभवलाई नै पढाइ तथा गराइमा जोड्न सकिन्छ भन्ने मेरो जिकिर हो ।
- जिकिरको तरीका हो, किताबको सट्टा विद्यार्थीको अनुभवबाट कक्षाको थालनी गर्ने । कुचो आजको पाठ हुनसक्छ । कुचोको इतिहास सिक्न । कुचोवाट गणित सिक्न । विज्ञान सिक्न । सामाजिक सिक्न । भाषा सिक्न । कुचोको इतिहास खोज्न विद्यार्थीले अनुसन्धान गर्छ । कसैलाई सोध्नु एउटा अनुसन्धान हो । गुगलमा खोज्नु अर्को अनुसन्धान हो । कुचोवाट सारा गणित पढ्न पढाउन सकिन्छ । त्यो शिक्षकको कला हो । त्यस्तै विज्ञान वा सामाजिक तथा भाषा सिक्न सिकाउन पनि कुचोवाटै सकिन्छ। त्यो शैक्षणिक प्रक्रिया हो । यसका लागि शिक्षकलाई सोच्न लगाउने तथा सिकाउने उपाय चाहिन्छ । यो उपायले सिकाइ सहज हुन्छ भन्ने मानसिकता शिक्षकमा हुनुपर्छ । यही तरीकाले अन्य विषयहरू पनि पढाउन सकिन्छ ।
- आरनको शिक्षणकला म र मेरो समूहले हालसालै बनाएको सामग्री हो । यो कलावाट हामीले शिक्षण तरीकाहरू जान्दछौं । त्यो भिज्युयल सामग्री हो । अडियो सामग्री बनाए पनि हुन्छ । फेसवुक वा यूट्युवमा पठाए हुन्छ । यस्ता सामग्रीहरू शिक्षक स्वयंले बनाउन सक्छौं । उनाउलाई बनाउन लगाए पनि हुन्छ ।
- अप्ठेरो किताव तथा पाठ्यक्रममा जोड्न मात्रै हो । यो कामका लागि शिक्षक तथा विद्यार्थीले किताब पढेको हुनुपर्छ । त्यसो हुनासाथ उनीहरूले यो कितावमा यहाँ यो कुरा जोडिन्छ भन्न सक्छन् । भनाउन सक्छन ।
- यो खाले पढाइले कहिले किताब धेरै जानकार हुन्छ । कहिले विद्यर्थी धेरै जानकार हुन्छ । यहाँ सन्तुलन मिलाउने काम शिक्षकको हुन्छ । नभए कम्प्युटरको सहारा लिए हुन्छ ।
- शिक्षकले स्थानीय ज्यासल तथा अन्य सङ्घसंस्थासँग सहकार्य गर्नुपर्छ। त्यहाँको अवलोकन तथा सहकार्यले सोच फराकिन्छ ।

कमाइमा जोड्ने कला

कुचोलाई कमाइमा जोड्ने कसरी ? कोदालोमा जोड्ने कसरी ? नाङ्लोमा जोड्ने कसरी ? भकुण्डोमा जोड्ने कसरी ? अन्य कुरामा जोड्ने कसरी ? यो प्रश्न हुनसक्छ । यसको उत्तर पनि शिक्षकको अभिमुखीकरण तथा सिर्जनशीलतामा नै हुन्छ। जस्तो भनौं , कुचोका डिजाइनहरू वनाउने एउटा सीप भयो । कुचोका लागि वावियो तथा अम्रिसो खेती लगाउनु अर्को सीप हो। नरिवल तथा सुपारीको जटावाट कुचो वनाउँनु तेश्रो सीप हो। हात्तीवारको कुचो वनाउँनु चौथो सीप हो । त्यसलाई ब्रुमरमा जोडेर विजुलीवाट चल्ने कुचो वनाउनु पाचौं सीप हो। माथिका हर कुरालाई यसरी सोच्न लगाउने हो भने कुनै कृषिजन्य सीप हुन्छन् । कुनैं उद्योगजन्य । कुनै इन्जिनियरिङजन्य । यसो गर्ने हो भने विद्यार्थीको रहर अनुसारको सीप शिक्षा वन्छ । विषय एक हुनसक्छ । सीप अनेक वन्छन् । सबैलाई एउटै सीप सिकाउने चिन्तनको अन्त्य हुन्छ ।

यसरी आएका सीपका क्षेत्रमा थप सीप दिनुपर्ने हुन्छ । यसकालागि स्थानीय सरकारको लगानी खोज्नुपर्छ। अर्थात विद्यालयले मेरा विद्यार्थीले यी यी सीपहरू खोजे । त्यसलाई थप सीप दिन हामीलाई यो जनशक्ति चाहिन्छ। यो सामग्री चाहिन्छ। यति कुरा गरे पुग्छ। यो चिन्तन बन्नासाथ सीपहरूले तिखारिन पाउँछन् । थप सीपका युट्यूब बनाए पनि हुन्छ । डिजिटल सामग्री ।

प्रत्येक विद्यार्थीको प्रोफाइलमा तीनपुस्ते सीप राख्नु अर्को तरिका हो।

विद्यार्थीको सीप । बावुआमाको सीप । वाजे वज्यैको सीप । यो प्रोफाइलले सीपको सङ्कलन गर्छ । सीप जान्नेहरूको अभिलेख हुन्छ । तिनले सिकाउन नसके मात्र अरू विज्ञ खोजे तत्स्थानको क्षमताको पनि उपयोग हुन्छ । यो काम पनि विना पैसा नै सम्भव हुन्छ ।

निचोड

शिक्षाले जीवनजीविका जोड्ने कि जीवनजीविकाले शिक्षा जोड्ने ? वा दोहोरो जोडाइ पो सम्भव छ कि ? यी संवादका विषय हुन् । विवादका विषय हुन् । प्रक्रियाका विषय हुन् । तर जोड्नुपर्छ भन्नेमा चाहिँ सवैको मतैक्यता छ । जीवनजीविकावाट जोडे जनमुखी शिक्षा हुन्छ । शिक्षावाट जोडे सान्दर्भीकरण हुन्छ । कृत्रिम दुनियाँ वनाएर जोडे स्कूलले थप लगानी खोज्छ । स्वाभाविक गतिमा जोडे क्रियाशील तथा सर्जक शिक्षक चाहिन्छ । यी सवै काममा थप लगानी गौण हुन्छ । शिक्षक पुनअर्भिमुखीकरण प्रमुख हुन्छ । यो निर्णय गर्ने जिम्मा सरकार चलाउनेमा रहन्छ । प्राविधिक शिक्षालय वनाएर जोड्ने कि ? परियोजना दिएर जोड्ने कि ? सर्जक वने वनाएर जोड्ने कि ? शैक्षणिक उपायले जोड्ने कि ? यो निर्णय गर्नेहरूको सोचमा भर पर्छ । सवै उत्तिकै प्रभावशाली विधि हुन् । गर्न सकिने । गराउन सकिने । प्रश्न हो, भएन मात्रै भन्ने कि मसँग के व्यवस्था छ त्यसैवाट काम थाल्ने भनी सोच बनाउने ? सोचहरू बजारमा छन् । नेपालकै माटोमा । नेपालीकै अभ्यासमा । सवैलाई यसो गर भन्ने कि म यसो गर्छु भन्नेहरूलाई अवसर दिने ? माथिका उपाय नैं अन्तिम हुन् भन्ने कि ? वर्णसङ्कर बनाउन प्रोत्साहित गर्ने ? नयाँ वनाउन चुनौती गर्ने कि ? निर्णय निर्णयकर्तामै छोडें ।

सनातन धर्म महासङ्घ र जरो किलो प्रतिष्ठानको संयुक्त आयोजनामा श्रीमद्भगवद् गीता जयन्ती सम्पन्न

काठमाडौं । सनातन धर्म महासङ्घ र जरोकिलो प्रतिष्ठान नेपालको संयुक्त आयोजनामा श्रीमद्भगवद् गीता जयन्ती मोक्षदा एकादशीको दिन तदनुसार मंसिर २८ मङ्गलवार सम्पन्न भएको छ ।

सनातन धर्म महासङ्घ तथा जरो किलो प्रतिष्ठान नेपालका अध्यक्ष डा. निर्मलमणि अधिकारीको सभापतित्वमा आयोजित सत्सङ्गमा श्रीमद्भगवद् गीताका विविध आयामहरूमा चर्चा परिचर्चा गरिएको थियो । सत्सङ्गमा डा. अधिकारीले श्रीमद्भगवद् गीता नित्यनुतन स्थितिगत्यात्मक ग्रन्थ भएको र यसले स्वधर्म सिकाएर आफ्नो जरोकिलोलाई सम्झाएको वताउनुभयो । गीताका अनेकौं टीकाहरू उपलब्ध भएपनि श्रुतिसम्म जोडिएका टीकाहरूमात्रै आधिकारिक भएको र अरुले दिग्भ्रमित पार्ने वताउनुभयो । डा. अधिकारीले मौलिक परम्परा कुनै एक ईश्वरको प्रधानताको सोपानमा नभएर सातत्यमा आधारित समान वहुल ईश्वरको अवधारणामा आधारित भएको वताउनुभयो ।

सत्सङ्गमा प्रस्तावना मन्तव्य राख्नुहुँदै सनातन धर्म महासङ्घका उपाध्यक्ष तथा सत्सङ्ग आयोजक समितिका संयोजक डा. गोविन्दशरण उपाध्यायले गीता सर्वदर्शनको सार भएको वताउनुहुँदै अहिलेको विषद् अवस्थामा सवैका लागि आशा र अत्मविश्वास जगाउने उत्प्रेरणाको श्रोत हुन सक्ने वताउनुभयो ।

गीता सम्प्रदाय विशेषको मात्र ग्रन्थ नभएर समस्त मानव मात्रको लागि उपयोगी ग्रन्थ भएको उल्लेख गर्नुहुँदै सनातन धर्म महासङ्घका उपाध्यक्ष डा. माधवप्रसाद पाण्डेयले गीताको पढाइमात्र पर्याप्त भएर यसको साधना गर्नुपर्ने वताउनुभयो । सहृदयता समाज नेपालका अध्यक्ष आचार्य तिलकप्रसाद लुइँटेलले महाभारतका पात्र र कथा प्रतीकात्मक भएको वताउँदै गीताले कर्म गर्ने प्रेरणा दिएको वताउनुभयो ।

सनातन धर्म महासङ्घका महासचिव डा. माधवप्रसाद लामिछानेले गीता र सप्तसतीले अर्जुन र सुरथलाई प्रतिनिधि पात्र वनाएर समस्तजनको विषद् परिस्थितिलाई कसरी कर्मयोगमा रूपान्तरण गर्ने भन्ने सन्देश रहेको वताउनुभयो । सत्सङ्गमा डा. रामप्रसाद पौडेल, राजन अधिकारी, उषा अधिकारी, श्यामकृष्ण सुवेदीले पनि श्रीमद्भगवद् गीता र गीता जयन्तीको महत्ववारे प्रकाश पार्नुभयो ।

सत्सङ्गमा ससाना वालकहरू परीक्षित वोलखे लुइँटेल र सुवर्ण वोलखे लुइँटेलले गीताका विभिन्न श्लोक वाचन गर्नुभएको थियो । सत्सङ्ग जरो किलो प्रतिष्ठानको कार्यालयसँगै रहेको युगनिर्माण महिला समाज नेपालको सभाकक्ष, जमलमा सम्पन्न भएको थियो ।

पृथ्वीनारायण शाहले देखाउनु भएको बाटो र राज्यराष्ट्र सिद्धान्त

✍सुशील गौतम

यस वर्षको पुस २७ गतेदेखि पृथ्वीजयन्तीले त्रिशताब्दी अर्थात् ३०० वर्ष पूरा गर्दै छ । श्री ५ वडामहाराजधिराज पृथ्वीनारायण शाहको नेतृत्वमा स-साना भुरे-टाकुरे राज्यमा विभाजित नेपाललाई एकीकरण गरेर स्वतन्त्र एवं सार्वभौमसत्ता सम्पन्न राष्ट्रको रूपमा स्थापित गर्न सम्भव भएको हो ।

एकीकरणका नायक एवं नेपालको पुनर्जागरणका संवाहक पृथ्वीनारायण शाह, चाहे गणतन्त्रवादी होस् वा राजतन्त्रवादी दुवै राजनीतिक व्यवस्थामा आस्था राख्ने सवै देशभक्त नेपालीको साझा हुनुहुन्छ । जरोकिलो महाअभियानको आह्वानमा यसै वर्षदेखि पुस २७ गतेलाई अन्तर्राष्ट्रिय रूपमा हिमवत्खण्ड पुनर्जागरण दिवसको रूपमा मनाउन लागिएको छ ।

आधुनिक नेपाल राष्ट्रको एकीकरणकर्ता शाहको ३००औं जयन्ती आइ नपुग्दै नेपाल राष्ट्रको अस्तित्व र अस्मितामाथि चौतर्फी प्रहारहरू भइरहेका छन् । चीनका माओ र भारतका गान्धी जयन्तीको दिवसमा भव्य कार्यक्रम गर्नेहरू पृथ्वीनारायण शाहको मानमर्दन गर्ने, शालिक तोडफोडमा उत्रिएका छन् ।

साम्प्रदायिकता भड्काउने, घृणावादी कित्ताकाट गर्ने र राष्ट्रियताको सङ्कीर्ण परिभाषा गर्नेहरूलाई नेपाल राष्ट्र स्थापना भएको चित्त वुझेको छैन । जव-जव पृथ्वी जयन्ती नजिकिन्छ, तिनीहरूलाई औडाहा भएको देखिआएकै छौं ।

नेपालमा घृणा, द्वन्द्व र विभाजनको एजेण्डा वोकेका पहिचानको राजनीति गर्नेहरू नेपाल राष्ट्र निर्माणको आधार नै कमजोर भएको तर्क गर्न थालेका छन् । संयुक्त राज्य अमेरिकाको जर्ज वाशिङ्गटनलाई आदर्श बनाएर पृथ्वीनारायण शाहको मानमर्दन गर्न थालेका छन् ।

आयातित दृष्टिकोणको चश्मा लगाएकाहरूले नेपाली राष्ट्र निर्माणको आधारमा खोटैखोट देख्नु अनौठो होइन । साउनमा आँखा फुटेको गोरुले जताततै हरियो देख्छ भनेझैं विदेशी दास मानसिकताले ग्रस्तहरूले आफ्नो सभ्यता, संस्कृति, राष्ट्रियताभित्र समस्यै-समस्या देख्नु स्वाभाविक हो । गतार्थ एवं वर्तमान विश्व परिस्थितिमा असान्दर्भिक भइसकेको एकल राष्ट्रराज्य, द्विराष्ट्रिय राज्य र बहुराष्ट्रिय राज्यको दृष्टिविन्दुवाट सङ्कीर्ण राष्ट्रियता चिन्तन गर्नेहरूलाई पृथ्वीजयन्ती वा राष्ट्रिय एकता दिवस घाँडो हुने गरेको छ ।

'वेस्ट फयालिया' सन्धिको उपज

पटक-पटक चर्चा भइसकेको छ कि जातजाति, सम्प्रदाय, भाषिक समुदाय, धार्मिक सम्प्रदाय, छालाको रङ्ग, नाकको वनोट जस्ता समाजमा हुने स्वाभाविक विशेषतालाई राष्ट्र/राष्ट्रियता मान्ने अवधारणा युरोपमा सन् १६४८ मा भएको वेस्ट फ्यालियाको सन्धिले स्थापना गरेको हो । क्याथोलिक र प्रोटेस्टेन्ट सम्प्रदायको ३० वर्षे साम्प्रदायिक द्वन्द्वलाई समाधान गर्न गरिएको वेस्ट फ्यालियाको सन्धिले स्थापित गरेको मान्यतासँग नेपालका वैदिक सनातन हिन्दू, वौद्ध, किरात, वोन, जैनसँग कुनै लिनुदिनु छैन । जन्मको आधारमा प्राप्त गरिने स्वाभाविक विशेषतालाई राष्ट्रियता मान्ने सङ्कीर्णता त्यो बेलाको युरोपको तत्कालीन समस्याको समाधान गर्न लिइयो होला । एउटै मात्र जाति वा एउटै मात्र भाषा वा एउटै मात्र सम्प्रदायका मानिसहरूलाई राष्ट्र निर्माणको आधार तिनै विशेषता उचित लाग्यो र त्यही वनाए ।

राष्ट्रियताको त्यो सङ्कीर्ण चिन्तन तत्कालीन युरोपकै सवै क्षेत्रमा लागू हुनसक्ने अवस्था थिएन भने झण्डै ४०० वर्षपछि आजको समयमा नेपालमा लाद्न खोज्नु मूर्खता हो । नेपालजस्तो विविधतायुक्त देशमा त्यहींको जस्तो मान्यता न कहिले अवलम्वन गरिएको थियो, न भविष्यमा गरिनु राष्ट्रको स्वाधीनता र सार्वभौम सत्ताको लागि उचित हुन्छ ।

तर नेपालमा घृणावादी कित्ताकाट गर्ने वहुराष्ट्रिय राज्यका मतियारहरूले नयाँ फण्डा शुरू गरेका छन् । एकल राष्ट्रराज्यको अवधारणा वेस्ट फ्यालियाको सन्धिवाट आएको हो तर बहुराष्ट्रिय राज्य होइन । यो सफेद सत्य हो । जात, जाति, प्रजाति, भाषा, नश्ल, सम्प्रदायलाई राष्ट्र मान्ने वेस्ट फ्यालियाको सन्धिको मान्यता हो । यो सङ्कीर्ण मान्यताअनुसार कुनै देशमा एउटै मात्र जात, जाति, प्रजाति, भाषा, नश्ल, सम्प्रदाय भए एकल राष्ट्रिय राज्य, २ वटा भए द्वीराष्ट्रिय राज्य र २ भन्दा बढी भए बहुराष्ट्रिय राज्य भनिन्छ । यो सामान्य साक्षरले समेत

बुझ्न सक्छ । घृणावादी कित्ताकाट गरेर हुन्छ वा फरक विचार राख्नेको गर्धन काटेर हुन्छ, सत्ता जसरी पनि प्राप्त गर्नुपर्छ भन्नेहरूको समूह वहुराष्ट्रिय राज्य पनि नेपालको मौलिक व्यवस्था हो भन्न पछि पर्दैनन् ।

नेपाल वहुराष्ट्रिय राज्य हो भन्ने तर्क कुनै केटाकेटीलाई राति निन्द्रा लगाउन सुनाइएको लोहोरी होइन, नेपालमा जाति, प्रजाति, नश्लको आधारमा सङ्घीयताको रेखाङ्कन गरेर देशलाई टुक्राटुक्रा पार्ने षड्यन्त्र हो । जति नै स्वर्ण लेपन गरे पनि वहुराष्ट्रिय राज्यको तर्क जातीय सङ्घीयताको लागि हो, कुरा स्पष्ट छ । वहुराष्ट्रिय राज्यको कूतर्कधारीले राज्यराष्ट्र सिद्धान्तलाई यथास्थितिवादी देख्छन्, जब कि आफू गतार्थ (आउट डेटेड) अवधारणा बोकेर कविलाको अवस्थामा पुऱ्याउन उद्धत छन् ।

राज्य निर्माणको आधार के ?

राज्य निर्माणको सर्वमान्य आधार संसारमा कतै छैन । कतै प्रतापी व्यक्तिको उदय भएर राज्य अस्तित्वमा आएको छ । कतै सांस्कृतिक साम्राज्यवादविरुद्ध लड्ने क्रममा राज्य अस्तित्वमा आएको छ । कतै जाति, प्रजाति, नश्ललाई राष्ट्रियता मान्दै राष्ट्रियताको संरक्षण गर्न भन्दै राज्य अस्तित्वमा आएका छन् । कतै प्राकृतिक भूबनोट नै राज्य निर्माणको प्रमुख आधार प्रदान गरेको छ ।

राज्य निर्माण फरक-फरक किसिमले हुन्यो भन्ने कुरा प्राचीनकालमा मात्रै होइन, आधुनिक कालमा पनि देखिएको छ । आधुनिक कालको नेपाल श्री५ पृथ्वीनारायण शाहले स-साना भुरे-टाकुरे राज्यमा विभाजित नेपाललाई पुनःएकीकरण गर्ने क्रममा वन्यो । सिङ्गापुर मलेसियावाट निकालिएर वन्यो । छिमेकी राष्ट्र इन्डिया वेलायती साम्राज्यवादविरुद्ध लड्ने क्रममा वन्यो । संयुक्त राज्य अमेरिका वेलायती करको भार र शासनमा हालीमुहालीवाट वच्न वन्यो । फरक स्थानमा फरक परिस्थितिको कारण राज्य अस्तित्वमा आएका छन् । त्यसकारण राज्यको स्थापना पारिस्थितिक सम्भाव्यताको आधारमा हुन्छ भनिएको हो । राज्य निर्माण कुनै एकै मात्र आधार छैन ।

बाँदरको शरीरमा घाउ भयो भने कोट्याउँदै कोट्याउँदै झन् ठूलो घाउ पार्छ भन्ने भनाइ छ । राज्यराष्ट्र सिद्धान्तले राज्य निर्माण किन भयो र कसरी भयो ? भन्ने विषयमा चर्चा गर्दैनन् भन्ने बाँदरे आरोप हो । घृणा, द्वन्द्व र सङ्कीर्णताले ग्रस्तहरू इतिहासवाट पाठ पढ्नको लागि भन्दा पनि भताभुङ्ग पार्नको लागि यो विषय अनावश्यक तरिकाले कोट्याइरहेका छन् । नेपालको एकीकरण भएर एउटा राज्य वनिसकेको छ । नेपाल राज्य निर्माणको आधार कमजोर छ भनेर श्री ५ पृथ्वीनारायण शाहलाई अमेरिकाका जर्ज वाशिङ्गटनसँग तुलना गरेर त्यहाँको मापदण्डमा नेपालको राज्य निर्माणको आधारको गुणस्तर मापन हुन्छ ? राज्य निर्माणका विभिन्न परिस्थितिजन्य सम्भाव्यता हुन्छन् भनेर स्वीकार गरिसकेपछि फेरि किन कोट्याउनुपऱ्यो ? स्थापित राज्यलाई कसरी सबैको साझा वनाउने, कसरी सबैथरी अनुहार देखिने संरचना वनाउने भनेर चिन्तन गर्ने कि बाँदरले घाउ कोट्याएर ठूलो पारेझैं गरी समस्या वल्झाउने ?

राज्यराष्ट्र सिद्धान्त संसारको कुनै पनि देशमा लागू भइसकेको छैन । सिद्धान्तको अभिनिर्माण नै नेपालमा भएर यो सिद्धान्त सम्वन्धि पुस्तक विक्रम संवत् २०७३ सालमा पहिलो संस्करण प्रकाशित भएको हो भने अन्यत्र पनि लागू भइसकेको छ भनेर हौवा फैलाउन उद्धत देखिन्छन् । कुनै पनि देशको भू-राजनीतिक वैधानिकता र सामाजिक सांस्कृतिक अन्तरघुलनको समष्टि नै राज्यराष्ट्र हो । जर्मनी फुट्नु ठीक कि जुट्नु ठीक ? राज्यराष्ट्र सिद्धान्तले कुनै पनि उत्तर दिन चाहँदैन अथवा दिनु उचित ठान्दैन भन्नु राज्यराष्ट्र सिद्धान्त सम्वन्धी अल्पज्ञान हो । राज्यराष्ट्र पुस्तकको पृष्ठ ४५ को दोस्रो हरफमा लेखिएको छ, 'पहिले अलगगै-अलगगै रहेका २ प्रतिस्पर्धी एकाइहरू कुनै बृहत्तर एकताको आधार पहिल्याएर एउटै भू-राजनीतिक-वैधानिक संरचनामा समेटिन सके भने यो त 'द्वि-राष्ट्रियता'ले दिएको सकारात्मक योगदान नै मान्नुपर्छ ।'

राज्यराष्ट्र सिद्धान्त पूर्ण रूपमा लागू भइसकेपछि मात्रै होइन, वेस्ट फ्यालियाको सन्धिको धड्धडीमा हिँडेकाहरूवाट पनि हुनसक्ने सकारात्मक परिघटनाको सम्भाव्यतालाई आँकलन गरेर बृहत्तर एकताको लागि प्रोत्साहन गरिएको छ राज्यराष्ट्र सिद्धान्तको दृष्टिकोणवाट । राज्यराष्ट्र सिद्धान्तले राष्ट्रियताको आधार नै राज्यलाई मान्छ । जव जर्मनी विभाजित अवस्थामा थियो, त्यहाँ २ वटा राष्ट्रियता थियो, किनभने २ वटा राज्यहरू अस्तित्वमा थिए । जव २ जर्मनी एकीकरण भए, त्यसपछि एउटै राष्ट्रियता मान्छ । यो त नेपालका वहुराष्ट्रिय राज्यधारीहरूको समस्या हो कि पूर्वी जर्मनी र पश्चिम जर्मनी छुट्टाछुट्टै हुँदा पनि राष्ट्रियता चाहिँ एउटै देख्छ । भलै त्यहाँ सोर्व, वाभारियन, फ्रीसियन, प्रोटेस्टेन्ट, क्याथोलिक, मुस्लिमहरूको विविधता छ । त्यही विविधता नेपालमा भएको भए नेपाल वहुराष्ट्रियता हुन्यो तर जर्मनीमा भएको भएर एउटै मात्र राष्ट्रियता भयो, होइन त ?

उत्तर कोरिया र दक्षिण कोरिया २ फरक राज्य हुन् । यी राज्यले चर्चेको भूभागमा रहने नागरिकको राष्ट्रियता पनि फरक छ तर नेपालका वहुराष्ट्रिय राज्यधारीहरूले ठाउँठाउँमा मनलाग्दी मापदण्ड वनाउँदै हिँड्छन् । नेपालमा फरक जात, जाति, सम्प्रदाय भएको हुँदा नेपाललाई वहुराष्ट्रिय राज्य भन्नुपर्ने रे तर उत्तर कोरियामा चिनियाँ मूलका मानिस, जापानी मूलका मानिस, बौद्ध सम्प्रदाय, कन्फ्युसियस सम्प्रदाय, दक्षिण कोरियामा प्रोटेस्टेन्ट १९ प्रतिशत, बौद्ध १५ प्रतिशत, क्याथोलिक ८ प्रतिशत भए पनि राष्ट्रियता चाहिँ एउटै रे, लौ ! अरूलाई ठगेर आफ्नो

राजनीतिक अभिष्ट पूरा गर्न खोजे पनि कम्तिमा अरुले फेला पार्न नसक्ने गरी ठग्नु नि ! अरूलाई 'अवैज्ञानिक' प्रमाणित गर्न खोज्दा आफू नांगिएको पत्तै भएनछ ।

स्यानमारमा रोहिङ्गयामाथि सरकारी दमन भयो । भुटानमा नेपाली भाषीमाथि दमन भयो । जर्मनीमा यहुदीमाथि दमन भयो । जात, जाति, प्रजाति, नश्ल, भाषा, सम्प्रदायलाई राष्ट्रियता मानेर राज्य निर्माण गरेपछि राज्य उक्त 'राष्ट्रियता'को दमन गर्ने हतियारको रूपमा प्रयोग हुन्छ, फलस्वरूप आफूभन्दा फरक जात, जाति, प्रजाति, नश्ल, भाषा, सम्प्रदायलाई दमन गर्न खोज्छ अथवा उसको सांस्कृतिक पहिचान मासेर आफ्नो जस्तै लाद्न खोज्छ । यो एकल राष्ट्रिय राज्य (राष्ट्र-राज्य) को विशेषता नै हो तर यसको समाधान वहुराष्ट्रिय राज्य हो त ? रोहिङ्गयामाथि दमन भयो भनेर रोहिङ्गयाको संरक्षणका लागि राज्य वनाउने हो भने त्यो राज्यले चर्चेको भागमा रोहिङ्गयावाहेक अरू कोही वस्ने कि नवस्ने ? वस्ने भए उक्त स्थानमा रहेका रोहिङ्गयावाहेक मोन, कचिन, करेन, शान, वा, नागा, लाहुको संरक्षण कसले गर्ने ? रोहिङ्गयाको संरक्षणको लागि वनाइएको राज्यको आडमा मोन वा नागामाथि दमन भयो भने फेरि रोहिङ्गयाको लागि वनाइएको राज्यभित्र अर्को मोन र नागाको संरक्षणको लागि राज्य वनाउने ? कि इन्डिया र पाकिस्तान विभाजन हुँदा जस्तो रोहिङ्गया जति म्यान्मारको जुनसुकै ठाउँमा भए पनि रोहिङ्गयाको लागि वनाएको राज्यमा जाने ?

यसरी समाधान हुन्छ ?

राज्यराष्ट्र सिद्धान्तले त यसको समाधान दिएको छ । नागरिक तथा राजनीतिक अधिकार र सांस्कृतिक अधिकारको विशिष्टीकृत प्रत्याभूति गरिएको हुन्छ राज्यराष्ट्र सिद्धान्तको अवलम्वन गरेपछि । देशको जुनसुकै कुनामा जुनसुकै जाति, प्रजाति, भाषा, सम्प्रदायको भए पनि नागरिक तथा राजनीतिक अधिकारको क्षेत्रमा वरावर अधिकार हुन्छ भने पहिचानको पनि संरक्षण हुने गरी सांस्कृतिक पहिचानको अवलम्वनको लागि अग्राधिकार प्रदान गरिएको हुन्छ । सांस्कृतिक अधिकारको क्षेत्रमा कार्य गर्न सांस्कृतिक प्रतिनिधि र राजनीतिक क्षेत्रमा कार्य गर्न राजनीतिक प्रतिनिधि चुन्ने व्यवस्था हुन्छ । यसले गर्दा एकल राष्ट्र राज्यमा जस्तो एउटा सांस्कृतिक पहिचान भएका समूहले अर्को फरक पहिचान मास्न सक्दैन, साथै सवै मौलिक सांस्कृतिक पहिचानहरूको प्रतिनिधित्वको ग्यारेन्टी हुने हुँदा राज्य सवै सांस्कृतिक अवयवहरू साझा हुनपुग्छ । वहुराष्ट्रिय राज्यमा जस्तो जुन जाति, प्रजाति, सम्प्रदायको संरक्षणको लागि वनाइएको छ, वसाइँसराई गरेर त्यहीं गए मात्रै सुरक्षित हुने अवस्था पनि रहँदैन ।

पृथ्वीनारायण शाहको मानमर्दन :

विदेशी सिद्धान्तका चश्मा लगाएका फोटोकपीधारीहरू नेपालका हरेक विषयलाई विदेशी दृष्टिकोणबाट हेर्छन्, विदेशी मापदण्ड लगाउँछन् । वहुराष्ट्रिय राज्यको आयातीत एजेण्डाधारीवाटै पृथ्वीनारायण शाहको मानमर्दन गर्ने कुरा आउनु अनौठो होइन, किनभने नेपाल राष्ट्र टुक्राटुक्रा नपर्दासम्म यिनीहरूको नियोजित षड्यन्त्र पूरा हुँदैन । नेपाललाई एकीकृत राख्ने हरेक विषयहरूमाथि प्रहार यिनीहरू गरिरहन्छन् ।

पृथ्वीनारायण शाह मात्रै होइन, टुक्राटुक्रामा विभाजित नेपाललाई एकीकरण गर्न अन्य राजाहरूले पनि प्रयास गरेका थिए । काठमाडौंका यक्ष मल्लले नेपालको सिमाना मगध, गया, मिथिला र मोरङसम्म पुर्‍याएका थिए । विभिन्न समयका राजाहरूले आफ्नो राज्य विस्तार गर्ने प्रयास गर्छन् तर विस्तारित राज्य पहिलैदेखि रहेको भू-राजनीतिक-वैधानिकताको निरन्तरताको लागि हो भने पुनः एकीकरणको रूपमा लिनुपर्छ । पृथ्वीनारायण शाहपछि नेपाल नामको भू-राजनीतिक-वैधानिकता शुरू भएको होइन । यसको इतिहास हजारौं वर्ष पुरानो छ । नेपालको पुनर्जागरणको लागि जसजसले प्रयास गरे, ती सवैको कदर गर्नैपर्छ तर पृथ्वीनारायण शाहको सम्मान गर्दा अरूको अपमान हुने सोच्नु २ फक्लेटे दृष्टिकोणको उपज हो ।

मैले मेरी आमालाई माया गर्छुभन्दा अरूको आमालाई घृणा गर्छु भनेर बुझ्नु मानसिक रोग हो । आजको नेपालको भू-राजनीतिक-वैधानिकता पृथ्वीनारायण शाहको कारण जोगिएको हुँदा उहाँ नै राष्ट्रिय एकताको प्रतीक हुनुहुन्छ र मान्नुपर्छ । पृथ्वीनारायण शाहलाई राष्ट्रिय एकताको प्रतीकको रूपमा सम्मान गर्दा नेपालको सार्वभौमसत्ता र स्वतन्त्रता जोगाउन योगदान पुर्‍याएका वाँकी सवैको अपमान गरिएको सोचिन्छ भने त्यो गलत हो ।

जर्ज वासिङ्गटन र पृथ्वीनारायण शाह झण्डै समकालीन थिए । जर्ज वाशिङ्गटनले १३ वटा राज्यहरूको सम्मेलन वोलाएर संयुक्त राज्य अमेरिका खडा गरे तर पृथ्वीनारायण शाहले युद्धको वाटो लिए भनेर घुमाउरो शैलीमा राष्ट्रनिर्मातालाई कमसल देखाउन खोजिएको छ । जर्ज वाशिङ्गटन र पृथ्वीनारायण शाहको परिस्थिति एकै थियो त ? तत्कालीन वेलायती साम्राज्य रहेको अमेरिकाको साझा दुश्मन वेलायती चर्को कर र शासन व्यवस्थामा हालीमुहाली थियो भने नेपाल एकीकरणअघि अङ्ग्रेजी सेनाले दक्षिणमा रहेका थुप्रै राज्यहरू एकपछि अर्को युद्ध गरेर जित्दै गएको थियो । मौका मिले एउटा राज्यले अर्को राज्यमा आक्रमण गर्ने अवस्था थियो । त्यस्तो अवस्थामा एउटा राज्यको सार्वभौमसत्ता अर्को राज्यलाई सहजै हस्तान्तरण अवस्था आन्तरिक रूपमा पनि थिएन र ढिलो गरेको भए एकपछि अर्को गर्दै अङ्ग्रेजले कल्याप्प पार्ने अवस्था थियो । अनि युद्ध नगरेर के गर्नु ?

पृथ्वीनारायण शाह र जर्ज वाशिङ्गटनले तत्कालीन परिस्थितिमा जे गर्दा उपयुक्त हुन्थ्यो त्यही गरे । आज नेपालको

अवस्थाको दोष पृथ्वीनारायण शाहमाथि थोपर्नुभन्दा आफू भारतमा 'ज्वाइँ' जसरी लुकेर भारतविरुद्ध युद्ध गर्ने भन्दै नेपालका विद्यालयमा ट्रेन्च खन्ने आफ्नै नेतालाई सोधे छिटो उत्तर पाइन्थ्यो कि ? आजको नेपालको अवस्थाको दोषी पृथ्वीनारायण शाह होइनन्, हरेक कुरा विदेशबाट फोटोकपी बोक्ने कपूतन्त्र हुन् । युवा बेच्ने नेता हुन् । पार्टी फुटाएरै भए पनि, जातजातिबीच सङ्कीर्णता रेखा कोरेरै भए पनि राजनीतिक अभीष्ट पूरा गर्न खोज्ने वहुराष्ट्रिय राज्यधारीहरू हुन् । फरक विचार राख्नेको गर्धन छिनाल्ने, संस्कृत भाषा पढाएको भन्दै झुण्ड्याएर मार्ने र धार्मिक प्रवचन गर्दा छातीमा गोली हान्नेको नेतृत्वमुनि वसेर पृथ्वीनारायण शाहले जर्ज वाशिङ्गटनले जस्तो वार्ता गरेर एकीकरण गरेनन् भन्नु हास्यास्पद सुनिन्छ ।

पृथ्वीनारायण शाहले काठमाडौं विजयपछि जीवित देवी कुमारीलाई ढोगेर खड्ग साटे । गोर्खामा त कुमारीको प्रचलन थिएन । न उनले शाक्यको छोरीलाई कुमारीवाट हटाएर ठकुरीको छोरी राख्ने प्रथा शुरू गरे, न पराजित राज्यको संस्कृति भनेर तिरस्कार गरे । ढोगेर काठमाडौंको संस्कृतिको सम्मान गरे । जुन आजसम्म पनि निरन्तर चलिरहेको छ । हामी नेपालीलाई आज कुमारी संस्कृति विश्वलाई देखाउँदा गौरव लाग्छ ।

पृथ्वीनारायण शाहले राजवंशलाई निरन्तरता दिए । वरु जर्ज वाशिङ्गटन राजा वनेनन्, राष्ट्रपतीय शासन शुरू गरे भनेर वाशिङ्गटनको जयजयकार र पृथ्वीनारायण शाहको अपमान गरिएको छ । राजाले राजवंशलाई निरन्तरता दिनु स्वाभाविक हो । जर्ज वाशिङ्गटनले राष्ट्रपतीय व्यवस्था लागू गरेर सवैलाई समान व्यवहार गरे भन्न खोजिएको हो भने त्यो कुतर्क हो । राष्ट्रपतीय व्यवस्था लागू गरे पनि महिलालाई मतदानको अधिकार दिए त ? गोरावाहेक अरूलाई मतदानको अधिकार दिए त ? जर्ज वाशिङ्गटनले राष्ट्रपतीय शासनसमतामूलक समाजको लागि होइन श्वेत पुरुष अहङ्कारवादी व्यवस्था ल्याए भन्न मिल्यो कि मिलेन ?

पृथ्वीनारायण शाहले चार जात छत्तीस वर्णको साझा फूलबारी हो भनेर विविधतालाई आत्मसाथ गरिरहँदा उता जर्ज वाशिङ्गटनको आफ्नै घरमा दर्जनौं काला जातिका मानिसलाई दास वनाएरै राखेका थिए । यसको आधारमा पृथ्वीनारायण शाह र वाशिङ्गटनको मानवताप्रतिको चेतनामा आकाश जमिनको फरक थियो भन्न मिल्यो कि मिलेन ?

तर वास्तविकता के हो भने यी २ भिन्न परिस्थितिमा रहेका महान् व्यक्तिहरू थिए । आफ्नो परिस्थितिमा जे गर्दा उत्तम हुन्थ्यो त्यही गरे । पृथ्वीनारायण शाहलाई जर्ज वासिङ्गटनसँग तुलना गर्नु कुनै तुक छैन । दास मानसिकता भएकाहरूको वुद्धिविलासवाहेक यसको उपादेयता केही छैन ।

नेपाल परापूर्वकालदेखि राज्यराष्ट्र मान्यतामा चलिआएको थियो । काठमाडौंका नेवार समुदाय राज्यराष्ट्र सिद्धान्तको जीवन्त उदाहरण हो । जसले जति नै सङ्कीर्णताको रटान लगाए पनि जात, जाति, प्रजाति, नश्ल, भाषा, सम्प्रदायलाई राष्ट्रियता भन्दै राज्य निर्माण गरिएको कुनै पनि उदाहरण छैन । राज्य नै राष्ट्रियताको आधार रहने मूलभूत मान्यता इतिहासदेखि चल्दै आएको छ । वेलावखतका शासकहरूले एउटै भाषा, एउटै भेष भनेर एकल राष्ट्रिय राज्य (राष्ट्र-राज्य) को अभ्यास नगरेको होइन तर त्यो अपवादको रूपमा रहेको थियो । इतिहासमा भएका त्यस्ता घटनाहरूबाट पाठ पढेर नेपालका विविध भाषा, संस्कृति र परम्पराको संरक्षण, प्रवर्द्धन र विकास गर्नुपर्छ ।

नेपालका मौलिक धर्म संस्कृति, भाषा, भेषभुषा र सांस्कृतिक पहिचानको संरक्षण क्याथोलिक र प्रोटेस्टेन्टको द्वन्द्वको उपज वेस्ट फयालियाको सन्धिले स्थापना गरेको एकल राष्ट्रिय राज्य, द्विराष्ट्रिय राज्य र वहुराष्ट्रिय राज्य होइन । हिन्दू, वौद्ध, किरात, बोन, जैन जस्ता नेपालका मौलिक धार्मिक सम्प्रदायले अङ्गीकार गरेको उदार राष्ट्रियताको चिन्तनमा राज्यराष्ट्र सिद्धान्त नै नेपाल राष्ट्र निर्माणको आधार थियो र अवको विश्वले पनि आत्मसात नगरी सुखै छैन ।



पृथ्वीनारायण शाह र उनीसँग सम्बद्ध केही तान्त्रिक सन्दर्भहरू

✍डा. माधवप्रसाद लामिछाने
पूर्वमीमांसा तथा तन्त्रविभाग
नेपाल संस्कृत विश्वविद्यालय

विषयप्रवेश

प्रस्तुत सङ्क्षिप्त आलेखमा पृथ्वीनारायण शाहसँग सम्वद्ध केही तान्त्रिक सन्दर्भहरू प्रस्तुत गर्ने जमर्को गरिएको छ । तन्त्रसाधनाको विषय अत्यन्त गहन र गूढ रहस्यले भरिएको तथा गोप्य राख्नुपर्छ भन्ने मान्यतामा आधारित विषय भएकाले पृथ्वीनारायण शाहले केकस्ता तान्त्रिक साधनाहरू गर्दथे, उनले कोकोसँग तन्त्रदीक्षा लिएका थिए आदि विषयसम्वन्धी समग्र जानकारी उपलव्ध हुन नसक्नु स्वाभाविकै हो तैपनि उपलव्ध जानकारीका आधारमा यस आलेखमा उनीसँग जोडिएका केही तान्त्रिक सन्दर्भहरूको निरूपण गरिन्छ ।

गोरखाको शाहघरानामा तन्त्रसाधनाको पृष्ठभूमि

स्याङ्जा लसर्घाभेगमा प्रचलित अनुश्रुतिअनुसार भारतमा मुगल शासनकालमा मुगल शासकहरूको हिन्दू शासकप्रति रहेको अनुदार व्यवहार र निरन्तर हुने आक्रमण सहन नसकी आफ्नो कुलप्रतीक, राजसी चिनो, निशान, नगरा लिई कुनै राजवंशका पाँच भाइ राजकुमारहरू हालको मध्यप्रदेशको चित्तौरगढवाट नेपाल आइपुगे । कालीगण्डकी तर्न फेरीमा बसेपछि फेरी चलेन र वोटेको सल्लाहअनुसार रिसाएको ओके देवतालाई सुँगुरको वलि दिएपछि फेरी चल्यो र पारि पुगे तर सुँगुरवलि गरी पूजा गर्ने दाजुभाइमध्येको माइलो भाइको जात झिकी त्यहींँको हनुमान्‌लाई चढाई निजलाई जातिच्युत गरियो र ऊ जातवाट मासिएको (घटाइएकाले) मास्की राना वन्यो । त्यसको भोलिपल्ट ती राजकुमारहरू हालको आलमदेवी भनिने ठाउँमा वास वसे । तिनीहरूले आफूसँग ल्याएको साक्षात् कुलदेवीको डोलीलाई वाचावन्धनअनुसार रुखमा अड्काउनुपर्नेमा त्यस दिन सो नगरी भुइँमा नै राखिदिएकाले कुलदेवीले भेष परिवर्तन गरी अलप भइन् । त्यसैले सो घटना र ती देवीको सम्झनामा आज पनि उनी अलप भएको भीसनेपातीको फेद जहाँ प्वाल पनि छ, त्यहीँ नै आलमदेवीको पूजा गर्ने चलन छ । उक्त देवीको पूजा पनि तिनै जातिच्युत गरिएका राजकुमार र तिनका सन्तान हालका मास्की राना मगरले नै गर्ने चलन छ । आलमदेवीलाई ऐतिहासिक समयदेखि शाह र राजपरिवारले समेत कुलदेवता मानेको प्रमाण देखिनु, शाहहरूको प्रथम आगमनक्षेत्र यही हुनु, आलमदेवीको पुजारी मगरहरू नै हुनु र भीमसेनपातीकै वोटमा उक्त आलमदेवीको मन्दिर रहनु आदि तथ्यबाट यसमा सत्यता भएको अड्कल गर्न सकिन्छ । त्यसैकारण स्याङ्जा लसर्घाभेगमा प्रचलित कथामा अलप भएकी आलमदेवीले सपनामा राजकुमारहरूलाई तदुपरान्त गण्डकी प्रदेशका विभिन्न ठाउँमा आक्रमण गरी राज्यकायम गर्न प्रेरणा दिँदै त्यसका लागि आफूले शक्ति दिने वचन दिएकी थिइन् भनिन्छ । त्यसको लगत्तै लसर्घा, गह्रौँ, भीरकोट, नुवाकोट, लमजुङ हुँदै ती राजकुमारहरूको राज्य पूर्वतिर वढेको मानिन्छ । पछि कुलमण्डन खानका छोरा यशोव्रह्मले लमजुङ र यशोव्रह्मका छोरा द्रव्य शाहले गोरखाराज्यमा आफ्नो अधिकार जमाएका थिए । त्यसअनुसार पूर्वोक्त कथामा वताएजस्तै नवआगन्तुक राजकुमारहरूसँग आएकी देवी अलप भएपछि कुनै पुस्तामा भीरकोट गाउँकी कुनै मगरकन्यामा उनको पूर्व आत्मा आरोपित भएको र उनले सपनामा गोरखाका राजा राम शाहलाई आफूलाई गोरखामा लगेर उपासना गर्न प्रेरणा दिएकाले राजाले पुरश्चरण गरेपछि पुतलीको भेषमा देवीले गोरखादरवारमा प्रवेश गरेको मानिन्छ । यसरी हेर्दा नवआगन्तुक राजकुमारहरू र उनका सन्तानले अलप भएकी आलमदेवीलाई उनैको प्रेरणाअनुसार आफ्नी कुलदेवी मानिआएको र सयौं वर्षपछि पनि शाह राजाहरूले स्याङ्जाकी आलमदेवीलाई नै आफ्नी कुलदेवता मानेको देखिन्छ । गोरखाका राजा राम शाहले काशीवाट आएका ब्राह्मण नन्दा मिश्रसँग दीक्षामन्त्र ग्रहण गरेका थिए (पन्त, वि.सं. २०४१, पृ. ८४) नरभूपाल शाहले आफ्ना गुरु गौरीश्वर पाँडेको सल्लाहअनुसार

काठमाडौँ उपत्यकामाथि विजय प्राप्त गर्ने अभिलाषाले चौवीस पटक गायत्री पुरश्चरण गर्ने सङ्कल्प गरेको र गौरीश्वरका जेठा छोरा गोकुलविलासले गुह्येश्वरी तथा दक्षिणकालीमा अनुष्ठान सिध्याई वज्रयोगिनीमा अनुष्ठान गरिरहेको वेला त्यहाँका वज्राचार्य पुजारीले यो कुरा थाहा पाई उनको अनुष्ठान सफल हुन नदिन आभिचारिक प्रयोग गरेकाले उनको अनुष्ठान सफल हुन पाएन र उनको पुरश्चरण एक्काइस पटकमै रोकियो (पूर्ववत्, पृ. २६५) फलतः काठमाडौँ उपत्यकामाथि विजय गर्ने नरभूपाल शाहको सपना उनको समयमा पूरा हुन सकेन । शाह राजाहरू शक्तिको उपासनामा अगाध श्रद्धा राख्दथे । शक्तिकै अनुग्रहवाट राज्य प्राप्त गरेको विश्वास उनीहरूलाई भएकाले आफ्ना राज्यमा शक्तिपीठको स्थापना गर्ने गरेका थिए । गोरखाराज्यको प्रमुख देवीका रूपमा गोरखकालीको प्रतिष्ठा गरिएको थियो ।

पृथ्वीनारायण शाहको तन्त्रसाधनामा प्रवृत्ति

शक्तिउपासनाको यस्तो पृष्ठभूमिमा हुर्किएका पृथ्वीनारायण शाहमा पनि शक्तिको उपासना वा तान्त्रिक साधनाप्रति विशेष श्रद्धा थियो । उनी सधैँ दुर्गाकवच पाठ गर्दथे । गोरखामा पाइएका धेरैजसो ऐतिहासिक पत्रहरूमा भगवती दुर्गाको विशेष मान्यता रहेको देखिएको छ । गोरखाराज्यमा सारिएका ग्रन्थहरूमा सप्तशती चण्डी वा दुर्गासप्तशतीको सङ्ख्या धेरै देखिएकाले भगवती दुर्गा वा चण्डीप्रति गोरखाराज्यमा राजकीय स्तरमा र जनस्तरमा पनि विशेष आस्था रहेको थियो भन्ने देखिन्छ । पृथ्वीनारायण शाहलाई काशीवाट भिकाइएका ब्राह्मण हर्ष मिश्रले गायत्री तथा तान्त्रिक दीक्षामन्त्र दुवै एकै पटक सुनाएका थिए (पूर्ववत्, पृ. २६७) । पृथ्वीनारायण शाहको राज्याभिषेक वि.सं. १७९९ चैत्रशुक्ल रामनवमीका दिन भएको थियो । सो दिन देव्यथर्वशीर्ष पाठपूर्वक उनको राज्याभिषेक गरिएको थियो (योगी नरहरिनाथ, जय गोरखा, अनेकौँका दृष्टिमा राष्ट्रनिर्माता, पृ. २२२) । राज्याभिषेककै दिन सल्यानकोटकी भगवतीको मन्दिरमा तपस्या गरी राती सपनामा देवीको दर्शन पाएर देवीवाट खड्ग वरदान पाई पृथ्वीनारायण शाह नुवाकोट गए भनी योगी नरहरिनाथले लेखेका छन् (पूर्ववत्) । आफ्ना वुवा नरभूपाल शाहले कठमाडौँ उपत्यकामाथि विजय प्राप्त गर्ने अभिलाषाले गायत्री पुरश्चरणको सङ्कल्प गरी एक्काइस पटकसम्म पुरश्चरण गरिसकेपछि यो कुरा थाहा पाई वज्रयोगिनीका पुजारी वज्राचार्यले पुरश्चरण सफल हुन नदिन आभिचारिक कृत्य गरेको कुरा पृथ्वीनारायण शाहलाई पक्कै पनि थाहा थियो होला । त्यसैले पृथ्वीनारायण शाह तन्त्रसाधनाको गूढ रहस्य जान्न र नेपालको एकीकरण गर्ने आफ्नो राजनीतिक अभीष्ट सिद्ध गर्न भक्तपुरका तात्कालिक राजा रणजित मल्लका छोरा वीरनरसिंह मल्लसँग मीत लगाई भक्तपुरमा आई वसे । आफ्ना मीतवुवा रणजित मल्लकहाँ वस्दा पृथ्वीनारायण शाहले तलेजूभवानीको दीक्षा लिनुका साथै कुमारीको हातवाट नीरकमलसमेत प्राप्त गरेका थिए (भट्टराई, वि.सं. २०५७, पृ.२२१) । नुवाकोट नजित्दै पृथ्वीनारायण शाह त्रिशूलीपारि रहेको इन्द्रायणीस्थानमा जपपाठका लागि जान्थे भन्ने उल्लेख दिव्योपदेशमा आएको छ । नुवाकोटमाथि विजय प्राप्त गरेपछि पृथ्वीनारायण शाह शक्तिसंवर्द्धनका लागि नुवाकोट भैरवीका साथै वरपरका देवीदेवताहरूको पूजाहाराधना, अनुष्ठान आदि गर्दथे (मुकुन्द अर्याल, नेपाल एकीकरणमा तन्त्रको प्रयोग, अनेकौँका दृष्टिमा राष्ट्रनिर्माता, पृ. २३३) । पृथ्वीनारायण शाह नुवाकोटको देवीघाटजात्रामा वर्सेनी जालपादेवीको अनुष्ठान गरी मत्स्यवलिको सङ्कल्प गर्दथे । कीर्तिपुरको दोस्रो आक्रमणमा विजयका लागि उनले वाघभैरव र उमामहेश्वरको अनुष्ठान गरेका थिए । सल्यान मखनटाकुरीमा तपस्या गरेर वसेका योगी भगवन्तनाथले त्यहाँ तन्त्रविधिको प्रयोग गरेका थिए (पूर्ववत् पृ. २३४) । वि.सं. १८२५ मा पृथ्वीनारायण शाहले नुवाकोटको भैरवी मन्दिरमा शतचण्डी अनुष्ठान गरेका थिए (योगी नरहरिनाथ, जय गोरखा, अनेकौँका दृष्टिमा राष्ट्रनिर्माता, पृ. २२२) । वि.सं. १८२५ मा इन्द्रजात्राका दिन कान्तिपुरमा विजय गर्नुपूर्व पचलीभैरवको तन्त्रोक्त विधिवाट पूजाअर्चना गरेको, नरदेवीमा विशेष पूजाअर्चना र अनुष्ठान गरिएको थियो (मुकुन्द अर्याल, नेपाल एकीकरणमा तन्त्रको प्रयोग, अनेकौँका दृष्टिमा राष्ट्रनिर्माता, पृ. २३४) ।

उपसंहार

पृथ्वीनारायण शाहले आफ्नो जीवनको अधिकांश समय नेपालको एकीकरण अभियानमा लगाए त्यसैले उनी युद्ध र राजनीतिमै वढी व्यस्त थिए । त्यसै हुनाले उनको विषयमा गरिने अध्ययन पनि यिनै विषयमा वढी केन्द्रित भएको पाइन्छ । ऐतिहासिक सामग्रीको अभावका कारण पनि अन्य विषयमा गरिने अध्ययन अनुमानमा सीमित हुनुपरेको छ । अतः यस विषयमा पनि विद्वान्हरूको ध्यान आकृष्ट होस् र भविष्यमा सङ्गठित रूपमा यस प्रकारको अध्ययन गरियोस् भन्ने मनसायले यो सङ्क्षिप्त आलेख प्रस्तुत गरिएको हो । शिवमस्तु ।

जरो किलो महाअभियानको छैटौं स्थापना दिवस सम्पन्न

काठमाडौं । जरो किलो महाअभियानले छैटौं स्थापना दिवस भव्यताका साथ सम्पन्न गरको छ । युगद्रष्टा गुरु डा. निर्मलमणि अधिकारीले गुरुआमा उर्मिला खनाल अधिकारीसहित २०७२ सालको घटस्थापनाको दिन संकल्प लिनुभएर सोही वर्षको माघशुक्ल पञ्चमी अर्थात वसन्त पञ्चमीका दिन आयोजित स्थापना सम्मेलनमा जरो किलो महाअभियानको स्थापना भएको शंखधोष गर्नुभएको थियो । त्यसपछि तिथि अनुसार प्रत्येक वर्ष वसन्त पञ्चमीमा स्थापना दिवस मनाईदै आएको छ ।

कोभिड महाव्याधिको कारणले विगतमा जस्तो एकै स्थान जम्मा भएर स्थापना दिवस आयोजना नगरिकन स्थानीय स्तरमा सत्संगहरु आयोजना गरी देशव्यापि रुपमा तथा प्रविधिमार्फत अन्तरराष्ट्रिय रुपमा सत्संगहरु आयोजना गरी स्थापना दिवस भव्यताका साथ सम्पन्न भयो ।

स्वास्थ्य मापदण्डलाई पालना गर्दै सिमित व्यक्तिको उपस्थिमा जरो किलो महाअभियानको आयोजनामा स्थापना दिवसको सत्संग जमलस्थित युग निर्माण महिला समाज नेपालको सभाकक्षमा पनि सम्पन्न भयो । सनातन धर्म महासंघ तथा सहृदयता अन्तरराष्ट्रियका अध्यक्षसमेत रहनु भएका संकल्पकर्ता युगद्रष्टा गुरुको अध्यक्षतामा सत्संग सम्पन्न भएको थियो ।

प्रविधिमार्फत प्रत्यक्ष प्रसारण गरिएको सत्संगलाई सम्वोधन गर्नुहुँदै युगद्रष्टा गुरुले जरो किलो महाअभियान आफ्नो निर्दिष्ट लक्ष्यमा तय गरिएको मार्गवाट अविचलित रुपमा अघि वढिरहेको वताउनुभयो । युगपरिवर्तनसँगै युगप्रवर्तनको महान उद्देश्यसहित संस्थापित भएको जरो किलो महाअभियनले आवश्यक संकथनको अभिनिर्माण गरी मूलप्रवाहीकरण गरिसकेको र विभिन्न विशिष्टीकृत संस्थाहरु मार्फतवाट महाभियानको संस्थानीकरण पनि भइसकेको वताउनुभयो । करिव एक दशक जरो किलो महाअभियानको वारेमा देशभरका जनसाधारणमा सन्देश पुर्याउन लाग्ने कुरा स्थापना सम्मेलनवाटै तय भएको वताउनु हुँदै यस कार्यलाई तीव्रताका साथ सुसम्पन्न गर्न सम्पूर्ण अभियानकर्ताहरुको ध्यानाकर्षण पनि गर्नुभयो ।

स्थापना दिवसमा शुभकामना व्यक्त गर्नुहुँदै जरो किलो महाअभियानका संस्थापक उपाध्यक्ष डा. गोविन्दशरण उपाध्यायले शिक्षित, प्रशिक्षित र दीक्षित जरो किलो महाअभियानका विशिष्ट नेतृत्व तथा अभियानकर्ताहरु पुनर्जागरणका सशक्त योद्धाका रुपमा समाजमा सुस्थापित भइसकेको वताउनुभयो । मौलिक ज्ञानधाराको पुर्जागरण हेतु निष्काम कर्म गरी समाजका सवै तहमा जागरण ल्याउन अभियानकर्ताहरु हरदम क्रियाशिल रहेको कारण महाअभियान सनिश्चित विजयको पथमा रहेको उहाँले वताउनुभयो ।

नेपाली नेपाल भाषा मैथिली भोजपुरी



डा. निर्मलमणि अधिकारीद्वारा लिखित राज्यराष्ट्र अवधारणा र सिद्धान्त नेपाली, नेपाल भाषा, मैथिली, भोजपुरी भाषामा तथा सहृदयता दर्शनको प्राक्कथन पुस्तक

सहृदयता समाज नेपाल

सम्पर्क : ०१ -४२२१५५५

९८४१७९५०७३

नेपालका चौँसट्ठी ज्योतिर्लिङ्ग पुस्तक लोकार्पित

काठमाडौँ । हिमवत् आर्ष प्रज्ञाले शिक्षाविद् प्रा. डा. विद्यानाथ कोइरालाको नेपालका चौँसट्ठी ज्योतिर्लिङ्ग (लोकलयमा) पुस्तकको प्रकाशन गरी लोकार्पण गरेको छ ।



माघ ८ गते स्व. चित्रप्रसाद सुवेदीको स्मृतिदिवसका उपलक्ष्यमा सो पुस्तक लोकार्पित भएको हो । प्रविधिका माध्यमले जुमसञ्जालवाट संस्थाका अध्यक्षा कल्पना सेवानी घिमिरेको सभापतित्वमा सञ्चालन गरिएको उक्त कार्यक्रम संस्थाका पण्डितहरूको वैदिक मङ्गलाचरण र संस्थाका सदस्यसचिव श्यामकृष्ण सुवेदीको स्वागत मन्तव्यवाट आरम्भ भएको थियो । सह प्रा. डा. मुकुन्दप्रसाद लामिछानेद्वारा सञ्चालित उक्त कार्यक्रममा प्रमुख अतिथि महेश संस्कृत गुरुकुलका पीठाधीश १००८ स्वामी रमणानन्दज्यूवाट सो पुस्तकको लोकार्पण भएको हो ।

हिमवत् आर्ष प्रज्ञाले आफ्नो तृतीय वाक्पुष्पका रूपमा प्रकाशित उक्त पुस्तकको समीक्षण गर्दै विशिष्ट अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति प्राज्ञ डा. जगमान गुरुङले लोकलयमा नेपालका ज्योतिर्लिङ्गहरूको महिमा वर्णन गर्नुलाई सह्राहनीय कार्यका रूपमा चित्रण गर्नुभयो । उहाँले ज्योतिर्लिङ्गहरू राष्ट्रका किल्ला, सर्वधर्मसमन्वयका कडी र जातीय संस्कृतिका एकतासूत्र भएका कारण यिनको संरक्षणमा तदारुकताका साथ लाग्नुपर्नेमा जोड दिनुभयो। शिवलिङ्गहरू शिवलिङ्ग मात्र नभई नेपालको अस्मिता र सांस्कृतिक पहिचानका आधार पनि हुन् भन्दै उहाँले श्रद्धा र विश्वासका साथ ज्योतिर्लिङ्गको उपासना गर्नाले धन, ज्ञान, विद्या र आयु थपिने र जस्तासुकै समस्याले पनि समाधानको बाटो पाउने कुरा प्रत्यक्ष अनुभव सुनाउँदै स्पष्ट पार्नुभयो ।

विशिष्ट अतिथि जरोकिलो अभियानका सङ्कल्पकर्ता सह प्रा. डा. निर्मलमणि अधिकारीले हाल नेपालमा रहेका गुरुकुलहरूको सङ्ख्या र धर्मसंस्कृतिप्रति हाल देखिने गरेको जनचासोलाई आधार मानेर नेपाल अहिले धार्मिक र सांस्कृतिक हिसावले पुनर्जागरणको युगमा रहेको कुरा उल्लेख गर्दै हिमवत् आर्ष प्रज्ञाको कार्यलाई त्यही पुनर्जागरणमा टेवा दिने कार्य भनी सह्राहना गर्नुभयो । पुस्तकका सर्जक प्रा. डा. विद्यानाथ कोइरालाले आफ्नो सानो कामको ठूलो प्रशंसा भएको भन्दै सम्वन्धित क्षेत्रका विद्वान् विदुषीलाई झक्झक्याउनमात्र खोजेको कुरा स्पष्ट पार्नुभयो । स्व. चित्रप्रसाद सुवेदीका पुत्र भारद्वाज मित्रले आफ्ना पिताले धर्मसंस्कृतिसंरक्षणमा गर्नुभएको योगदानको स्मरण गर्दै यो पुस्तकलाई नौमती बाजाका साथ सङ्गीतवद्ध गर्ने प्रतिज्ञासमेत गर्नुभयो ।

प्रमुख अतिथि श्री १००८ स्वामी रमणानन्द गिरिज्यूले नेपालका तीर्थस्थलहरूको वैज्ञानिक अनुसन्धान हुनुपर्नेमा जोड दिँदै ज्योतिर्लिङ्गहरू सवैका आस्थाका प्रतीक हुन् भन्ने कुरा सवैले वुझ्नुपर्ने विचार प्रकट गर्नुभयो । नेपाल देवताहरूको देश भएको तथ्यलाई इङ्गित गर्दै उहाँले सबै सिद्धस्थलहरूको विधिवत् आराधना हुनुपर्नेमा जोड दिनुभयो । सभापति कल्पना सेवानी घिमिरेले संस्थाका उद्देश्यहरूको जानकारी दिँदै आफ्नो उद्देश्यअनुरूपको पुस्तक प्रकाशन गर्न पाउँदा लेखकप्रति आभार व्यक्त गर्दै उपस्थित सवैमा धन्यवाद ज्ञापन गरी सभाविसर्जन गर्नुभयो ।

मौलिक जरोकिलो पार्टीको महाधिवेशन स्थगित

काठमाडौँ । मौलिक जरोकिलो पार्टीको दोस्रो केन्द्रीय महाधिवेशन अर्को सूचना नभएसम्मको लागि स्थगित गरिएको छ । कोरोना सङ्क्रमणको महाव्याधिको कारण नेपाल सरकारले जारी गरेको स्वाश्थ्य मापदण्डलाई ध्यानमा राख्दै उक्त निर्णय गरिएको हो ।

केन्द्रीय महाधिवेशन २०७८ माघ २० देखि २२ गतेसम्म काठमाडौँमा आयोजना गर्ने तय गरिएको थियो । पार्टीको सर्वोच्च परिषद्को २०७८ माघ २ गते वसेको वैठकले उपरोक्त निर्णय गरेको हो ।

शहीद सप्ताह विशेष सत्सङ्ग सम्पन्न

काठमाडौं । मौलिक जरोकिलो पार्टीले अमर शहीद शुक्रराज शास्त्रीले शहादत प्राप्त गर्नुभएको दिन पारेर माघ १० गते सम्पूर्ण शहीदहरुमा श्रद्धाञ्जली अर्पण गर्दै शहीद सप्ताह सत्संग सम्पन्न गरेको छ । शहीद सप्ताहको पहिलो दिन नेपालको पुनर्जागरणका नायक तथा शहीद शुक्रराज शास्त्रीको व्यक्तित्व र योगदानको चर्चा गर्दै पार्टीले शहीद सप्ताह सत्संग सम्पन्न गरेको हो ।

सत्संगमा सभाध्यक्षको आसनवाट वोल्दै पार्टीका अध्यक्ष सुशील गौतमले नेपालको पुनर्जागरण हेतु शुक्रराज शास्त्रीले नेपालवाट वेनवादी राणा शासनको तमसको अन्त्य गर्न आफ्नो जीवन वलिदान गर्नुभएको वताउनुभयो । मौलिक जरोकिलो पार्टी नेपाललाई कपूतन्त्रको तमसवाट मुक्त गराउन लागिपरेको एकमात्र मौलिकतामा आधारित नेपाली पार्टी भएको कारण शुक्रराज शास्त्रीले अवलम्वन गरेको विचारको उत्तराधिकारी शक्ति भएको वताउनुभयो । युगद्रष्टा गुरु डा. निर्मलमणि अधिकारीले पृथ्वीनारायण शाह हुँदै शुक्रराज शास्त्री तथा योगी नरहरीनाथ लगायतका पुनर्जागरणका संवाहकहरुले कोर्नु भएको मार्ग चित्रलाई निकर्षमा पुर्याउँदै नेपाल र समग्र हिमवत्खण्डकै पुनर्जागरणको अवधारणा, दर्शन र सिद्धान्तको सुस्पष्ट खाका तयार परिसक्नु भएको वताउनुभयो ।

शहीदहरुलाई सम्झेर उहाँहरुको योगदान र उत्सर्गलाई मुल्यांकन गर्दै त्यसवाट शिक्षा लिएर अनुशरण गर्न प्रेरणा लिनुपर्ने उल्लेख गर्दै पार्टीका उपाध्यक्ष वलराम प्रजापतिले वेदका ज्ञाता शुक्रराज शास्त्री हिजावादी नभएर मौलिकतामा रहेका जडतामा सुधार ल्याउनु हुने स्थितिगत्यातमक प्रगतिवादी भएको वताउनु भयो ।

केन्द्रीय सदस्य प्रकाश श्रेष्ठले अमर शहीद शुक्रराज शास्त्रीका साथै धर्मभक्त माथेमा, दशरथ चन्द, गंगालाल श्रेष्ठ लगायतका शहीदहरु नेपालको वर्तमानको विशृंखलतायुक्त समाज वनाउनको लागि शहीद भएको नभएर नेपालका मौलिक प्रतिमानको पुनर्जागरणको मूलप्रवाहीकरण गरी नेपाललाई विकशित र संसारकै अग्रणी राष्ट्र वनाउने सपना साकार वनाउन आफ्नो जीवन वलिदान गर्नुभएको वताउनुभयो । कपूतन्त्रे सिद्धान्तको प्रभावका कारण आज शहीदहरुको पनि जातको आधारमा वर्गीकरण गरिनु अशोभनीय भएको वताउनु भयो । सत्संगलाई सम्वोधन गर्दै केन्द्रीय सदस्य अरुण पौडेलले कुरीतिका रुपमा रहेका जातीयविभेद, छुवाछुत लगायतका कुसंस्कार हताएर मौलिकतामा सुधार गरेर त्यसको मूल प्रवाहीकरणमा शास्त्रीले जोड दिनुभएको वताउनुभयो ।

गुरुकुलमा शिक्षित, प्रशिक्षित र दीक्षित हुनुभएका शहीद शास्त्री नेपालमा नागरिक सर्वोच्चता स्थापित गर्न नागरिक अधिकार समिति गठन गरेर नेपालमा निरंकुश राणाशासनको अत्याचारको अन्त्य गर्न जनजागरण अभियानको थालनी गर्नु भएको केन्द्रीय सदस्य नम्रता उप्रेतीले वताउनुभयो । उहाँले शहीदहरुको नामका साथै उहाँहरुको सत्कर्मको पनि स्मरण गर्दै त्यसवाट प्रेरणा लिनु पर्नेमा जोड दिनुभयो ।

पार्टीको अन्तरराष्ट्रिय समन्वय समितिका सचिव राजन अधिकारीले शहीदहरुले लोकहीतको लागि पुर्याउनु भएको योगदानलाई स्मरण गरेर प्रेरणा लिने प्रण गर्नुपर्ने वताउनुभयो । सत्संगमा प्राविधि संयोजन गर्नुभएका यमनाथ उपाध्यायले हुतात्मा शुक्रराज शास्त्रीले दर्शन, साहित्य र भाषाको क्षेत्रमा पनि योगदान पुर्याउनु भएको स्मरण गर्नुभयो । सीमित संख्याको भौतिक उपस्थितिमा पार्टीको सम्पर्क कार्यालयमा सम्पन्न सत्संगमा अधिकांश सहभागीहरु प्रविधिमार्फत जोडिनु भएको थियो ।

सत्संग पूर्व शहीद शुक्रराज शास्त्रीले सहादत प्राप्त गर्नुभएको स्थान पचलीमा निर्मित उहाँको प्रतिमामा जरोकिलो पार्टीले श्रद्धाञ्जली अर्पण गरेको थियो । कोरोना महाव्याधिलाई मध्यनजर गर्दै पार्टीको तर्फवाट प्रतिनिधित्व गर्दै केन्द्रीय सदस्य प्रकाश श्रेष्ठको नेतृत्वमा लुम्विनी प्रदेश सचिव फत्तेसिङ डाँगी र लुम्विनी प्रदेश सदस्य दुर्गा थापा श्रद्धाञ्जली कार्यक्रममा सहभागी भएका थिए ।

राष्ट्रिय धार्मिक सहृदयता सम्मेलन २०७८ सम्पन्न

काठमाडौं । राष्ट्रिय धार्मिक सहृदयता सम्मेलन कात्तिक २५ गते झापा जिल्लाको विर्तामोडमा सम्पन्न भएको छ ।

जरो किलो प्रतिष्ठान नेपालको आह्वानमा सनातन वैदिक हिन्दू, बौद्ध, किरात, बोन, जैन, शिख, प्रकृतिपूजक लगायत नेपालका मौलिक धार्मिक सम्प्रदायहरूको समन्वय, सामञ्जस्य र सहृदयताको सम्वन्ध निर्माण गर्ने उद्देश्यले वि.सं. २०७४ सालदेखि प्रत्येक वर्ष राष्ट्रिय धार्मिक सहृदयता सम्मेलन आयोजना हुँदै आएको छ ।

यस पटकको राष्ट्रिय धार्मिक सहृदयता सम्मेलन जरो किलो प्रतिष्ठान नेपाल, राष्ट्रिय हिन्दू एकता मञ्च नेपाल र सनातन धर्म महासङ्घ नेपालको आयोजना र सहृदयता समाज नेपाल र युगनिर्माण महिला समाज नेपालको सह-आयोजनामा सम्पन्न भएको छ ।

सहृदयता समाज नेपालका अध्यक्ष तथा राष्ट्रिय धार्मिक सहृदयता सम्मेलन २०७८ का संयोजक आचार्य तिलकप्रसाद लुईंटेलको सभापतित्वमा सम्मेलन आयोजना भएको हो । सम्मेलनलाई सम्बोधन गर्नुहुँदै जरो किलो महाअभियानका सङ्कल्पकर्ता तथा सनातन धर्म महासङ्घका अध्यक्ष युगद्रष्टा डा. निर्मलमणि अधिकारीले नेपालका मौलिक रैथाने धर्म समुदायहरू मूलतः सहृदयी भएको कारणले नै आजसम्म नेपालमा विविधता कायम रहेको बताउनुभयो । दुई फक्लेटे चिन्तन बोकेका र अतिक्रमणकारी पराई सम्प्रदायलाई पनि सहृदयताको दिव्य भाव रैथाने समुदायले नै बुझाउनु पर्ने जिम्मेवारी रहेको उहाँले बताउनुभयो ।

किरात धर्मका तर्फवाट मन्तव्य राख्नु हुँदै प्रसाद सुब्बाले मौलिक धर्महरूमा फुट ल्याउन वाह्य चलखेल बढेकोले रैथाने समुदायहरू एकजुट भएर वाह्य चलखेलको प्रतिरोध गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । जैन धर्मका प्रतिनिधि सुशील जैनले जैन धर्मको परिचय दिंदै एक आपसमा सहृदयताको भाव विकास गर्नुपर्ने बताउनुभयो ।

१००८ स्वामी भागवताचार्य महाराज श्रीले जरो किलो महाअभियान पूर्ण तयारीका साथ अघि बढेको बताउनुहुँदै यसले लिएको सङ्कल्प निश्चित रूपमा सफल हुने बताउनुभयो । सबै मौलिक धर्मले आपसी फुट र वैमन्स्यतालाई त्याग्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

सम्मेलनको औचित्य प्रष्ट पार्दै राष्ट्रिय हिन्दू एकता मञ्चका अध्यक्ष इन्द्रप्रसाद ओलीलले सनातन धर्मभित्रका विकृतिहरूलाई हामी आफैं अग्रसर भएर हटाउने पहल गर्नुपर्ने बताउनु भयो । सम्मेलनलाई सम्वोधन गर्नुहुँदै श्याम लेप्चाले अल्पसङ्ख्यकहरूलाई पनि सम्मान गर्ने संस्कार मौलिक धर्महरूमा मात्रै रहेको बताउनु भयो ।

सम्मेलनमा सहृदयता समाज नेपालका संस्थापक अध्यक्ष वलराम प्रजापति, जरो किलो प्रतिष्ठान नेपालका संस्थापक सदस्य टङ्का उप्रेती, सहृदयता समाज नेपालका आजीवन सदस्य प्रकाश श्रेष्ठ, युग निर्माण महिला समाज नेपाल १ नं प्रदेश संयोजक चन्द्रकला दाहाल, युग निर्माण महिला समाज नेपाल १ नं प्रदेश सदस्य रोमादेवी निरौला, सनातन धर्म महासङ्घका सचिव रिना रेग्मी, शितला मन्दिरका प्रमुख मैया माताज्यू, आनन्द समाज झापाका शिवशङ्कर शर्मा, सरस्वती कन्या गुरुकुलकी संस्थापक विदुषी वृन्दादेवी वराल, धार्मिक अभियानकर्ता राजेश यादव, महन्त सत्यनारायण दास तथा अर्जुनकुमार भट्टराईलगायतले सनातन धर्महरूका विविध पक्षकावारेमा चर्चा गर्दै मौलिक रैथाने धर्म वीचको सहृदयता प्रवर्धनमा जोड दिनुभयो ।

यसअघि काठमाडौंमा आयोजना हुँदै आएको राष्ट्रिय धार्मिक सहृदयता सम्मेलन पहिलोपटक मोफसलमा आयोजना गरिएको हो

स्वदेशको ऊर्जा खपत गरौं, राष्ट्रको समृद्धिको सम्वाहक वनौं ।
नेपालको मौलिक विद्युतीय ऊर्जाको प्रयोग गरी सञ्चालन हुने विद्युतीय सवारीको प्रवर्द्धन गरौं ।

विद्युतीय साधन नै किन ?

सस्तो : पेट्रोलबाट चल्ने स्कुटरको तुलनामा आधा मूल्यमा विद्युतीय स्कुटर उपलब्ध छ ।

मितव्ययी : घरमै उपलब्ध बिजुलीले चार्ज गरी चलाउन सकिन्छ । दैनिक १० रूपैयाँमा ५० किलोमिटर गुड्न सकिन्छ ।

कम मर्मत : पेट्रोल स्कुटरमा जस्तै घर्षणहुने र फेर्नुपर्ने पार्टपुर्जा नहुने भएकाले मर्मतको खर्च खासै हुँदैन । नियमित सर्भिसिङ्ग आवश्यक छैन ।

अर्थतन्त्र टेवा : नेपालको कूल बजेटको करिव २५ प्रतिशत रकम विदेशबाट पेट्रोलियम पदार्थको आयतमा खर्च हुन्छ । नेपालको मौलिक ऊर्जा जलविद्युतको खपत बढाएर इन्धनको आयत घटाउन सकिन्छ ।

प्रदूषणरहित : पेट्रोलियम पदार्थबाट चल्ने सवारी साधनले उत्सर्जन गर्ने कार्वोनडाइअक्साइड लगायतका हरित ग्यासको कारणले विश्वको तापमान वृद्धि भएर अनेकौं नकारात्मक पर्यावरणीय असरहरू परेका छन्। अतिवृष्टि, अनावृष्टि, समुद्र सतह वृद्धि, हावाहुरी, चक्रवात लगायतका प्राकृतिक प्रकोप बढ्दो छ । विद्युतीय सवारीको प्रयोगले पर्यावरणमा सकारात्मक प्रभाव पार्छ ।

मौलिक उर्जा : नेपाल जल विद्युतमा विश्व कै दोस्रो धनी राष्ट्र हो । पूर्ण क्षमतामा उत्पादन भएमा नेपालले बिजुली निर्यात पनि गर्न सक्छ । तर कच्चा पदार्थका रूपमा रहेको बिजुलीलाई सवारी साधन लगायतका क्षेत्रमा प्रयोग गरी नेपालभित्रै अधिकतम् प्रयोग गर्न सक्नु नेपालको लागि हितकारी हुन्छ ।

अत्याधुनिक प्रविधि : नयाँ प्रविधिमा आधारित भएको कारणले विद्युतीय सवारी सधानमा विश्वभर नयाँनयाँ अनुसन्धान र अविष्कार भइरहेका छन्। यसले गर्दा आगामी दिनमा यसको प्रविधिगत सुधार र यसको मूल्य अझै कम हुँदै जाने भएकोले व्याट्री अझै सस्तो हुँदै जाने छ ।

वाहन

वाहन अटो इन्टरप्राइजेज

कमलविनायक, भक्तपुर-१०

९८४००७६९७७, ९८४१७९५०७३

विभिन्न नयाँ ब्राण्डका विद्युतीय स्कूटर तथा मोटरसाइकल पाउनुका साथै स्पेयर पार्टस पनि उपलब्ध छन् ।

प्रो. राजकुमार लाखेमरु

९८५१०४६३०६

श्वेत भैरव फिक्स ईट्टा उद्योग

ताथली (गबुं), भक्तपुर, फोन : ०१-५०९१६६८

नेपालको मौलिक ईट्टा उत्पादन प्रविधि अब्बल भएकै कारणले हाम्रा सम्पदाहरू अहिले पनि हामी माझ सदाबहार सुन्दर भएर उभिएका छन् । हामीले नेपालको मौलिक ईट्टा उत्पादन प्रविधिमा आधुनिक विज्ञानको सुसंयोजन गरी कम लागत तथा न्यूनतम् कार्बोन उत्सर्जन गरी गुणस्तरीय ईट्टा उत्पादन गर्ने नयाँ जिगज्याग प्रविधि र सिंगल फायरम्यान प्रविधि (Zig Zag Technology and Single Fireman Technology) को विकास गरेका छौं । स्वदेश तथा दक्षिण एसियाका विभिन्न मुलुकमा यस प्रविधिको प्रवर्धन गर्न पनि सफल भएका छौं । पर्यावरण मैत्री प्रविधिको प्रयोग गरी स्वेत भैरव फिक्स ईट्टा उद्योगबाट उत्पादित गुणस्तरी ईट्टाको प्रयोग गरी आफ्नो निर्माणलाई दिगो र सुरक्षित बनाऔं ।

SHAKHA®
Quality is our Identity

SHAKHA METAL UDHYOG

Chagunarayan-9, Bhaktapur, Nala Road,

Mobile: 9851180979, 9841380979, 9861760211

Quality is our Identity,अर्थात गुणस्तर नै हाम्रो पहिचान हो भन्ने उद्देश्यका साथ उत्पादित SHAKHA ब्राण्डको घरयासी प्रयोजनको लागि आवश्यक पर्ने देखि कुनै पनि वित्तीय संस्था, बैंक, फाइनान्स, बचत तथा ऋण सहकारी संस्था लगाएत सुनचाँदी पसलको लागि आवश्यक पर्ने ११0 के.जी. देखि १000 के.जी सम्मको सिंगल डोर तथा डबल डोरको फायरप्रुफ सेफ आफ्नो डिजाइन अनुसार बनाउनु परेमा साथै कुनै पनि स्कूल, कलेज, विभिन्न संघ-संस्थालाई आवश्यक पर्ने विश्वासिलो र भरपर्दो स्टील फर्निचरको लागि साख मेटल उद्योगलाई सम्झनुहोस् ।

डिजिटल प्रिन्टलिंक

कमलविनायक-१०, भक्तपुर । ☎: ०१-६६२०५५५



Book and Magazine

Brochure and Prospectus

Visiting Card & Id Card

Certificate and Flex banner

Flex Banner

Invitation Cards

Design, Print and Binding & Other printing works...